# ठाकुरबाबा नगरपालिका, बर्दिया

## गुरुयोजना

## २०७५-२०९५




२०७६ बैशाख २९ गतेको नगरसभाबाट स्वीकृत

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
प्रदेश नं. ५, नेपाल

# ठाकुरबाबा नगरपालिका
# गुरूयोजना २०७५-२०९५

©सर्बाधिकार ठाकुरबाबा नगरपालिकामा निहित

**प्रकाशन प्रति** : ५०० प्रति

**डिजाइन/लेआउट** : शिवराज साहु / दीपक कुमार मोदनवाल

**मुद्रण** : शंकर प्रिन्टिङ प्रेस, नेपालगन्ज-२, बाँके
**फोन नं.** : ०८१-५२७२६०
**इमेल** : shankarpress95@gmail.com

**प्रकाशक**

**ठाकुरबाबा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
सैनबार, बर्दिया
प्रदेश नं. ५, नेपाल
फोन नं.०८४-४०३१९६/९८५८०७२१११
इमेल : info@thakurbabamun.gov.np
thakurbabamun@gmail.com
Audio Notice Board : १६१८०८४४०३११६
वेभसाइट : www.thakurbabamun.gov.np



# राष्ट्रिय गान

सयौं थुङ्गा फुलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ।।
प्रकृतिका कोटीकोटी सम्पदाको आंचल ।
वीरहरुका रगतले स्वतन्त्र र अटल ।।
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।
बहुल जाती भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।




# Thakurbaba MP
## Land System

0 2 4 KM

**Scale 1:100,000**

**Vertical Datum**
Mean Sea Level India

**Horizontal Datum**

Spheroid: ........................................ Everest 1830
Projection : ..... Modified Universal Transverse Mercator
Origin:............... Longitude 87° East, Latitude 0° North
False co-ordinates of origin: ............ 500 000m Easting
0m Northing
Scale factor at Central Meridian: .................... 0.9999

### Notes

This Land System map is prepared by updating and sub-classification of LRMP Land System land units into land type sub-units at 1:10,000 scale characterized by land form, cultivation terrace levels, terain slope, parent material and soil texture. Land form units are delineated using Digital Terrain Analysis technique and visual interpretation of WorldView-2 Imagery.

### Legend

MP/RMP Boundary

Land System

1a, 1b, 1c, 1d, 2a, 2b, 2c, 2d, 3a, 3b, 3c, 3d, 4a, 4c, 5b

*Government of Nepal*
*Ministry of Land Reform and Management*
*National Land Use Project, Kathmandu*

प्रदेश सरकार
प्रदेश नं. ५
बुटवल, नेपाल

मुख्यमन्त्री

# शुभकामना

ठाकुरबाबा नगरपालिकाले नगरको २० वर्षे गुरुयोजना तयार गरी प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ ।

गुरुयोजनाले विकासलाई सही ढंगले अघि बढाउन दिशानिर्देश गर्छ । आवश्यकता र महत्वको पहिचान गर्छ, संभावनाको खोजी गर्न बाटो देखाउँछ । विकासका प्राथमिकता निर्धारण गर्दै अघि बढ्न मार्गनिर्देशन गर्दछ । विकास प्रक्रियालाई नतिजामुखी बनाउने उद्देश्यका साथ ठाकुरबाबा नगरपालिकाले २० वर्षे गुरुयोजना तयार गरेकाले लक्षित उद्देश्य हासिल हुने मैले विश्वास लिएको छु ।

हाम्रो प्रदेशको महत्वपूर्ण पर्यटकीय गन्तव्य बर्दिया राष्ट्रिय निकुञ्जको काखमा रहेको ठाकुरबाबा नगरपालिकामा पर्यटकीय संभावना धेरै छन् । पर्यटन पूर्वाधार विकास गर्न सके हामीले धेरै लाभ हासिल गर्न सक्छौ । पर्यटन पूर्वाधार लगायतका काम अघि बढाउँदा स्थानीय मौलिकता नमासिने र समुदायले लाभ लिने ढंगले अघि बढाउन ध्यान दिनुपर्छ । नगरको २० वर्षे गुरुयोजनाले यो विषयलाई आत्मसात गरेको विश्वास लिएको छु ।

अन्त्यमा,ठाकुरबाबा नगरपालिकाले तयार गरेको गुरुयोजना व्यवहारिक रुपमा कार्यान्वयन हुन सकोस्, नगरपालिकाको समग्र विकास प्रक्रिया सही ढंगले अघि बढ्न सकोस् । र, अरुका लागि पनि अनुकरणीय हुन सकोस्, यही शुभकामना व्यक्त गर्दछु ।

....................
शंकर पोखरेल
मुख्यमन्त्री

# जिल्ला समन्वय समितिको कार्यालय
## बर्दिया, गुलरिया
### ५ नं. प्रदेश नेपाल


प.स. २०७५/०७६ | मिति :- २०७६/०४/०४
च.नं.

समृद्धिका लागि जनसहभागिता भन्ने आदर्श वाक्यांशका साथ नगरपालिकाको साझा भावना र चाहानालाई पुरा गर्न सबै पक्षको सहभागिताबाट नै ठाकुरबाबा नगरपालिकाले २० वर्षे गुरु योजना तयार गरि कार्यान्वयन गर्न लागेको अवसरमा समग्र नगरबासी र निर्वाचित स्थानिय सरकारको रुपमा रहनु भएका सबै नगरकार्यपालिका र नगरसभाका पदाधिकारीहरु प्रति हार्दिक बधाई दिन चाहन्छु ।

समाज परिवर्तनका संवाहक नेपाली जनक्रान्ती अर्थात् संघिय लोकतान्त्रिक गणतन्त्रलाई आजको अभुतपूर्व उचाईमा पुऱ्याउन २००७ सालको क्रान्ती २०४६ सालको जनआन्दोलन १० वर्षे जनयुद्ध २०६२/०६३ को जनआन्दोलनका साथै थरुहट र मधेश आन्दोलन लगायत जनस्तरबाट भए गरेका सबै जनसंघर्षबाट जनचाहना अनुरुपको संविधानको निर्माण पछि नागरिकहरुको भावना र चाहना पुरा गर्न संघियताको महत्वपूर्ण आधारका रुपमा रहेको स्थानिय सरकार र स्थानिय सरकार संचालनका लागि आधारभूत आधारशिला तयार भएको गौरबपूर्ण अवसरलाई योजनावद्ध कार्यान्वयन गरी सिद्ध गर्न गरिएको सत्प्रयासका क्रममा लाग्नु हुने सहयोगी मन तथा कृयाशिलहरु प्रति आभार र धन्यवाद प्रकट गर्दछु ।

स्थानिय सरकार संचालनको छोटो अवधिमा संघियताको महत्वपूर्ण आधारका रुपमा रहेको स्थानिय सरकारले **हाम्रो नगर र राम्रो नगरको** नारालाई कार्यबाट नै सिद्ध गर्न नगरपालिकाको आफ्नै गुरु योजना तयार गरी विकास र सुशासनको सुस्पष्ट दृष्टिकोण सहित आफूलाई अग्रसर गराएको बर्दिया जिल्लामा संभवत ५ नं. प्रदेशमा नै पहिलो नगरपालिका हो । यसबाट अध्ययन तथा खोजकर्तालाई समेत महत्वपूर्ण स्वअध्ययन सामाग्री हुनसक्छ भने नगरको समग्र विकासलाई मूर्त रुप दिन कोसेढुङ्गा सावित हुन सक्दछ । गुरु योजना निर्माणमा जुटेका सबै सहयोगी हातहरु र कृयाशिल मनहरु यसको कार्यान्वयनमा पनि सँगसँगै जुट्नु हुने अपेक्षा सहित गुरु योजनाको सफल कार्यान्वयनबाट नगरको र नगरबासिको भावना र चाहना पुरा हुने अपेक्षा सहित शुभकामना प्रकट गर्दछु ।

प्रमुख

शंकर प्रसाद थारु (शेखर)
प्रमुख
जिल्ला समन्वय समिति बर्दिया

# दुई शब्द

आफुले चुनेका जनप्रतिनिधीहरु मार्फत संविधान लेख्ने विगत ६५ वर्षदेखिको निरन्तर चाहना प्राप्ती पश्चात वर्तमान नेपालको संविधानले नेपाललाई संघीय संरचनामा संरचित गरेर स्थानीय तहहरुलाई एक स्वशासित, अविछिन्न उत्तराधिकारवाला स्थानीय सरकारको रुपमा स्थापित गरेको छ । राज्यको पुनर्संरचना सँगसगै स्थानीय स्तरको कानुन एवं नीति निर्माण लगायत समग्र विकासको जिम्मेवारी स्थानीय तहमा आएको छ । जानेर गर्न सक्नेका लागि यो एक ऐतिहासिक अवसर पनि हो र यस अवसरको सदुपयोग गरेर समग्र नगरको सकारात्मक रुपान्तरण हाम्रो दायित्व, जिम्मेवारी र कर्तव्य हो । यो कर्तव्यलाई योजनाबद्ध ढंगले पुरा गर्न ठाकुरबाबा नगरपालिकाले जनसहभागितामा आधारित २० वर्ष गुरुयोजना बनाई कार्यान्वयन गर्न लागेको अवसरमा मलाई गौरवको अनुभूति भएको छ । योजना निर्माण गर्नु आफैमा एउटा जटिल प्रक्रिया हो, त्यसमा पनि २० वर्ष पछिको उन्नत समाजको सपनालाई सार्थक बनाउने दिर्घकालिन योजना बनाउनु झनै जटिल विषय हो । जटिल हुँदा हुँदै पनि बाटो नपहिल्याई गन्तव्यको सफलता प्राप्त हुँदैन भन्ने ठहर गरी योजना निर्माणलाई प्राथमिकतामा राखि नगरपालिकाका हरेक कार्य थालनी भएका छन । तीन तहको सरकार मध्ये जनताको दिनानुदिनका आवश्यकता, समस्या र अवस्थासँग प्रत्यक्ष रुपमा सरोकार र साझेदार गर्ने सरकारको रुपमा स्थानीय सरकार रहेको छ । यसका सामु स्थानीय विकास र समृद्धिका महत्वपूर्ण जिम्मेवारीहरु रहेका छन् ।

ठाकुरबाबा नगरपालिकालाई मुलुककै उत्कृष्ट नगरको रुपमा विकास गर्न यहाँका नागरिकहरुको दक्षता तथा क्षमतामा अभिवृद्धि गरी सामाजिक तथा आर्थिक विकासका नयाँ अवसरहरु सिर्जना गरेर जनसहभागिता तथा विपतिय सुरक्षामा आधारित द्रुत तथा दिगो विकासका माध्यमले नागरिकको गुणस्तरीय जीवनको सुनिश्चितता हुने गरी यस दिर्घकालिन विकास योजनामा **"समृद्धिको लागि जनसहभागिता"** अभियान सञ्चालन गरिएको छ ।

नेपालको संविधानले निर्दिष्ट गरेका व्यवस्थाको सदुपयोग गर्दै, स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनहरुको समुचित व्यवस्थापन र सदुपयोग गरी समुदायमा आधारित संघ संस्थाहरु (CBOs), गैर सरकारी संघ संस्थाहरु (NGO/INGO), व्यापारिक प्रतिष्ठानहरु, निजी संघसंस्था, विकास साझेदारहरु, छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय र सहकार्य गर्दै ठाकुरबाबा नगरपालिकाको सुन्दर भविष्यको सुनिश्चितता गर्ने दृढ अठोटका साथ योजनावद्ध तवरबाट कार्यक्रमहरु सञ्चालन गर्न यो २० वर्षे रणनीतिक गुरुयोजना तर्जुमा गरी लागु गरिएको छ । गुरुयोजना निर्माणमा समन्वय गर्ने श्री किसान मा.वि. बनकट्टीका प्र.अ. नवराज ढुङ्गाना, उपसचिव रामहरि रिजाल र केयर नेपाल हरियो वन कार्यक्रमका टिम लिडर देवराज गौतम प्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

नेपालको राज्य व्यवस्थाको पुनसंरचनाको लागी लामो समय सम्म जनताले गरेको विभिन्न खाले आन्दोलन र संघर्षको प्रतिफल स्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको स्थानीय सरकार र स्थानीय विकासका लागी रहेको यसको महत्वपूर्ण भूमिकालाई हृदयमगन गरी ठाकुरबाबा नगरपालिकाले हरियो वन कार्यक्रम र RECOFT (जनताको लागि वन केन्द्र) को प्राविधिक सहयोगमा २० वर्षे रणनीतिक गुरुयोजना तयार गरेको छ । योजना तयारीको क्रममा सहयोग गर्नुहुने ठाकुरबाबा नगरपालिकाका उप-प्रमुख कृष्णा कुस्मा थारु, नेपाली कांग्रेस नगर सभापति श्री दिपक तिमल्सिना, ने.क.पा.एमालेका नगर अध्यक्ष खगेन्द्रप्रसाद खनाल, ने.क.पा.माओवादी केन्द्रका नगर इन्चार्ज चित्रप्रसाद खनाल, सम्पूर्ण वडा अध्यक्षज्यूहरु एवं कार्यपालिका र नगरसभाका सदस्यज्यूहरु, नगरपालिकाका कर्मचारीहरु, तथ्याङ्क संकलन लगायत कार्यमा सहयोग गर्ने स्रोतव्यक्ति, प्रधानाध्यापक, शिक्षक, तथा स्थानीय व्यक्तित्वहरु, विज्ञहरुको सहयोग उपलब्ध गराउनु हुने केयर नेपाल, हरियो वन कार्यक्रम, RECOFT (जनताको लागि वन केन्द्र), विज्ञहरुको टोली नेता श्री शंभु दंगाल, केयर नेपाल, हरियो वन कार्यक्रमका उप-प्रमुख श्री सन्देश सिंह हमाल, जलवायु परिवर्तन अनुकुलन सल्लाहकार डा. जगन्नाथ जोशी, योजनाविज्ञ डा. राम चन्द्र लामिछाने, सुशासन विज्ञ श्री गुप्तबहादुर के.सी., लैं.स.सा.स संयोजक श्री सावित्रा ढकाल, हरियो वन कार्यक्रमका फिल्ड संयोजक श्री किशोर गन्धर्व, जनताको लागि वन केन्द्रका निरज कटवाल, डा. प्रेम सागर चापागाई, WWF नेपालका GIS विज्ञ सरोज कोइराला, जैविक विविधता विज्ञ डा. कञ्चन थापा लगायतका प्राविधिक विज्ञ समूहका सदस्यहरुलाई समेत हृदय बाटै हार्दिक धन्यवाद व्यक्त गर्दछु । मलाई पूर्ण आशा र विश्वास छ मैले ठाकुरबाबा नगरपालिका भएपछि प्रथम नगर प्रमुखका हैसियतले नेतृत्व गरेको यस नगरपालिका यस गुरुयोजना र गुरुयोजनाले परिकाल्पना गरी मार्गदर्शन गरेका भावी योजना र कार्यक्रमको माध्यमबाट अबको २० वर्ष पछि प्रकृति, प्रवृति र विपत्तिको त्रिकोणात्मक संयोजनात्मक विकास गर्दै दीगो विकासका लागि प्रकृति संरक्षण विपद व्यवस्थापन र सन्तुलित विकासको दिशामा सबल, सफल, र सक्षम नगरपालिकाको रुपमा स्थापित भएको हुनेछ । पुनः योजना निर्माण सहयोगी मन तथा क्रियाशिलहरु प्रति धन्यवाद प्रकट गर्दछु ।

gnshrestha119@gmail.com
९८६६५३४५५०

घननारायण श्रेष्ठ
नगर प्रमुख


ठाकुरबाबा नगरपालिकाको
विद्यमान अवस्था
Geruwa
Bardiya
Madhuwan
Rajapur
Barbardiya
Thakurbaba
1
2
3
4
5
6
7
8
9
NEPAL
CHINA
INDIA
N
0
2
4
KM
Legend
Industry (Agriculture & Others)
Army Check Post
Bank/Microfinance
Community House
Cooperative
Drainage
FM
Fellow Land
Health Unit
Industry
Infastructure
Office
Religious Place
School
Madhela Chok/Maruwa
Hotel/Resort/Cottage/Restaurant
Seed Bank
Tourism
Water Tank
Petrol Pump
Playground
Police Station
Power House
Recreation
Road Types
Cart Track
District Road
Foot Path
Highway
Thakurbaba Municipality Boundary
Ward Boundary
International Boundary

# विषय सूची


| | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| | **गुरुयोजनाको सारांश** | **१** |
| | **परिच्छेद-१ : परिचय** | **३** |
| १.१ | नगरपालिका परिचय | ३ |
| १.१.२ | सामाजिक अवस्था (संघसंस्था, संस्कृति, सामाजिक मुल्य र मान्यता) | ५ |
| १.१.३ | मानवीय अवस्था | ५ |
| १.१.४ | आर्थिक क्रियाकलापहरुको अवस्था (वित्तिय तथा बजार पहुँच, रोजगारी) | ६ |
| १.१.५ | प्राकृतिक श्रोतको अवस्था (वन, जलस्रोत, खानी, कृषि) | ७ |
| १.२ | प्रस्तावना | ९ |
| | **परिच्छेद-२** | **११** |
| | नगरपालिकाको वर्तमान अवस्था, अवसर र सम्भावनाहरु | ११ |
| २.१ | मानव संसाधन तथा जनसङ्ख्या व्यवस्थापन | १२ |
| २.१.१ | जनसङ्ख्या | १२ |
| २.१.२ | उमेर समूह अनुसारको जनसङ्ख्याको वितरण | १२ |
| २.१.३ | लिंग अनुसारको जनसङ्ख्या वितरण | १३ |
| २.१.४ | जातिगत जनसङ्ख्या वितरण | १३ |
| २.१.५ | विशिष्ट जनसङ्ख्याको अवस्था: | १४ |
| २.२ | शैक्षिक अवस्था | १४ |
| २.२.१ | साक्षरता दर | १४ |
| २.२.२ | शैक्षिक संस्थाहरुको उपलब्धता | १५ |
| २.२.३ | विद्यार्थीहरुको सङ्ख्या | १६ |
| २.२.४ | जातिगत रुपमा विद्यार्थीहरुको सङ्ख्या | १६ |
| २.३ | स्वास्थ्य तथा सरसफाई | १७ |
| २.३.१ | दक्ष स्वास्थ्यकर्मीहरुको अवस्था | १७ |
| २.३.२ | खानेपानी तथा शौचालय सेवाको उपलब्धता | १८ |
| २.३.३ | नगरपालिकामा उपलब्ध स्वास्थ्य सेवाहरु | १८ |
| २.४ | आम्दानीका स्रोतहरु | १९ |
| २.४.१ | परम्परागत पेशा तथा व्यवसाय | १९ |
| २.४.२ | जमिनमाथिको स्वामित्व | २० |
| २.४.३ | खर्चका मुख्य क्षेत्रहरु | २१ |
| २.४.४ | सामाजिक विकास | २१ |
| २.४.१ | सामाजिक कुरुतिहरु | २२ |
| २.५ | सेवा तथा सुविधाहरु | २२ |
| २.५.१ | सञ्चार सेवा तथा सुविधाहरु | २२ |
| २.५.२ | सवारी तथा यातायात साधन | २३ |
| २.५.३ | बैंक तथा वित्तीय संस्था | २३ |
| २.६ | भू-उपयोग अवस्था | २४ |
| २.७ | कृषि तथा पशु विकास | २६ |
| २.७.१ | पशु पंक्षी पालन | २९ |
| २.७.२ | पशु विकास | २९ |
| २.८ | वन तथा वातावरण | २९ |
| २.८.१ | वनबाट प्राप्त सेवा तथा सुविधाहरु | ३० |
| २.८.२ | वन्यजन्तुबाट क्षति | ३० |
| २.८.३ | जलाधार तथा जलस्रोत | ३१ |

| | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| २.९ | जलवायु परिवर्तन | ३१ |
| २.१० | पर्यटन, साँस्कृतिक सम्पदा तथा धरोहर | ३२ |
| २.१०.१ | पर्यटन सेवा तथा सुविधाहरु | ३३ |
| २.११ | उर्जा तथा शक्ति | ३३ |
| २.१२ | उद्योग | ३४ |
| २.१३ | भौतिक पूर्वाधार तथा संरचनाहरु | ३४ |
| | **परिच्छेद ३** | **३५** |
| | नगरपालिकाको विकासका सिद्धान्तहरु | ३५ |
| | **परिच्छेद ४** | **३७** |
| | नगरपालिकाको समग्र दुरदृष्टि, लक्ष्य, उद्देश्यहरु, नीति, कार्यक्रम तथा कार्यनीति | ३७ |
| ४.१ | परिणात्मक सुचकाङ्क | ३८ |
| ४.२ | लगानी सूचकहरु | ३९ |
| | **परिच्छेद ५** | **४४** |
| | विषयगत विकासका दुरदृष्टि, लक्ष्य, उद्देश्यहरु, नीति तथा कार्यक्रमहरु | ४४ |
| ५.१ | शिक्षा, विज्ञान तथा प्रविधि | ४४ |
| ५.२ | स्वास्थ्य, पोषण र सरसफाइ | ४८ |
| ५.३ | पर्यटन तथा सँस्कृति | ५३ |
| ५.४ | कृषि, पशु, सहकारी तथा बजार व्यवस्थापन | ५६ |
| ५.५ | उद्योग, बाणिज्य तथा ब्यापार | ६२ |
| ५.६ | युवा तथा खेलकुद र सामाजिक विकास | ६४ |
| ५.७ | वन, वातावरण, जलवायु परिवर्तन अनुकुलन र विपद जोखिम व्यवस्थापन | ६६ |
| ५.८ | भौतिक पूर्वाधार विकास | ७० |
| | **परिच्छेद ६ : स्रोत र साधनको लेखाजोखा** | **७४** |
| | **परिच्छेद ७ : सरोकारवालाहरु र तिनको अपेक्षित भूमिका** | **७५** |
| | **परिच्छेद ८: अनुगमन तथा योजना** | **७७** |
| | **तालिकाहरु** | |
| | तालिकानं. १: जनसंख्या | १२ |
| | तालिका नं. २: उमेर समूहअनुसारको जनसङ्ख्या | १२ |
| | तालिका नं. ३: लिंग अनुसारको जनसङ्ख्या वितरण | १३ |
| | तालिका नं. ४: जातिगत जनसङ्ख्या वितरण | १३ |
| | तालिका: ५ विशिष्ट जनसङ्ख्या अवस्था | १४ |
| | तालिका ६: साक्षरता दर | १४ |
| | तालिका नं. : ७ शैक्षिक संस्थाहरु | १५ |
| | तालिका न: ८: विद्यार्थीहरुको सङ्ख्या | १६ |
| | तालिका नं. : ९ जातिगत रुपमा विद्यार्थी सङ्ख्या | १६ |
| | तालिका नं. १०: स्वास्थ्यसेवा प्रदायक संस्थाहरु | १७ |
| | तालिका नं. ११: दक्ष स्वास्थ्य कर्मीहरुको विवरण सङ्ख्या | १७ |
| | तालिका नं. १२: खानेपानी तथा शौचालय सेवाको उपलब्धता | १८ |
| | तलिका नं. १३: उपलब्ध स्वास्थ्य सेवा | १८ |
| | तालिका नं. १४: आम्दानीका स्रोतहरु | १९ |
| | तालिका नं. १५: परम्परागत व्यवसाय | १९ |
| | तालिका नं.१६ : जमिनमाथिको स्वामित्व | २० |
| | तालिका नं. : १७ मुख्य खर्चका क्षेत्रहरु | २१ |
| | तालिका नं. १९: सामाजिक परम्परा तथा प्रथाहरु | २२ |

| शिर्षक | पृष्ठ संख्या |
|---|---|
| तालिक नं. २०: सञ्चार सेवा तथा सुविधाहरु | २२ |
| तालिका नं. २१: सवारी साधन तथा यातायात | २३ |
| तालिका नं. २२: वैंक तथा वित्तीय संस्था | २३ |
| तालिका नं. २३: भू उपयोग | २४ |
| तालिका २४: सम्भावित कृषिवालीहरु | २५ |
| तालिका नं. २५: कृषिका लागि सिँचाइको अवस्था | २६ |
| तालिका नं. २६: कृषि विकास | २६ |
| तालिका नं. २७ : खेतवारी उपयोगको अवस्था | २७ |
| तालिका २८: नगदेवाली उत्पादनको अवस्था | २७ |
| तालिका नं. २९ अन्न बाली तथा तरकारी उत्पादन संभावना | २८ |
| तालिका नं. ३० : पशु पंक्षीपालनको अवस्था | २९ |
| तालिका नं. ३१: पशुसेवा केन्द्र | २९ |
| तालिका नं. ३२: वनको अवस्था | २९ |
| तालिका नं. ३३: वनवाट प्राप्त सेवा तथा सुविधा | ३० |
| तालिका नं. ३४: वन्यजन्तुबाट क्षति (आधारवर्ष २०७५) | ३० |
| तालिका नं. ३५: जलवायु परिवर्तनका असहरु र प्रभावित घरधुरी सङ्ख्या | ३१ |
| तालिका नं. ३६: विपद जोखिम व्यवस्थापन | ३२ |
| तालिका नं. ३७: साँस्कृतिक सम्पदा | ३२ |
| तालिका नं. ३८ : पर्यटन सेवा तथा सुविधाहरु | ३३ |
| तालिका नं. ३९ : उर्जा तथा शक्तिको श्रोत | ३३ |
| तालिका नं. ४० : उद्योग | ३४ |
| तालिका नं. ४१: भौतिक पूर्वाधार | ३४ |
| तालिका ४२: नतिजा सूचकाङ्क | ३८ |
| तालिका ४३ : लगानी सूचकहरु | ३९ |
| तालिका: ४४ शिक्षा विज्ञान तथा प्रविधी : मुख्य कार्यक्रमहरु: | ४६ |
| तालिका: ४५ स्वास्थ्य, पोषण तथा सरसफाई : मुख्य कार्यक्रमहरु: | ४९ |
| तालिका: ४६ पर्यटन तथा सँस्कृति : मुख्य कार्यक्रमहरु: | ५४ |
| तालिका ४७: कृषि, पशु, सहकारिता तथा बजार व्यवस्थापन : मुख्य कार्यक्रमहरु | ५८ |
| तालिका ४८: उद्योग, बाणिज्य तथा ब्यापार : मुख्य कार्यक्रमहरु | ६३ |
| तालिका ४९: युवा तथा खेलकुद र समाजिक विकास: मुख्य कार्यक्रमहरु | ६५ |
| तालिका: ५० वन वातावरण, जलवायु परिवर्तन अनुकुलन र विपद जोखिम व्यवस्थापन: मुख्य कार्यक्रमहरु | ६८ |
| तालिका ५१: भौतिक पूर्वाधार विकास : मुख्य कार्यक्रमहरु | ७० |
| तालिका ५२: अनुमानित वजेट तथा स्रोतहरु | ७४ |
| तालिका: ५२ परिणाम अनुगमन खाका | ७८ |
| तालिका ५३ : लगानी अनुगमन सूचकाङ्क | ७९ |
| **अनुसूचीहरु** | **८५** |
| अनुसूचि १ घरधुरी विवरण | ८५ |
| अनुसूचि २ उमेर अनुसारको जनसङ्ख्या विवरण | ८५ |
| अनुसूचि ३ वडागत जातजाति घरधुरी विवरण | ८६ |
| अनुसूचि ४: विशिष्ठ जनसङ्ख्याको विवरण सङ्ख्यामा | ८६ |
| अनुसूचि ५ मुख्य आम्दानीका स्रोत वडागत | ८७ |
| अनुसूचि ६ जमीनको विवरण र स्वामीत्व | ८७ |
| अनुसूचि ७ सामाजिक परिदृश्य | ८७ |
| अनुसूचि ८ शैक्षिक संस्था तथा विद्यार्थी विवरण | ८८ |

| शिर्षक | पृष्ठ संख्या |
|---|---|
| अनुसूचि ९ स्वास्थ्य संस्थाहरुको विवरण | ८८ |
| अनुसूचि १० दक्ष स्वास्थ्यकर्मीको विवरण | ८८ |
| अनुसूचि ११ सुरक्षित शौचालय तथा पानी शुद्धीकरण सुविधा भएको घरधुरी | ८९ |
| अनुसूचि १२ उद्योग विवरण | ८९ |
| अनुसूचि १३ आन्तरिक तथा वाह्रय पर्यटकहरुको सङ्ख्या र आम्दानी | ९० |
| अनुसूचि १४ वनको प्रकार र वार्षिक उत्पादन तथा आम्दानी | ९० |
| अनुसूचि १५ सामुदायिक वन आम्दानी तथा खर्च विवरण | ९० |
| अनुसूचि १६ अन्नवाली उत्पादन | ९२ |
| अनुसूचि १७ पशुपालनको अवस्था | ९२ |
| अनुसूचि १८ जलाधारको अवस्था | ९३ |
| अनुसूचि १९ जलवायु परिवर्तन र यससँग सम्वन्धित विपद् जोखिमहरु | ९४ |
| अनुसूचि २० ठाकुरबाबा नगरपालिकाको तापक्रम र वर्षाको अवस्था | ९५ |
| अनुसूचि २१ भू उपयोगको अवस्था | ९६ |
| अनुसूचि २२ बार्षिक अनुगमन तथा मुल्याङ्कन योजनाको प्रस्तावित खाका | ९७ |
| अनुसूचि २३ विषयगत क्षेत्रअनुसारको अन्तिम नतिजामुखी अनुगमन तथा मुल्यांकन योजनाको खाका | १०१ |
| अनुसूचि २४ योजना तर्जुमा गोष्ठीका सहभागी विषयगत समूह | १०३ |
| अनुसूचि २५ सरोकारवाला निकायहरु | १०३ |
| अनुसूचि २६ विकास परियोजनाहरु | १०५ |
| अनुसूचि २७ प्रमुख कार्यक्रम र आयोजनाका लागि बजेट व्यवस्थापन | १०६ |
| अनुसूचि २८ केहि शैक्षिक सूचकहरु | १०६ |
| अनुसूचि २९ योजना तर्जुमा गोष्ठीका केही तस्विरहरु | १०७ |
| **नक्साहरु** | **११०** |


## संक्षेपीकरणको सूचि

आ.व. = आर्थिक वर्ष

कि.मि. = किलो मिटर

क्यु. फि. = क्युविक फिट

न.पा. = नगरपालिका

जिसस = जिल्ला समन्वय समिति

गैसस = गैर सरकारी संस्था

मे. टन = मेट्रिक टन

ब.रा नि = बर्दिया राष्ट्रिय निकुञ्ज

गापा = गाउँपालिका

साव = सामुदायिक वन

# गुरुयोजनाको सारांश

नेपालको संविधानले नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्रको रुपमा स्वीकार गर्दै नागरिक स्वतन्त्रता, मानव अधिकार, बालिग मताधिकारको सुनिश्चितता सहित सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै आर्थिक असमानताको अन्त्य गरी समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समाजवाद उन्मुख समाज सहितको राष्ट्रको परिकल्पना गरेको छ । संविधानले राज्यको पुर्नसंरचना गरी नेपाललाई स्थानीय, प्रादेशिक र संघीय तहमा विभाजन गरेको छ । स्थानीय तहलाई स्वायत्त, अविछिन्न उत्तराधिकारवाला सरकारको रुपमा स्थापित गरी स्थानीय स्तरको समग्र तथा दिगो विकासका लागि जिम्मेवार तहको रुपमा स्थापित गरेको छ । ठाकुरबाबा नगरपालिका प्रदेश नम्वर ५ अन्तर्गतको बर्दिया जिल्लामा रहेको छ । यस नगरको सन्तुलित र समग्र विकास गरी संविधानले निर्दिष्ट गरेको राज्यका उद्देश्यहरुको सुनिश्चिता सहित समृद्ध नगर निर्माण गर्ने लक्ष्यका साथ २० वर्षे गुरुयोजना तर्जुमा गरिएको छ । यो गुरुयोजनाले **समृद्धिको लागि जनसहभागिता अभियान** लाई मार्गनिर्देश गर्नेछ ।

गुरुयोजना निर्माणको सन्दर्भमा नगरपालिका भित्र रहेका प्राकृतिक, सामाजिक, साँस्कृतिक, आर्थिक, भौतिक स्रोतहरुको सुक्ष्म विश्लेषण गरी विगतका सफल सिकाइहरु, अवसर तथा स्रोतहरुको पहिचान गरी ती सबैले सिर्जना गर्न सक्ने सम्भावनाहरुको लेखाजोखा गरी नगरको समग्र विकासलाई सकारात्मक योगदान दिएर समावेशी, समुन्नत, वातावरणीय सन्तुलन, बिपद सामना क्षमता अभिबृद्धि सहितको भौतिक विकास र समृद्ध समाज निर्माण गर्न दिगो विकास र सामाजिक न्यायमा आधारित विकासका सिद्धान्तहरु निर्माण गरेर विकासको दुर दृष्टि, लक्ष्य, उद्देश्यहरु र विकासका कार्यक्रमहरु तय गरिएको छ ।

योजना अवधिमा नगरको आर्थिक विकासलाई ८ देखि १० प्रतिशतको वृद्धिदर कायम गरी निरपेक्ष गरीबिलाई शुन्यमा झारेर सबै प्रकारका सामाजिक विसंगति, कुरीति र विभेदहरुलाई अन्त्य गर्दै सामाजिक न्यायमा आधारित समृद्ध र समावेशी समाजको निर्माण गरी गुणस्तरीय जीवनको प्रत्याभुत गर्ने लक्ष्य रहेको छ ।

यो गुरुयोजना जनसहभागितामा आधारित सहभागितामुलक योजना तर्जुमा पद्धतिहरु तथा स्थापित खोजका विधीहरुको प्रयोगका साथै नागरिकका भावना तथा चाहनाहरु, नगरपालिका भित्रका सूचना र तथ्याङ्क, नेपालको संविधान, ऐन, कानुन, नीति, नियम र कार्यक्रमहरु, अन्य सरोकारवालाहरुसँग अन्तरक्रिया मार्फत संङ्कलित अभिमत, सूचना र तथ्याङ्कहरु, आन्तरिक तथा वाह्य स्रोतहरुको विस्तृत लेखाजोखा लगायतको व्याख्या एवं विश्लेषण गरेर तयार गरिएको छ ।

यो एक गतिशील दस्तावेज हो । यसले नगरको समग्र विकासलाई मार्ग निर्देशन गर्नेछ । नगरपालिकाले आगामी दिनमा प्राप्त गर्ने उपलब्धी एवम् नयाँ अवसरहरुलाई ध्यानमा राखी यसमा थप परिमार्जन तथा सुधार गर्दै लगिने छ । नगरपालिकाका विकासलाई वैज्ञानिक दृष्टिकोणका आधारमा व्यवस्थित गर्न र यस गुरुयोजनालाई उपयोगी बनाउन ८ भागमा बाँडिएको छ ।

यस योजना अवधीको अनुमानित लागत रु.२३,९८,०७,८०,०००/( तेइस अर्ब अन्ठानब्बे करोड सात लाख असी हजार ) लाग्ने अनुमान गरिएको छ । उक्त रकम नगरपालिकाको बजेट, प्रादेशिक सरकार, संघीय सरकार, नगरवासी, संघसंस्था, निजी क्षेत्रहरु समेतको सहकार्यबाट व्यवस्थापन गरिने छ । योजनाले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन प्रक्रिया मार्फत विकासको गुणस्तरीयता र सुशासनलाई सुनिश्चितता गरिएको छ ।

## यस गुरुयोजनालाई निम्नानुसार ८ भागमा बाडिएको छ ।

### परिच्छेद १

ठाकुरबाबा नगरपालिकाको परिचय, यो गुरुयोजना निर्माणको उद्देश्य, गुरुयोजना निर्माणको प्रक्रियाहरु समावेश छन् ।

### परिच्छेद २

नगरपालिकाको वर्तमान अवस्था, अवसर र सम्भावनाहरुको बारेमा छलफल गरिएको छ ।

### परिच्छेद ३

नगरपालिकाले अवलम्बन गरेका विकासका सिद्धान्तहरुको बारेमा ब्याख्या गरिएको छ ।

### परिच्छेद ४

नगरपालिकाको समग्र दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्यहरु, नीति, कार्यक्रम तथा कार्यनीतिहरुको बारेमा ब्याख्या गरिएको छ ।

### परिच्छेद ५

विषयगत विकासका दूरदृष्टि, लक्ष्य, उद्देश्यहरु, नीति तथा कार्यक्रमहरुको बारेमा ब्याख्या गरिएको छ ।

### परिच्छेद ६

यस गुरुयोजनालाई कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र साधनको लेखाजोखा गरिएको छ ।

### परिच्छेद ७

यो गुरुयोजना कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका खेल्ने सरोकारवालाहरु र तिनको अपेक्षित भूमिका बारेमा ब्याख्या गरिएको छ ।

### परिच्छेद ८

गुरुयोजनाले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन योजना (प्रक्रिया र विधि) को बारेमा उल्लेख गरिएको छ ।

# परिच्छेद-१ : परिचय

## १.१ नगरपालिका परिचय :

प्रदेश नम्बर ५ अन्तर्गत बर्दिया जिल्लाको साविकका बगनाहा, नेउलापुर, शिवपुर र ठाकुरद्वारा गाउँ विकास समितिलाई गाभेर ठाकुरद्वारामा रहेको ठाकुरद्वार मन्दिरको नामबाट यस ठाकुरबाबा नगरपालिकाको स्थापना २०७३ फाल्गुण २७ मा भएको हो। संघीय प्रणाली अनुसार यो नगरपालिका बर्दिया निर्वाचन क्षेत्र नं २ र प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा २(क) मा पर्दछ । यस नगरपालिका भौगोलिक सिमाना, भौतिक पूर्वाधार तथा सामाजिक मुल्य मान्यताको आधारमा ९ ओटा वडा विभाजन गरिएको छ। भौगोलिक हिसाबले यस ठाकुरबाबा नगरपालिका पूर्वमा बर्दिया राष्ट्रिय निकुन्ज, पश्चिममा बर्दिया राष्ट्रिय निकुन्ज, उत्तरमा बर्दिया राष्ट्रिय निकुन्ज र दक्षिणमा मधुवन नगरपालिका र राजापुर नगरपालिका पर्दछ। २०७५ को घरधुरी सर्वेक्षणको आधारमा यस नगरपालिकाको १०,६६७ घरधुरी र कुल जनसंख्या रहेको ५५,८१४ जस मध्ये पुरुष २७,३०२ महिला २८,५११ र अन्य १ जना रहेको छ । यो नगरपालिकाको अक्षांश २८ डिग्री २३ मिनेट देखि २८ डिग्री २३ मिनेट उत्तरी अक्षांशसम्म, ८१ डिग्री ११ मिनेटदेखि ८१ डिग्री १९ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस नगरपालिकाको कुल क्षेत्रफल १०४.५७ वर्ग किलोमिटर रहेको छ। यहाँको जनघनत्व ५३४ रहेको छ। सरदर सामुन्द्रिक सतहबाट १७५ मिटरको उचाईमा रहेको यहाँको वार्षिक औषत तापक्रम न्यूनतम ८ डिग्री सेल्सीयस देखि अधिकतम ४३ डिग्री सेल्सीयस र औषत वार्षिक बर्षा ११२० मि.लि.हुने गरेको छ ।

यातायातको आंशिक विकास भएको यस क्षेत्र जिल्ला सदरमुकाम गुलरीयाबाट २२ किलोमिटर दुरीमा उत्तर पश्चिममा अवस्थित छ। प्रशासनिक कामका लागी सदरमुकाम जाने भएता पनि दैनिक उपभोग्य वस्तु किनमेलको लागि यहाँका बासिन्दाहरु यसै नगरपालिका अन्तर्गत पर्ने भुरीगाँउ बजार, बगनाहा बजार, बकुवा बजार, ठाकुरद्वारा बजार, शाहीपुर बजारबाट गर्ने गरको पाईन्छ। नगरपालिकाबाट मुख्य राजमार्ग भएर जुनसुकै बेला अन्य जिल्ला तथा भुरीगाँउ ढोढरी मार्गले गुलरीया सदरमुकामलाई जोडेको छ जसले गर्दा मानिसहरुलाई आवतजावत गर्न सजिलो भएको छ ।




ठाकुरबाबा नगरपालिकाको वडा विभाजन

## १.१.२ सामाजिक अवस्था (संघसंस्था, संस्कृति, सामाजिक मुल्य र मान्यता)

यस नगरपालिकामा थारु जातीको वाहुल्यता हुनुका साथै व्राह्मण, क्षेत्री, मगर, दसनामी, दलित र मुस्लिम समुदायको मिश्रीत वसोवास रहेको छ। विविध जातीगत तथा सामाजिक संस्कारका कारण धेरै प्रकारका चाडपर्वहरु, परम्परागत सिपहरु, साँस्कृतिक तथा सामाजिक प्रचलनहरुको आदान प्रदान गर्ने अवसरहरु सिर्जना भएका छन। थारु भाषा र नेपाली भाषाको मिश्रीत संगम भएकोले यहाँका नागरिकले दुवै भाषा तथा साहित्यमा दखल राख्न सक्दछन् । यस नगरपालिकाले दुवै सँस्कृतिको समिश्रण गरेर नयाँ सँस्कृतिको आविष्कार गरी पर्यटन तथा मानवशास्त्रीय अनुसन्धानलाई प्रोत्साहन गर्न सक्दछ । मिश्रित जनसंख्याको कारण एक अर्काको मान सम्मान र पहिचानलाई स्वीकार गरी समावेशी समाजको निर्माण गर्ने सम्भावनाहरु प्रशस्त रहेको छ । नगरभित्रका सबै जातीहरुमा रहेका अन्धविश्वास, कुरिती, रुढीवादी परम्पराहरुको अन्त्य गर्न एक अर्काका सँस्कृतिहरुले सहजीकरण गर्ने अवसरहरु सिर्जना गर्दछन् । मिश्रीत साँस्कृतिक समूहहरुको निर्माण गरी प्रवर्धन गरेर नयाँ रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

सामाजिक कुरुती तथा कुप्रथाहरु छाउपडी, परिवार लैंगिक विभेद, हिंसा, असुरक्षा, आत्मसम्मानको अपमान छुवाछुत परिवार अपमान, विभेद, बहिष्करण वालविवाह, परनिर्भरता, गरिवी, पछौटेपन दाइजो नगरपालिका सबै वडामा व्याप्त सामाजिक द्वन्द्व, लैंगिक हिंसा, पारिवारीक विखण्डन लैगिंक विभेद, असमान ज्याला, असमान सहभागिता, वोक्सीको आरोपमा बहिष्करणमा रहेका छन। यस नगरपालिकाको विकासको गतिलाई अवरोध गर्ने मुख्य वाधकका रुपमा तथा संरचनात्मक हिंसा सामाजिक कुरीतिहरु एवम् नकारात्मक प्रभाव पार्ने परम्परागत मुल्य र मान्यताहरु रहेका छन। यस्ता नकारात्मक सामाजिक मुल्य र मान्यताहरुलाई विस्थापित गरी वैज्ञानिक दृष्टिकोण र सकारात्मक सोँचको विकास गर्न नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने सम्भावनाहरु रहेको छ ।

यस नगरपालिकामा थारु समुदाय विकास मञ्च थारुजातिमा चेतना र सिप विकास खानेपानी उपभोक्ता समिति शुद्ध खानेपानी वितरण र सरसफाई, श्रीराम नगर उपभोक्ता समिति वन व्यवस्थापन, संरक्षण र वन पैदावारको वितरणमा सहयोग, नमुना सामुदायिक संस्था सिम्राहफांट सामुदायिक विकास अल्कापुरी सामुदायिक संस्था सामुदायिक विकास, सुनौलो विहानी सामुदायिक संस्था सामुदायिक विकास श्रृष्टी सामुदायिक संस्था सामुदायिक विकास, जुनकीरी सामुदायिक संस्था सामुदायिक विकास, भुरिगाउं मध्यवर्ती क्षेत्र सामुदायिक वन उपभोक्ता समूह वन व्यवस्थापन, संरक्षण र वन पैदावारको र वितरणमा सहयोग, सिंहबाहिनी मध्यवर्ती क्षेत्र सामुदायिक वन उपभोक्ता समूह वन व्यवस्थापन, संरक्षण र वन पैदावारको र वितरणमा सहयोग गर्ने संघसंस्थाहरु रहेका छन।

## १.१.३ मानवीय अवस्था

क) यस नगरपालिकामा रहेको करिव १०,६६७ घरधुरी मा कुल जनसंख्या ५५,८१४ रहेकोमा पुरुषको तुलनामा महिलाको संख्या अलि कम देखिएको छ। यस नगरपालिकामा वि.सं. २०६८ सालको तुलनामा हाल वि.सं. २०७५ सालमा घरधुरी वार्षिक रुपमा ३.३४ प्रतिशतका दरले र जनसंख्या ३.५७ प्रतिशतका दरले वृद्धि भएको छ। घर परिवारमा हुने अंशवण्डा, जन्म, तथा बाहिरबाट बसाई सराई आउने कारणले यहाँको जनसंख्यामा वृद्धि भएको छ। यस नगरपालिकाको जनसंख्या वृद्धिदर राष्ट्रिय जनसंख्या बृद्धिदर १.३५ प्रतिशत भन्दा धेरै छ। यहाँको औषत घरधुरी ५.२३ जना रहेको छ जुन राष्ट्रिय औसत ४.८८ जना भन्दा ज्यादा हो (तथ्याँक विभाग २०६८) । यहि दरमा जनसंख्या बृद्धि हुने हो भने अहिलेको जनसंख्या अबको २० वर्षमा दुईगुणा पुग्नेछ ।

ख) उमेर समूह अनुसारको जनसंख्या वितरण : यस नगरपालिकाको सकारात्मक रुपान्तरणको आधार भनेको नै जनशक्ति हो । यहाँको जनसंख्याको बनावट हेर्दा सक्रिय उमेर समूह (१५देखि ५९बर्ष सम्म) को जनसंख्या अत्याधिक (५५ प्रतिशत) रहेको छ । यो जनसांख्यिक लाभांशको सही व्यवस्थापन र सहभागिताले नै नगरपालिकाको रुपान्तरणको दिशालाई निर्देश गर्दछ । ६ वर्ष देखी १४ वर्षसम्म उमेर समूहको जनसंख्या पनि निकै सन्तुलनमा राख्नुको साथै बृद्धि हुन जाने देखिन्छ । हालको सकृय जनसंख्यालाई उत्पादनमुलक क्षेत्रमा सहभागी गराउने र नगरपालिकामा उत्पादन र व्यवसायिक सँस्कारको विकास गरेर उत्पादकत्वलाई वहुआयमिक वनाएर निरन्तररुपमा उत्पादकत्व वृद्धि गरेर दिगो विकासको आधार तयार गर्न सकिन्छ । यसको लागि पर्याप्त मात्रमा सिप तथा दक्षता विकासका कार्यक्रमहरु सञ्चालन गरेर जनशक्तिको दक्षता अभिवृद्धि गर्ने अवसरहरु रहेका छन् ।

यहाँका मानिसको मुख्य पेशा कृषि नै हो । तर ब्यवसाहिक कृषि धेरैले नगरेको र सबै जसो निर्वाहमुखी कृषि गरेको पाइन्छ । कृषिका अलावा नोकरी, मजदुरी र ब्यापार यहाँको मुख्य पेशाका रुपमा देखिन्छ । विभिन्न प्रकृतिका शैक्षिक संस्थाहरु यस नगरपालिका भित्र रहेता पनि यहाँका विद्यार्थीहरु नगरपालिका बाहिरका अन्य शैक्षिक संस्थाहरुमा समेत जाने गरेको देखिन्छ ।

## १.१.४ आर्थिक क्रियाकलापहरुको अवस्था (वित्तिय तथा बजार पहुँच, रोजगारी)

यस नगरपालिकाको घरधुरीको १५ प्रतिशत घरधुरीहरु परम्परागत पेशा तथा व्यवसायद्वारा जिविकोपार्जन गरिरहेका छन् । परम्परागत पेशा तथा व्यवसायमा संलग्न जनशक्तिहरुको सिप तथा दक्षतामा अभिवृद्धि गरी पेशालाई आधुनिकिकरण गरेर व्यवसायीक बनाउन सकेमा थप आयआर्जन तथा रोजगारीका अवसरहरु सिर्जना हुन्छन् भने अन्धविश्वास र कुरीतिमा आधारित पेशा तथा व्यवसायहरु विस्थापित हुन्छन । स्थानीय स्तरमा नै सिप विकास केन्द्रहरुको स्थापना गरी परम्परागत सिप तथा व्यवसायको व्यवसायीकरण गरेर स्थानीय श्रोत तथा साधनको सदुपयोगमा वृद्धि गर्न सकिन्छ भने व्यवस्थित बजारीकरणका माध्यमले थप रोजगारी एवम् आयआर्जन गर्न सकिन्छ । नगरपालिका भित्र बाणिज्य बैंकहरुका शाखा तथा स्थानीय नागरिकहरुको सहभागितामा गठित सहकारी एवम् वित्तिय संस्थाहरु संचालनमा रहेका छन् । यी वित्तिय संस्थाहरुको संचालनले उद्यमशीलता विकासको लागि आर्थिक प्रबन्धको व्यवस्थापन गर्ने अवसरहरु सिर्जना गरेका छन् । सहकारी एवम् बचत तथा ऋण समूहहरुको विस्तार गरेर सबै नागरिकको पहुँच स्थापित गरी बचत तथा पूँजी निर्माण गर्न सकिने प्रचुर सम्भावना रहेको छ । बचत तथा लगानीको लागि सबै नागरिकको क्षमता अभिवृद्धि गरी स्थानीय स्तरमा बचतका माध्यमले पूँजी निर्माण गरी उद्यमशीलताको विकास गर्ने अवसरहरु रहेका छन् । यहाँका सहकारीहरुलाई प्रतिस्पर्धी वित्तिय संस्थाको रुपमा विकास गर्न नयाँ पुस्तालाई बाणिज्य तथा व्यवस्थापन विषयमा उच्च शिक्षा सञ्चालन गर्ने अवसरहरु पनि रहेका छन । यहाँका मानिसको मुख्य पेशा कृषि नै हो तर ब्यवसायिक कृषि धेरैले नगरेको र सबै जसोले निर्वाहमुखी कृषि गरेको पाइन्छ । कृषिका साथसाथै नोकरी, मजदुरी र ब्यापार यहाँको मुख्य पेशाका रुपमा देखिन्छ । विभिन्न प्रकृतिका शैक्षिक संस्थाहरु यस नगरपालिका भित्र रहेता पनि यहाँका विद्यार्थीहरु नगरपालिका बाहिरका अन्य शैक्षिक संस्थाहरुमा समेत जाने गरेको देखिन्छ । फलामका सामग्री बनाउने घरधुरी ४६ जना क्रमशः लुगा सिलाउने १५३ जना पशुपालन ११२५ गहना बनाउने १० धामी झाक्री २३ गुरुवाई (थारु) १२ माछा मार्ने जाल बुन्ने ११ डोको डालो बुन्ने १२३ डकर्मी १०० सिकर्मी ४० मादल बनाउने ५ मुर्ति बनाउने १ माटोको भाडा कुडा बनाउने ३ जम्मा १,६५२ घरधुरी रहेका छन । यस

नगरपालिकामा भएका उद्योगहरुको अवस्थालाई हेर्दा साना उद्योग ३४ वटा रहेका छन जसले ११० जनालाई रोजगारी दिएको छ। जसमा पाउरोटी, ग्रील, अगरवत्ती, सावुन, फर्निचर, तेल, राईसमिल रहेका छन भने मझौला उद्योग ५ वटा रहेका छ जसले ९६ जनालाई रोजगारी दिएको जसमा ह्यूम पाईप, खाद्य पदार्थ, ईट्टा उद्योग, पोल्ट्री फर्म, कृषि फर्म रहेका छन ।

## १.१.५ प्राकृतिक श्रोतको अवस्था (वन, जलस्रोत, खानी, कृषि)

क) सामुदायिक वन सम्बन्धि बिवरणः यस नगरपालिकामा ५८ वटा सामुदायिक बन उपभोक्ता समितिहरु रहेका छन जसबाट यस नगरपालिकाका जनताहरु काठ, दाउरा, घाँस आदिको परिपुर्ती गरिरहेका छन् । विशेषगरी सामुदायिक वन भित्र खैर, साल, सिसम, सिमल, वुट्यान, खर, झाडी प्रजातिका रुख बिरुवाहरु रहेका छन ।

ख) जग्गाको स्वामित्व र उपयोग सम्बन्धि विवरण : यस नगरपालिकामा रहेका भूमीलाई विभिन्न प्रयोजनको लागि प्रयोग गरिएको छ । जुन निम्न प्रकारले उल्लेख गरिएको छ ।

१. कृषि क्षेत्रः कृषि क्षेत्रमा अन्न वाली उत्पादन, पशुपालन, मत्स्य पालन, कृषि वन प्रवर्धन गर्ने संभावनाहरु रहेका छन । कृषि क्षेत्रको उपयोगका लागि निम्न अनुसारका संभावनाहरु रहेका छन । संभावित कृषिवालीहरु धान, दलहन, तरकारी, धान, फलफूल, वेमौसमी तरकारी, फूलखेती माछा, मकै, हिउँदे धान रहेको छ ।

२. आवास क्षेत्र : आवास क्षेत्रको रुपमा रहेका स्थानहरुमा व्यवस्थित वसोवास, पशुपालन, करेसावारी, ग्यारेज, वगैचा, फलफूल वगैचा, इनार आदिलाई प्रवर्धन गर्न सकिन्छ ।

३. ब्यापारिक क्षेत्र : ब्यापारिक क्षेत्रहरुका ब्यापारिक भवनहरु, प्रदर्शनी स्थल, पेट्रोल पम्प, गोदाम, अस्पताल, बसपार्क, सभा सम्मेलन केन्द्रहरु आदि रहेका छन र आगामी दिनमा प्रवर्धन गर्न सकिन्छ ।

४. औधोगिक क्षेत्र : औधोगिक क्षेत्रहरुको विकास, विस्तार गर्न सकिन्छ ।

५. खानी क्षेत्र : यी क्षेत्रहरुका खनिज जन्य वस्तुहरुको संभाव्यता अध्ययन गरी प्रवर्धन तथा विकास गर्न सकिन्छ ।

६. साँस्कृतिक तथा सम्पदा क्षेत्रहरु : यस क्षेत्रमा रहेका साँस्कृतिक सम्पदाहरु अन्तर्गत मन्दिर, धार्मिक क्षेत्र, गुम्वा, मस्जिद आदिको संरक्षण, सम्वर्धन र विकास गर्न सकिन्छ ।

७. नदी, ताल, पानीको स्रोतहरु : यस अन्तर्गत ताल, तलैया, नदी, खोला, नहर, पोखरी, सिमसार आदि रहेका छन । यी क्षेत्रहरुका सम्वर्धन तथा विकास गर्ने सम्भावना रहेका छन् ।

८. वन क्षेत्रः यस अन्तर्गत राष्ट्रिय, सामुदायिक, कवुलियती, तथा घाँसे मैदानहरु रहेका छन । यी क्षेत्रहरुको सम्वर्धन तथा विकास गर्ने संभावनाहरु रहेका छन ।

९. सार्वजनिक तथा खुला क्षेत्र व्यवस्थापन : यहाँ भएको सार्वजनिक तथा खुला क्षेत्र व्यवस्थापन तथा विकास गरी शिक्षालयहरु, सार्वजनिक भवनहरु, सुरक्षा केन्द्र, अस्पताल, पुस्तकालयहरु आदि निर्माण गर्न सकिन्छ ।

१०.निर्माण सामाग्री उत्खनन स्थल : निर्माण सामाग्री उत्खनन् गरेर व्यवस्थापन गर्ने अवसरहरु रहेका छन् ।

११. अन्य क्षेत्रहरुको व्यवस्थापन : नगरपालिका भित्र माथि उल्लेखित बाहेकका क्षेत्रहरुलाई सम्भावना र नयाँ अवसरको आधारमा व्यवस्थापन गरिनेछ ।

ग) सिचाई सम्बन्धी विवरणः खेतिकोलागि कृषियोग्य जग्गाजमीन रहेको यस नगरपालिकामा करिब ३८८० हेक्टर क्षेत्रफल ढोढरी, ताराताल सिँचाई आयोजना र करिब १००० हेक्टर क्षेत्रफल जमीन सुर्यपटुवा सिचाई आयोजनाबाट जमीनमा मात्र सिचाई सुबिधा पुगेको देखिन्छ । हालको अवस्थामा भेरी डाइभर्सनको सिचाई योजना सुरुवात भएकोले निकट भविष्यमा यस नगरपालिकामा सबै खेती योग्य भूमीहरुमा सिँचाईको सुविधा पुग्ने अनुमान गरिएको छ । साथै अन्य किसानहरुले व्यक्तिगत रुपमा पम्पसेट, सिचाई मोटरको र अस्थायी कुलोको प्रयोग गरी खेती गरिरहेको अवस्था देखिएको छ ।

घ) नदी, ताल र सिमसार क्षेत्रहरुको विवरणः यस नगरपालिकाको सिमानाबाट ओराई, राजकुला, जरैखोला, खौराहा, ओजहवा, तलविलवा, आम्बासा, कर्मला, बबई नदी, दुन्द्राखोला, जम्तीनाला, ढोढरीकुला, सतघरुवाकुला, बर्गदा झरन, गिठे नाला, दुन्द्राखोला जस्ता नदि तथा खोलाहरु बगिरहेको छ जसले नगरपालिकाको केहि वडाको खेतियोग्य जमीनमा सिंचाई सुविधा तथा केही कटान तथा सामुदायिक वन क्षति गरेको अवस्था देखिएको छ । साथै यस नगरपालिकामा निजी प्रयोजन (माछापालन) कार्यको लागि बनाएको २२७ ओटा पोखरीहरु रहेको भने १२ ओटा प्राकृतिक तालहरु तथा पोखरीहरु रहेको छ ।




चित्र नं. २ ठाकुरबाबा नगरपालिकाको भू-उपयोग नक्सा

## १.२ प्रस्तावना

नेपालको संविधान २०७२ ले नेपाललाई एक बहुजातीय, वहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा बहुभौगोलिक विविधतायुक्त राष्ट्रको रुपमा स्वीकार गर्दै नागरिक स्वतन्त्रता, मानव अधिकार, वालिग मताधिकारको सुनिश्चितता सहित सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समाजवाद उन्मुख समाजसहितको राष्ट्रको परिकल्पना गरेको छ । संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, भाग १७ स्थानीय कार्यपालिका, धारा २१४ स्थानीय तहको कार्यकारिणी अधिकार, भाग १८ स्थानीय व्यवस्थापिका, भाग १९ स्थानीय आर्थिक कार्यप्रणाली, भाग २० संघ, प्रदेश र स्थानीय तहबिच अन्तरसम्बन्ध, एवम् अनुसूचि ८ र ९ ले व्यवस्था गरेका प्रावधानहरुको प्रयोग गरी प्रदेश नम्बर ५ अन्तर्गत बर्दिया जिल्लाको साविकका बगनाहा, नेउलापुर, शिवपुर र ठाकुरद्वारा गाउँ विकास समितिलाई गाभेर ठाकुरद्वारामा रहेको ठाकुरद्वार मन्दिरको नामबाट यस ठाकुरबाबा नगरपालिकाको स्थापना भएको हो । यस नगरको सन्तुलित समग्र विकास गरी समृद्ध नगर निर्माण गर्ने उद्देश्यका साथ यो २० वर्षे विकास गुरुयोजना तर्जुमा गरिएको छ । यो गुरुयोजनाले **'समृद्धिको लागि जनसहभागिता अभियान'** लाई मार्गनिर्देश गर्नेछ ।

## पृष्ठभूमि

नेपालको संविधान २०७२ ले नेपाललाई विधिवत रुपमा संघीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमा रुपान्तरण गरेको छ । तीन तहको सरकारमध्ये स्थानीय तहहरु अविछिन्न उत्तराधिकारवाला स्वशासित निकायहरुको रुपमा स्थापित भएका छन । संवैधानिक रुपमा नै स्थानीय स्तरको शान्ति, समृद्धि, स्थायित्व तथा विकासको लागि स्थानीय तहहरुलाई अधिकार प्रत्यायोजित गरिएको छ । नेपालको संविधान २०७२ ले दिएको शासकीय अधिकारको सदुपयोग गर्दै ठाकुरबाबा नगरपालिकाले २० वर्षे विकासको गुरुयोजना तर्जुमा गरेको छ । यो नै नगरपालिकाको पहिलो गुरुयोजना भएकोले यस गुरुयोजनाले विकासका मुख्य सुचकांङ्कहरु समेत निर्धारण गरेको छ । यस गुरुयोजना जनसहभागितामा आधारित सहभागितामुलक योजना तर्जुमा पद्धतिहरु तथा प्रसंशनीय खोजका विधीहरुको प्रयोगका साथै नागरिकका भावना तथा चाहनाहरु, नगरपालिका भित्रका सूचना र तथ्यांङ्कहरु, नेपालको संविधान, ऐन, कानुन, नीति, नियम र कार्यक्रमहरु, अन्य सरोकारवालाहरुसंग अन्तरक्रिया मार्फत संङ्कलित अभिमत, सूचना र तथ्याङ्कहरु, आन्तरिक तथा वाह्य स्रोतहरुको विस्तृत लेखाजोखा लगायतको ब्याख्या एवं विश्लेषण गरेर तयार गरिएको छ ।

यो एक गतिशील दस्तावेज हो । यसले नगरको समग्र विकासलाई मार्ग निर्देशन गर्नेछ । नगरपालिकाले आगामी दिनमा प्राप्त गर्ने उपलब्धी एवम् नयाँ अवसरहरुलाई ध्यानमा राखी यसमा थप परिमार्जन तथा सुधार गर्दै जानेछ ।

## गुरुयोजना निर्माणका उद्देश्य

ठाकुरबाबा नगरपालिकाको स्थापना पश्चात् यो नै पहिलो गुरुयोजना हो । नगरपालिकाको विकासलाई मार्ग निर्देशन गर्न, नगरवासीको सहभागितामा नगरवासीहरुको सम्वृद्धी, र नगरको समग्र विकासको लागि योजनावद्ध रुपमा विकास कार्यक्रमहरु सञ्चालन गर्न, नागरिकहरुको दक्षता र क्षमता अभिवृद्धि गर्न नगरमा शुसासनको प्रत्याभूति गराउन **'समृद्धीका लागि जनसहभागिता'** अभियान सफलतापूर्वक सञ्चालन गर्नको लागि यो गुरुयोजना तयार गरी लागु गरिएको छ ।

# गुरुयोजना तर्जुमा प्रक्रिया

नगर सभाले गुरुयोजनाले विकासका नयाँ संभावनाहरु खोज्न सक्ने र विकास प्रक्रिया संस्थागत र संगठित रुपमा अगाडी वढाउन सकिने सम्भावना बोध गरेपछि नगर प्रमुखको नेतृत्वमा गुरुयोजना निर्माणको पहल शुरु भयो। यसै सन्दर्भमा केएर नेपाल, हरियो वन कार्यक्रम र जनताको लागि वन केन्द्र (RECOFT) को प्राविधिक सहयोगमा सवलतामा आधारित सहभागितामुलक योजना तर्जुमा विधीको प्रयोग गरीयो गुरुयोजना तर्जुमा गरिएको छ। यस गुरुयोजना तर्जुमा प्रक्रियामा नेपालको संविधानको प्रस्तावना, मौलिकहक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका, स्थानीय आर्थिक कार्यप्रणाली, संघ प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध तथा संविधानको अनुसूचि ८ र ९ ले गरेको व्यवस्थाहरुलाई ध्यान दिइएको छ। नगरपालिकाको हाल मौजुदा अवस्थाको लेखाजोखा गर्न घरधुरी सर्वेक्षण, लक्षित समूह बैठक, सरोकारवाला छलफल, नगरसभा सदस्यहरुसँग अन्तरक्रिया, नगरसभा सदस्य र सरोकारवालाहरु संगको संयुक्त वैठक, द्वितिय आँकडा/तथ्याङ्कहरुको लेखाजोखा, खेस्रा गुरुयोजना उपर छलफल, प्रस्तावित खेस्रा योजनामा नागरिकको राय तथा सल्लाह संकलन लगायतका प्रक्रियाहरु अवलम्वन गरी यो गुरुयोजना तर्जुमा गरिएको छ। आधारभूत तथ्याङ्कहरु अनुसुचिहरुमा राखिएको छ।



# परिच्छेद-२

## नगरपालिकाको वर्तमान अवस्था, अवसर र सम्भावनाहरु

यस परिच्छेदमा नगरपालिका भित्र समग्र आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय एवं प्राविधिक विकासका लागि रहेका वस्तुगत अवस्था, प्रमुख सबल पक्षहरु, सिकाइहरु, अवसरहरु, सम्भावनाहरु र क्षेत्रहरुको लेखाजोखा गरिएको छ । नगरपालिकाको हालको अवस्था पहिचान गर्न प्रत्यक्ष रुपमा घरधुरी सर्वेक्षण, लक्षित समूह छलफल, स्रोतव्यक्ति सम्पर्क, सहभागितामुलक ग्रामीण लेखाजोखाका औजारहरुको प्रयोग, द्वितीय आँकडा/तथ्याङ्कहरुको सङ्कलन तथा विश्लेषण, नगरपालिकाका पदाधिकारीहरु, शिक्षक, कर्मचारी, नागरिक समाजका प्रतिनिधीहरु सम्मिलित कार्यशाला गोष्ठीहरु आयोजना गरिएको थिए। विभिन्न क्षेत्रमा छरिएर रहेका स्रोतहरुको विस्तृत लेखाजोखामा आधारित विश्लेषणले यस गुरुयोजनाको दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति तथा कार्यक्रम, क्रियाकलाप र अनुमानित बजेट निर्माण गर्न मार्गनिर्देशनका आधारहरु तयार गरेको छ । यस परिच्छेदमा यस नगरपालिकाको वस्तुगत, स्रोत तथा साधनहरु सहितको वर्तमान यथार्थता र स्रोत तथा साधनहरुको सदुपयोगले सिर्जना गर्ने अवसर तथा सम्भावनाहरुको बारेमा विस्तृत व्याख्या गरिएको छ ।

## संवैधानिक तथा कानुनी अवस्था एवम् अवसर र सम्भावनाहरु

नेपालको संविधान २०७२ ले नगरपालिकालाई एक स्वायत्त अविछिन्न उत्तराधिकारवाला संस्थाको रुपमा स्थापित गरेको छ। संविधानको धारा ५७, धारा २१४ ले कार्यकारी अधिकारको व्यवस्था गरेको छ। अनुसूचि ८ र ९ ले अधिकारको क्षेत्रहरुको व्यवस्था गरेको छ। यस प्रकारको संवैधानिक व्यवस्थाले नगरपालिकालाई नगरपालिका भित्र रहेको सामाजिक, साँस्कृतिक विविधतालाई सम्वोधन गर्दै, सबै तह र तप्काका नागरिकहरुलाई सामाजिक, आर्थिक, राजनितिक तथा भौतिक विकासका अवसरहरुमा सहभागी गराई समानुपातिक रुपमा अवसर तथा प्रतिफल वितरण गर्ने गरी समग्र नगरपालिकाको सामाजिक, आर्थिक, साँस्कृतिक, प्राविधिक एवम् वातावरणीय विकासका लागि आवश्यक पर्ने नीति, ऐन, नियम, रणनीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने अवसरहरु सिर्जना भएका छन् ।

## प्रशासनिक सेवा तथा व्यवस्थापन

हाल नगरपालिकामा निर्वाचित नगरप्रमुखको नेतृत्वमा उप प्रमुख, ९ जना वडा अध्यक्ष, ९ दलित महिला सदस्य सहित जम्मा ३६ जना वडा सदस्यहरु र ३ जना कार्यपालिका सदस्यहरु छन् भने प्रमुख प्रशासकिय अधिकृतको नेतृत्वमा ७१ जना कर्मचारीको समूहले प्रशासनिक सेवाहरु प्रदान गरी रहेको छ । नगरले प्रदान गर्ने सेवा तथा सुविधाहरुमा सर्वसाधारण व्यक्तिको सहज पहुँच पुगोस भन्ने हेतुले नागारिक वडा पत्रको प्रावधानको साथै, वार्षिक योजना र कार्यक्रमहरुको बारेमा सार्वजनिक जानकारी दिने गरिएको छ ।

## २.१ मानव संसाधन तथा जनसङ्ख्या व्यवस्थापन

### २.१.१ जनसङ्ख्या

| तालिकानं. १: जनसंख्या | | | |
|---|---|---|---|
| घरधुरी | जनसङ्ख्या | घरधुरी | जनसङ्ख्या |
| ८,६४२ | ४४,३१६ | १०,६६७ | ५५,८१४ |
| स्रोत: केन्द्रीय तथ्याङ्क विभाग २०६८ | | ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण २०७५ | |

यस नगरपालिकामा वि.सं. २०६८ सालको तुलनामा हाल वि.सं. २०७५ सालमा घरधुरी वार्षिक रुपमा ३.३४ प्रतिशतका दरले र जनसङ्ख्या ३.५७ प्रतिशतका दरले वृद्धि भएको छ। घर परिवारमा हुने अंशवन्डा, जन्म, तथा बाहिरबाट बसाई सरी आउने कारणले यहाँको जनसङ्ख्यामा वृद्धि भएको छ । यस नगरपालिकाको जनसङ्ख्या वृद्धिदर राष्ट्रिय जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशतभन्दा धेरै छ। यहाँको औषत घरधुरी ५.२३ जनारहेको छ जुन राष्ट्रिय औषत ४.८८ जना भन्दा ज्यादा हो (तथ्याङ्क विभाग २०६८) । यहि दरमा जनसङ्ख्या बृद्धि हुने हो भने अहिलेको जनसङ्ख्या अबको २० वर्षमा दुई गुणा पुग्नेछ ।

जनसङ्ख्या विवरणलाई रेखा चित्रमा प्रस्तुत गरिएको छ ।




### २.१.२ उमेर समूह अनुसारको जनसङ्ख्याको वितरण

| तालिका नं. २: उमेर समूहअनुसारको जनसङ्ख्या | | | |
|---|---|---|---|
| १ देखि ५ वर्ष | ६ देखि १४ वर्ष | १५ देखि ५९ वर्ष | ६० वर्ष भन्दा माथि |
| ४९८० | १७१९२ | ३०२९६ | ३०३६ |
| ९ प्रतिशत | ३१ प्रतिशत | ५५ प्रतिशत | ५ प्रतिशत |
| श्रोत:ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण २०७५ | | | |

यस नगरपालिकाको सकारात्मक रुपान्तरणको आधार भनेको नै जनशक्ति हो । यहाँको जनसङ्ख्याको बनावट हेर्दा सक्रिय उमेर समूह (१५ देखि ५९ वर्ष सम्म) को जनसङ्ख्या अत्यधिक (५५ प्रतिशत) रहेको छ । यो जनसङ्ख्याको सही व्यवस्थापन र सहभागिताले नै नगरपालिकाको रुपान्तरणको दिशालाई निर्देश गर्दछ। ६ वर्षदेखि १४ वर्षसम्म उमेर समूहको जनसङ्ख्या ३१ प्रतिशत (१-५ वर्ष) को जनसंख्या ९ प्रतिशत हुनुले जन्मदर क्रमश घटदै गईरहेको संकेत गर्दछ। यो जनसङ्ख्या वितरण विकासको लागि अत्यन्तै सम्भावित र उपयोगी जनसङ्ख्या हो। तर हालको सक्रिय जनसङ्ख्याको केही हिस्सा वृद्वावस्था (६० वर्ष उमेर समूह) मा प्रवेश गर्दा किशोरावस्था देखि सक्रिय उमेर समूहमा प्रवेश गर्ने जनसङ्ख्या तुलनात्मक रुपमा कम हुने देखिन्छ । यहि समयमा नावालक जनसङ्ख्या किशोरावस्थामा प्रवेश गर्दा सकृय उमेर समूहको जनसङ्ख्या पुन: सन्तुलित हुने देखिन्छ। हालको जन्मदरले जनसङ्ख्यालाई सन्तुलनमा राख्नुको साथै वृद्धि हुन जाने देखिन्छ। हालको सक्रिय जनसङ्ख्यालाई उत्पादनमुलक क्षेत्रमा सहभागी गराउने र नगरपालिकामा उत्पादन र व्यवसायिक संस्कारको विकास गरेर उत्पादकत्वलाई वहुआयामिक बनाएर निरन्तर रुपमा उत्पादकत्व

वृद्धि गरेर दिगो विकासको आधार तयार गर्न सकिन्छ। यसको लागि पर्याप्त मात्रामा सिप तथा दक्षता विकासका कार्यक्रमहरु सञ्चालन गरेर जनशक्तिको दक्षता अभिवृद्धि गर्ने अवसरहरु रहेका छन्।

उमेरगत जनसङ्ख्या विवरणलाई स्तम्भ रेखामा यसरी प्रस्तुत गरिएको छ।




## २.१.३ लिंग अनुसारको जनसङ्ख्या वितरण

| तालिका नं. ३: लिंग अनुसारको जनसङ्ख्या वितरण | | | |
|---|---|---|---|
| पुरुष सङ्ख्या | महिला सङ्ख्या | अन्य सङ्ख्या | जम्मा सङ्ख्या |
| २७३०२ | २८५११ | १ | ५५८१४ |
| ४९ प्रतिशत | ५१ प्रतिशत | | १०० प्रतिशत |
| स्रोत: ठाकुरबाबा नगरपालिका घरधुरी सेर्वेक्षण, २०७५ | | | |

यस नगरपालिकामा पुरुषको तुलनामा महिलाको जनसङ्ख्या २ प्रतिशत बढी छ। (तालिका नं. ३)। विकासका बहुआयामिक पक्षहरुमा महिलाको सक्रिय सहभागिताले नगरको समग्र विकास द्रुत गतिमा हुन्छ। सामाजिक, आर्थिक, राजनीतिक एवम् वातावरणीय संरक्षणका क्षेत्रमा महिलाहरुको दक्षतापूर्ण सहभागिताले नगरको सकारात्मक रुपान्तरणमा महत्वपूर्ण योगदान दिन्छ। लैङ्गिकतामैत्री, मानव अधिकारमा आधारित तथा समतामुलक कार्यक्रमहरु तर्जुमा गरी सबै प्रकारका विकासका कार्यक्रमहरुमा महिलाहरुको सहभागिता सुनिश्चित गर्न महिलाहरुको ज्ञान, सिप र दक्षतामा अभिवृद्धि गरेर स्थानीय स्रोत र साधनमा आधारित उद्यमशीलताको विकास गरेर महिलाहरुलाई मूल प्रवाहीकरण गरी सकारात्मक रुपान्तरणका लागि नयाँ अवसरहरु सिर्जना गर्न सकिन्छ।

## २.१.४ जातिगत जनसङ्ख्या वितरण

| तालिका नं. ४: जातिगत जनसङ्ख्या वितरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वाहन | क्षेत्री | थारु | मगर | मुस्लिम | दशनामी | दलित | अन्य |
| ८११७ | ९९१८ | २८८६५ | १०६७ | १३० | १८७ | ४४९८ | ३०३२ |
| १४.५ प्रतिशत | १७.५ प्रतिशत | ५१.५ प्रतिशत | १.९ प्रतिशत | १ प्रतिशत | ०.२ प्रतिशत | ८ प्रतिशत | ५.४ प्रतिशत |
| स्रोत: ठाकुरबाबा नगरपालिका घरघुरी सर्वेक्षण, २०७५ | | | | | | | |

यस नगरपालिकामा थारु जातिको बाहुल्यता हुनुका साथै ब्राह्मण, क्षेत्री, मगर, दशनामी, दलित र मुस्लिम समुदायको मिश्रित वसोवास रहेको छ (तालिका नं. ४)। विविध जातिगत तथा सामाजिक संस्कारका कारण धेरै प्रकारका चाडपर्वहरु, परम्परागत सिपहरु, साँस्कृतिक तथा सामाजिक प्रचलनहरुको आदान प्रदान गर्ने अवसरहरु सिर्जना भएका छन। थारु भाषा र नेपाली भाषाको मिश्रित संगम भएकाले यहाँका नागरिकले दुबै भाषा तथा साहित्यमा दखल राख्न सक्दछन्। यस नगरपालिकाले दुबै सँस्कृतिको सम्मिश्रण गरेर नयाँ संस्कृतिको आविष्कार गरी पर्यटन तथा मानवशास्त्रीय अनुसन्धानलाई प्रोत्साहन गर्न सक्दछ। मिश्रित जनसङ्ख्याको कारण एक अर्काको मान सम्मान र पहिचानलाई स्वीकार गरी समावेशी

समाजको निर्माण गर्ने सम्भावनाहरु प्रशस्त रहेकोछ। नगरभित्रका सबै जातीहरुमा रहेका अन्धविश्वास, कुरीति। रुढीवादी परम्पराहरुको अन्त्य गर्न एक अर्काका संस्कृतिहरुले सहजीकरण गर्ने अवसरहरु सिर्जना गर्दछन् । मिश्रित साँस्कृतिक समूहहरुको निर्माण गरी प्रवर्धन गरेर नयाँ रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

जातिगत जनसङ्ख्या विवरणलाई वृत्त चार्टमा यसरी प्रस्तुत गरिएको छ ।




## २.१.५ विशिष्ट जनसङ्ख्याको अवस्थाः

यस नगरपालिका भित्र भूमिहीन, मुक्त कम्लहरी, मुक्त कमैया, अपाङ्ग, एकल महिला एवम् पुरुष छन् (तालिका नं. ५)। यस वर्गका नागरिकहरुको आधारभूत आवश्यकता परिपूर्ति गरी उनीहरुको सामाजिक सुरक्षा तथा पुनर्स्थापना, आत्म सम्मान र स्वतन्त्रताको संरक्षणको नगरपालिकाले आवश्यक व्यवस्था गर्ने छ।

तालिकाः ५ विशिष्ट जनसङ्ख्या अवस्था

| भूमिहीन | मुक्तकमैया | फरक क्षमता भएका (अपाङ्ग) | अनाथ | एकल महिला |
|---|---|---|---|---|
| ८६० | ६३८ | ४१८ | ९८ | १०२२ |

स्रोतः ठाकुरबाबा नगरपालिका घरघुरी सर्वेक्षण, २०७५

साथै उनीहरुको सिप, क्षमता र दक्षतामा अभिवृद्धि गरेर उनीहरुको वौद्धिक तथा श्रम शक्तिलाई रोजगार, आयआर्जन तथा उत्पादनमूलक कार्यहरुमा सहभागी गराई उत्पादकत्व वृद्धि गर्नका लागि नगरपालिकाले यस क्षेत्रहरुसँग सम्बन्धित संघ संस्थाहरुसँग सहकार्य गरेर कार्यक्रमहरु सञ्चालन गर्ने अवसरहरु रहेका छन् ।।

# २.२ शैक्षिक अवस्था

## २.२.१ साक्षरता दर

तालिका ६ः साक्षरता दर

| जम्मा साक्षरता दर | पुरुष | महिला |
|---|---|---|
| ९६.४ प्रतिशत | ९५.५ प्रतिशत | ९७.३ प्रतिशत |

श्रोतः नगरपालिका साक्षर घोषणा कार्यक्रम प्रतिवेदन २०७३

यस नगरपालिकाभित्र रहेका निरक्षर जनसङ्ख्यालाई (महिला, पुरुष) सीपमुलक (प्राविधिक) साक्षरता कार्यक्रम मार्फत नागरिकमा अन्तरनिहित सीप तथा दक्षताको अभिवृद्धि गरेर उत्पादकत्व वढाइने छ । साक्षरताको निरन्तरका निम्ति निरन्तर शिक्षा कार्यक्रम, वित्तीय साक्षरता कार्यक्रम तथा सिकाईलाई आयसँग आवद्ध गर्न हरेक वडामा एक सामुदायिक सिकाई केन्द्र स्थापना गरिने छ । शिक्षा नै सम्पूर्ण विकासको जननी भएकोले शिक्षाको माध्यमवाट नगरको समग्र विकास एवम् समाजको सकारात्मक रुपान्तरणमा चमत्कारिक परिणाम ल्याउन सकिन्छ ।

यस नगरपालिकाको जनगणना २०६८ र बर्दिया जिल्ला साक्षर घोषणा २०७३ को साक्षरता अवस्थाको तुलनात्मक ग्राफ चार्ट यसरी प्रस्तुत गरिएको छ।




## २.२.२ शैक्षिक संस्थाहरुको उपलब्धता

तालिका नं. : ७ शैक्षिक संस्थाहरु

| सामुदायिक विद्यालय | संस्थागत विद्यालय | प्राविधिक विद्यालय | क्याम्पस |
|---|---|---|---|
| २७ | १४ | २ | २ |

श्रोत: ठाकुरबाबा नगरपालिका, २०७५

सरकारी विद्यालयहरुको संस्थागत तथा शैक्षिक क्षमताहरुको अभिवृद्धि गरी सर्वसाधारण नागरिकको लागि गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ। निजी विद्यालयहरुले शिक्षाको क्षेत्रमा गरेका अनुभवहरुबाट सार्वजनिक विद्यालयहरुले फाइदा लिनसक्ने वातवारण निर्माण गर्न नियमित रुपमा अनुभव आदान प्रदानका कार्यक्रमहरु मार्फत गुणस्तर अभिवृद्धि गर्न सकिन्छ। हाल सञ्चालित कृषि तथा भेटेरनरी प्राविधिक विषय अध्ययनका अवसरहरुले उद्यम विकास तथा रोजगारिका अवसरहरु सिर्जना हुन्छन् भने यी प्राविधिक विद्यालयहरुको अनुभवबाट थप प्राविधिक विद्यालयहरुको स्थापना, सञ्चालन गरी दक्ष जनशक्ति वढाउन सक्ने देखिन्छ। क्याम्पसको उपलब्धताले उच्च शिक्षाको अवसरहरुलाई सहज बनाएको छ भने उच्चशिक्षाको अवसरले रोजगार, उद्यम विकास तथा सम्बन्ध विस्तारका अवसरहरु सिर्जना भएका छन्।

शैक्षिक संस्थाहरुको विवरण स्तम्भ रेखामा यसरी देखाउन सकिन्छ।



## २.२.३ विद्यार्थीहरुको सङ्ख्या

| तालिका नः ८: विद्यार्थीहरुको सङ्ख्या | | | | |
|---|---|---|---|---|
| छात्र | छात्रा | जम्मा | भर्ना दर | बीचमै छोडेने अवस्था |
| ७,२१० | ७,५५८ | १४,७६८ | ९८ | ८ |
| श्रोतः ठाकुरबाबानगरपालिका २०७५ | | | | |

नगरपालिकाको जम्मा जनसङ्ख्याको २६.२५ प्रतिशत जनसङ्ख्या विद्यार्थीहरुको रहेको छ । (तालिका नं. ३ र ७) विद्यार्थीहरुको यस प्रकारको जनसङ्ख्याले नगरपालिका भित्र दक्ष जनशक्ति उत्पादनको आधार निर्माण भएको छ । हाल सञ्चालनमा रहेका प्राविधिक विद्यालयहरुले प्राविधिक शिक्षा तर्फ विद्यार्थीहरुलाई आकर्षित गरेको छ । विद्यालयमा छात्र तथा छात्राहरुको अनुपात ४९:५१ रहेको छ । छात्राहरुको शिक्षामा भएको यस प्रकारको सहभागिताले लैङ्गिक समानतालाई प्रवर्धन गर्नेछ भने उद्यम विकास तथा रोजगारीका अवसरहरुमा महिला सहभागितालाई सुनिश्चितता गर्ने सम्भावना रहेको देखिन्छ । हाल विद्यालयमा रहेका छात्राहरुलाई प्राविधिक विषयमा उच्च शिक्षा उपलब्ध गराउन सकेमा घरायसी काम र खेतीपातीमा आबद्ध हुने महिला जनशक्तिलाई उच्च आयआर्जन हुने प्राविधिक पेशा, उद्यमशिल विकासमा सहभागिता वढाउन सकिन्छ । त्यसकारण आर्थिक विकासका अवसरहरु सिर्जना गर्न हालका विद्यार्थीहरुको चापलाई व्यवस्थित गर्न र प्राविधिक विषयमा उच्च शिक्षा उपलब्ध गराउने अवसर रहेको छ। यस नगरपालिकामा कृषि तथा पशुपालन, वन विज्ञान, पर्यटन तथा होटल व्यवस्थापन, उद्यमशीलता विकास, खाद्य प्रविधि, नर्सिङ्ग, ईन्जिनियरीङ्ग (सिभिल, मेकानिकल), सूचना प्रविधि (आईसिटी) व्यवस्थापन जस्ता विषयहरुमा प्राविधिक शिक्षा प्रदान गर्ने उच्च शिक्षा सञ्चालन गरेर नगरका युवा पुस्ताहरुलाई विश्वस्तरमा प्रतिस्पर्धी र सक्षम बनाउन सकिने सम्भावना रहेको छ ।

विद्यार्थी संख्यालाई स्तम्भरेखामा यसरी प्रस्तुत गर्न सकिन्छ ।




## २.२.४ जातिगत रुपमा विद्यार्थीहरुको सङ्ख्या

| तालिका नं. : ९ जातिगत रुपमा विद्यार्थी सङ्ख्या | | | |
|---|---|---|---|
| आदिवासी | क्षेत्री | ब्राह्मण | दलित |
| ८,०८४ | २,६०६ | २,५२७ | १,२८२ |
| ५६ प्रतिशत | १८ प्रतिशत | १७ प्रतिशत | ९ प्रतिशत |
| श्रोतः ठाकुरबाबा नगरपालिका, २०७५ | | | |

यस नगरपालिकामा भएको जनसङ्ख्या संरचना अनुसार नै विद्यार्थीहरुको जनसङ्ख्या रहेको छ(तालिका नं. ४ तथा तालिका नं. ९) । शिक्षामा यस प्रकारका विद्यार्थीहरुको सहभागिताले नगरपालिकाको समावेशी सहभागिता, साँस्कृतिक स्वीकार्यता, सामाजिक सदभाव र सहकार्यलाई सुनिश्चितता गरेको छ । नगरभित्रका सबै विद्यालयहरुको संस्थागत तथा शैक्षिक गुणस्तरको अभिवृद्धि गरी सबै विद्यार्थीहरुलाई दक्ष, इमान्दार, चरित्रवान बनाएर स्थानीय स्रोत र साधनमा आधारित उत्पादनका क्रियाकलापहरु सञ्चालन गर्न अभिप्रेरित गर्ने अवसरहरु सिर्जना भएका छन् । विद्यार्थीहरुलाई नेपालको विविधताको बारेमा जानकारी गराएर

एक अर्काप्रति आदार र सम्मान सिर्जना गराई सहकार्य एवम् सदभाव निर्माण गर्ने अवसरहरु सिर्जना भएका छन् । यसै गरी आर्थिक रुपमा विपन्न तथा सामाजिक रुपमा पछाडी पारिएका विद्यार्थीहरुको लागि स्थानीय तहमा नै प्राविधिक तथा उच्च शिक्षा उपलब्ध गराएर आर्थिक विकासका अवसरहरु वृद्धि गर्ने अवसरहरु सिर्जना भएका छन् ।

जातिगत विद्यार्थी विवरणलाई रेखा चित्रमा यसरी देखाउन सकिन्छ ।




## २.३ स्वास्थ्य तथा सरसफाई

| तालिका नं. १०: स्वास्थ्यसेवा प्रदायक संस्थाहरु | | | |
|---|---|---|---|
| स्वास्थ्य संस्थाहरु | सङ्ख्या | उपचारका प्रकारहरु | वडा नं |
| स्वास्थ्य चौकी | ४ | प्राथमिक उपचार | १, ४, ६ र ८ |
| सामुदायिक स्वास्थ्य इकाइ | १ | जाँच र औषधी | ९ |
| सर्षदंश उपचार केन्द्र | १ | सर्पदंश उपचार | ४ |
| गाउँघर क्लिनिक | २० | प्राथमिक उपचार | १ देखि ९ सम्म |
| शहरी स्वास्थ्य केन्द्र | ४ | प्राथमिक उपचार | २, ३, ५, ७ |
| खोप क्लिनिक | २२ | खोप सेवा | १ देखि ९ सम्म |
| महिला स्वास्थ्य स्वयंसेविका | ८३ | परामर्श तथा प्रेषण | १ देखि ९ सम्म |
| श्रोतः ठाकुरबाबानगरपालिका, २०७५ | | | |

यस नगरपालिका भित्र ४ वटा वडामा स्वास्थ्य चौकीहरु, १ सामुदायिक स्वास्थ्य ईकाई, २० वटा गाउँ क्लिनिक, ४ वटा शहरी स्वास्थ्य केन्द्र, एक सर्पदंश केन्द्र, खोप क्लिनिक २२ वटा र ८३ जना महिला स्वास्थ्य स्वयंसेविका रहेका छन् । यी संस्थाहरुले आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गरी रहेका छन् । हाल सम्म प्रदान गरिएको आधारभूत स्वास्थ्य सेवाका कार्यक्रमहरुले नगरवासीहरुलाई स्वास्थ्य प्रति सजग गराएको छ भने स्वास्थ्य केन्द्रबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी पनि गराएको छ । आगामी दिनमा गुणस्तरीय तथा जरुरी सेवाहरु प्रदान गर्नको लागि सुविधा सम्पन्न अस्पताल तथा पर्याप्त मात्रामा (कम्तीमा एक वडामा एक स्वास्थ्य केन्द्र) स्वास्थ्य केन्द्रहरु स्थापना गर्ने अवसरहरु सिर्जना गरेको छ । हाल भइरहेका स्वास्थ्य संस्थाहरुको सबलीकरण र नयाँ स्वास्थ्य संस्थाहरुको स्थापनाले नगरवासीको गुणस्तरीय एवम् स्वस्थ्य जीवनलाई सुनिश्चित गर्नेछ ।

### २.३.१ दक्ष स्वास्थ्यकर्मीहरुको अवस्था:

| तालिका नं. ११: दक्ष स्वास्थ्य कर्मीहरुको विवरण सङ्ख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | जनजाती | वाहुन | क्षेत्री | दलित | मधेशी | अन्य |
| १४ | १९ | ३३ | ५ | ९ | ११ | ३ | ३ | २ |
| महिला स्वास्थ्य स्वयंसेविकाहरुको विवरण | | | | | | | | |
| ८३ | ० | ८३ | ३३ | १८ | २४ | ५ | ० | ३ |
| श्रोतः ठाकुरबाबानगरपालिका, २०७५ | | | | | | | | |

यस नगरपालिकामा हाल अहेव, नर्स, अनमी, ल्याब असिस्टेन्ट जस्ता दक्ष स्वास्थ्यकर्मीहरुको रुपमा ३३ जना कार्यरत रहेका छन् । यसरी हेर्दा यस नगरपालिकामा भएको जनसङ्ख्या (५५,८१४, तालिका नं. ३) र स्वास्थ्यकर्मीको

अनुपात १:५५८ रहेको छ । यसमा चिकित्सकको (एम.वि.वि.एस.) उपस्थिती भने छैन । यस नगरपालिकालाई आवश्यक पर्ने तथा नगरपालिका भित्र चिकित्सा शिक्षाको अवसर सुनिश्चित गर्न एवम् स्वास्थ्य क्षेत्रका विविध विषयका दक्ष जनशक्ति उत्पादन गर्नको लागि स्वास्थ्य सम्बन्धि प्राविधिक शिक्षालय तथा यहाँका विधार्थीहरुलाई चिकित्साशास्त्रको उच्च शिक्षाका लागि अवसरहरु उपलब्ध हुने कार्यक्रमहरु तर्जुमा गर्ने अवसरहरु रहेका छन् ।

दक्ष स्वास्थ्यकर्मिहरुको जातिगत विवरण स्तम्भरेखामा यसरी प्रस्तुत गर्न सकिन्छ ।




## २.३.२ खानेपानी तथा शौचालय सेवाको उपलब्धता

| तालिका नं. १२: खानेपानी तथा शौचालय सेवाको उपलब्धता | |
|---|---|
| सुरक्षित शौंचालय भएका घरघुरी सङ्ख्या | पानी शुद्धीकण गरेर (उमालेर, छानेर खाने घरधुरी) |
| १०६६७ | |
| ८,६०७ | १,३४९ |
| ८० प्रतिशत | १२ प्रतिशत |
| श्रोतः ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण, २०७५ | |

यस नगरपालिकाभित्र रहेका १०६६७ घरधुरीमा मध्य पक्की शौचालय जम्मा ८६०७ (८० प्रतिशत) घरधुरीमा रहेको छ भने पानी शुद्धीकरण गरेर पिउने सुविधा जम्मा १२ प्रतिशत जनसङ्ख्याको लागि उपलब्ध छ । सतप्रतिशत घरधुरीकोलागि पक्की शौचालय र खानेपानीको व्यवस्था गर्न आगामी वर्षहरुमा निरन्तर कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ । हाल भइरहेको अस्थायी शौचालयहरुले सबै घरधुरीका मानिसहरुमा शौचालयका आवश्यकतालाई बोध गराएको हुनाले नगरवासीको सहभागितामा छोटो अवधीमा नै पक्की शौचालय र शुद्ध पिउने पानीका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सकिने अवस्था छ। पक्की शौचालय र खानेपानीको आपूर्ति गर्ने सन्दर्भमा दक्ष जनशक्ति नगरपालिका भित्रको नै प्रयोग गर्न सकेमा थप नयाँ रोजगारका अवसरहरु सिर्जना हुन सक्दछन् ।

## २.३.३ नगरपालिकामा उपलब्ध स्वास्थ्य सेवाहरुः

| तलिका नं. १३: उपलब्ध स्वास्थ्य सेवा | | |
|---|---|---|
| उपलब्ध सुविधाहरु | सेवा उपभोग गर्ने व्यक्ति | स्वास्थ्य विमा गरेका घरधुरी |
| खोप, पोषण, क्षयरोग तथा कुष्ठ रोग सेवा, औलो तथा किटजन्य रोग नियन्त्रण कार्यक्रम, गर्भवति तथा सुत्केरी सेवा, प्रयोगशाला सेवा, भिटामिन ए र जुगाको औषधि, आइरन, परिवार नियोजन, औषधी उपचार, परामर्श, पोषण, गाउँघर क्लिनिक सेवा, खोप सेवा, विद्यालय स्वास्थ्य शिक्षा, किशोर किशोरी मैत्री शिक्षा, किशोरी लक्षित आइरन वितरण सेवा, नसर्ने रोग सम्बन्धि जनचेतना कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम (वृहत पोषण कार्यक्रम), निशुल्क औषधि र उपचार सेवा, सुरक्षित गर्भपतन सेवा, सुचिकृत रोगहरुको निशुल्क उपचार सिफारिस सेवा, सरसफाई कार्यक्रम, राष्ट्रिय रोग निवारण तथा उन्मुलन अभियान सञ्चालन, स्वास्थ्य दिवस सञ्चालन, स्वास्थ्य शिविर सञ्चालन तथा जनचेतना अभियान, महामारी नियन्त्रण, गर्भवति पोषण तथा सुत्केरी यातायात खर्च वितरण, एम्बुलेन्स सेवा, समुदाय परिचालन कार्यक्रम | ५५८१४ | १,४१७ |
| श्रोतः ठाकुरबाबा नगरपालिका, २०७५ | | |

यस नगरपालिकामा स्वास्थ्य क्षेत्रका विविध विषयका सेवाहरुको वितरण सुरुवात भएको छ -तालिका नं. १३)। नगरको सबै घरधुरी र केहि छिमेकी पालिकाका जन समुदायलाई सेवाहरु प्रदान गरिएको छ। यी सेवाहरुलाई सवलीकरण गरेर नगरको जनस्वास्थ्यमा आमुल सुधार ल्याई स्वास्थ जनशक्ति विकास गर्न सकिन्छ भने

रोकथाममा ध्यान दिएर जनस्वास्थ्यमा सुधार ल्याउन सकिन्छ । यस नगरपालिकामा स्वास्थ्य सेवा विमा कार्यक्रमहरु पनि लागु भएको छ र स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिएर शतप्रतिशत जनसङ्ख्याको स्वाथ्य जीवन विमा गर्न सकिन्छ । साथै स्वास्थ्यको आमुल परिवर्तनको मुख्य सुचक वृहत पोषण र स्वास्थ खानेपानी र सरसफाइ भएकोले बृहत् रुपमा यी कार्यक्रमलाई वहुक्षेत्रीय पोषण अन्तर्गत नगरपालिकाले उच्च प्राथमिकता दिई सघन रुपमा यो कार्यक्रम सञ्चालन गरी रहेको छ ।

## २.४ आम्दानीका स्रोतहरु

तालिका नं. १४: आम्दानीका स्रोतहरु

| कृषि (घरधुरी) | मजदुरी (घरधुरी) | वैदेशिक रोजगार (घरधुरी) | ब्यापार (घरधुरी) | सरकारी जागिर (घरधुरी) | गैसस जागिर (घरधुरी) | प्रति परिवार वार्षिक नगद आम्दानी |
|---|---|---|---|---|---|---|
| ६,४९१ | २,८८१ | १,४७५ | ८१२ | ९८० | ७७७ | ९८,३९८ |
| ६० प्रतिशत | २७ प्रतिशत | १३.८२ प्रतिशत | ७ प्रतिशत | ९ प्रतिशत | ७ प्रतिशत | ९८४ अमेरीकी डलर |

श्रोतः ठाकुरबाबानगरपालिका घरधुरी सर्वेक्षण २०७५

यस नगरपालिकाका नागरिकहरुको मुख्य पेशा कृषि रहेको छ भने मजदुरी, वैदेशिक रोजगार, ब्यापार, सरकारी जागिर र गैरसरकारी क्षेत्रको जागिर पनि मुख्य आयस्रोतहरु रहेका छन । २३ प्रतिशत घरधुरीमा आम्दानीका एक भन्दा वढी स्रोतहरु रहेका छन । नगरको भू उपयोग प्रतिवेदन अनुसार यहाँको खेती प्रणाली अत्यन्तै परम्परागत र वर्षमा जम्मा ६ महिना मात्रै खेती गर्ने प्रचलन रहेको छ । यहाँको खेती प्रणालीमा आमुल सुधार गरी १२ महिना नै उन्नत र उच्च मुल्य प्रजातीका बालीहरुको खेती एव दक्ष जनशक्तिको विकास गर्न सके हाल प्रति परिवारको औसत आम्दानी रु ९८३९८ (९८४ अमेरीकी डलर) लाई वृद्धि गर्न सामाजिक उद्यमशिलता स्वराजमूलक सामुहिक लगानीलाई प्रोत्साहन गरिने छ ।

(औसत पारिवारिक आम्दानीमा घरायसी खपतका उत्पादनका मुल्यहरु समावेश गरिएको छैन)

### २.४.१ परम्परागत पेशा तथा व्यवसाय

यस नगरपालिकाको घरधुरीको १५ प्रतिशत घरधुरीहरु परम्परागत पेशा तथा व्यवसायद्वारा जीविकोपार्जन गरी रहेका छन् । परम्परागत पेशा तथा व्यवसायमा संलग्न जनशक्तिहरुको सिप तथा दक्षतामा अभिवृद्धि गरी पेशालाई आधुनिकीकरण गरेर व्यवसायिक बनाउन सकेमा थप आयआर्जन तथा रोजगारिका अवसरहरु सिर्जना हुन्छन् भने अन्धविश्वास र कुरीतिमा आधारित पेशा तथा व्यवसायहरु विस्थापित हुन्छन् । स्थानीय स्तरमा नै सिप विकास केन्द्रहरुको स्थापना गरी परम्परागत सिप तथा व्यवसायको व्यवसायीकरण गरेर स्थानीय श्रोत तथा साधनको सदुपयोगमा वृद्धि गर्न सकिन्छ भने व्यवस्थित बजारीकरणका माध्यमले थप रोजगारी एवम् आय आर्जन गरिने छ ।

तालिका नं. १५: परम्परागत व्यवसाय

| पेशा | आवद्ध घरधुरी |
|---|---|
| फलामका सामग्री | ४६ |
| लुगा सिलाउने | १५३ |
| पशुपालन | ११२५ |
| गहना बनाउने | १० |
| धामी झाक्री | २३ |
| गुरुवाई (थारु) | १२ |
| माछा मार्ने जाल बुन्ने | ११ |
| डोको डालो बुन्ने | १२३ |
| डकर्मी | १०० |
| सिकर्मी | ४० |
| मादल बनाउने | ५ |
| मुर्ति बनाउने | १ |
| माटोको भाडा कुडा बनाउने | ३ |
| जम्मा | १,६५२ |

श्रोतः ठाकुरबाबानगरपालिका घरधुरी सर्वेक्षण २०७५

परम्परागत पेशाको अवस्थालाई वृत्त चित्रमा यसरी देखाउन सकिन्छ ।




## २.४.२ जमिनमाथिको स्वामित्व

| तालिका नं.१६ : जमिनमाथिको स्वामित्व | | |
|---|---|---|
| पुरुष | महिला | संयुक्त |
| ७९ प्रतिशत | १७ प्रतिशत | ४ प्रतिशत |
| श्रोत: ठाकुरबाबानगरपालिका घरधुरी सर्वेक्षण २०७५ | | |

यस नगरको मुख्य उत्पादनको श्रोतको रुपमा कृषि भूमि र जनसङ्ख्या रहेको छ । उत्पादनशील भूमीको रुपमा रहेको जमिनको स्वामित्व महिलाको तुलनामा पुरुषको अधिक रहे पनि महिला र महिला पुरुष दुबैको नाममा पनि रहेको छ (तालिका नं. १६) । यस नगरपालिकामा सम्पत्ति माथि महिला स्वामित्वको स्वीकारोक्ति बढ्दै गएको देखिन्छ। यसबाट नगरपालिकामा महिलाको सक्रियता अभिवृद्धि गरी सामाजिक, राजनीतिक तथा आर्थिक विकास गर्ने अवसरहरु सिर्जना भएका छन् । नगरको आधाभन्दा वढी जनसङ्ख्या भएको महिलाको सक्रिय सहभागितामा मात्रै नगरको सामाजिक तथा आर्थिक रुपान्तरण सम्भव हुने हुँदा जमिनको उत्पादकत्व वृद्धि गर्न महिला तथा पुरुषको क्षमता अभिवृद्धिले नयाँ नयाँ अवसरहरु सिर्जना गर्नेछन ।

जमिनमाथिको स्वामित्वको अवस्थालाई वृत्त चार्टमा यसरी प्रस्तुत गर्न सकिन्छ ।



### २.४.३ खर्चका मुख्य क्षेत्रहरु

यस नगरपालिकाका नागरिकहरुको मुख्य खर्च दैनिक क्रियाकलापहरु सञ्चालनमा रहेका छन्। अधिकांश जनसङ्ख्या कृषिमा आधारित भए पनि खाद्यान्नमा अधिक खर्च हुने गरेको छ । उत्पादनमा वृद्धि गरी खाद्यान्नको आपूर्ति वृद्धि गरेर बचत वृद्धि गर्ने सँभावनाहरु रहेका छन् । त्यसै गरी सबै नागरिकहरुको लागि सहज र गुणस्तरीय प्राविधिक शिक्षाको उपलब्धतामार्फत शिक्षाको खर्चलाई बचत गर्न सक्ने देखिन्छ । नगरवासीहरु सबैको स्वास्थ्य बिमा गरेर सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाका माध्यमले स्वास्थ्यमा हुने गरेको खर्चलाई पनि बचतमा परिणत गर्न सकिन्छ । यसरी बचेको रकमलाई सहकारीहरुमा बचत गरी उद्यम विकासका अवसरहरु सिर्जना गर्न सकिन्छ ।

तालिका नं. : १७ मुख्य खर्चका क्षेत्रहरु

| खर्चका मुख्य क्षेत्रहरु | खर्च प्रतिशत |
|---|---|
| खाना | ३६ प्रतिशत |
| शिक्षा | १४ प्रतिशत |
| स्वास्थ्य | १० प्रतिशत |
| सञ्चार | ८ प्रतिशत |
| लत्ताकपडा | ३ प्रतिशत |
| संस्कार, चाडं पर्व | ३ प्रतिशत |
| विधुत | २ प्रतिशत |
| अन्य | २४ प्रतिशत |

श्रोत: ठाकुरबाबानगरपालिका घरधुरी सर्वेक्षण २०७५

नागरिकहरुको शिर्षकगत खर्चको विवरणलाई स्तम्भमा यसरी देखाउन सकिन्छ ।




### २.४.४ सामाजिक विकास

नगरभित्र छरिएर रहेका जनशक्तिहरुका साझा लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न समुदायमा आधारित संस्थाहरु गठन र परिचालन गरिएको छन्। यस्ता संगठनहरुले स्थानीय नागरिकहरुलाई नेतृत्व विकास गर्ने, सहकार्यको संस्कृति विकास गर्ने, सामाजिक सद्भाव, कुरीतिहरुको अन्त्य र समावेशितालाई व्यवहारिक रुपमा नै कार्यान्वयन गर्ने अवसरहरु प्रदान गरी रहेका छन । यी संस्थाहरुमा संगठित नागरिकहरुले औपचारिक रुपमा वा अनौपचारीक रुपमा आफ्ना अनुभवहरु आदान प्रदान गरेर सिप अभिवृद्धि गर्दै र सामुहिक रुपमा छलफल गरेर निर्णय गर्ने गरेका छन् । यी संस्थाहरुले सामाजिक विसंगति, विकृति, कुरीति, अन्धविश्वास र परम्पराहरुलाई अन्त्य गर्न समान धारणा वनाएर कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने आधारहरु तयार भएका छन् । समुदायमा आधारित संगठनहरुको क्षमता अभिवृद्धि गरी नगरपालिका भित्रका प्राकृतिक, साँस्कृतिक तथा सामाजिक विकासको लागि थप प्रभावकारी र दक्ष बनाउन सकिन्छ । यी सामुदायिक संस्थाहरुलाई सबलीकरण गरेर स्थानीय कुरीति अन्त्य

गर्ने अभियानमा नेतृत्वदायी भूमिका खेल्न अभिप्रेरित गरेर छोटो अवधिमा नै नगरलाई छुवाछुत लगायतका विभेदहरुबाट मुक्त गर्न सकिन्छ । सामाजिक संस्थाहरुले सामाजिक सवलीकरण, आर्थिक, सामाजिक, लैङ्गिक विभेदीकरणको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी स्वास्थ्य, सरसफाइ, शिक्षा, रोजगारी र वातावरणिय संरक्षणमा जनचेतना अभिवृद्धि गरी प्रत्यक्ष सहभागी बढाएका छन् ।

### २.४.१ सामाजिक कुरुतिहरु

| तालिका नं. १९: सामाजिक परम्परा तथा प्रथाहरु | | |
|---|---|---|
| सामाजिक परम्परा तथा प्रथाहरु | प्रभावित जनसङ्ख्या आधार वर्ष २०७५ | नकारात्मक प्रभावहरु |
| छाउपडी | ९०१ परिवार | लैगिक विभेद, हिंसा, असुरक्षा, आत्मसम्मानको अपमान |
| छुवाछुत | ९६० परिवार | अपमान, विभेद, बहिष्करण |
| वालविवाह | ११७ वालक १७० वालिका | असुरक्षा, परनिर्भरता, गरीवि, पछौटेपन |
| दाइजो | नगरपालिका सबै वडामा व्याप्त | सामाजिक द्वन्द्व, लैंगिक हिंसा, पारिवारिक विखण्डन |
| लैगिंक विभेद | नगरपालिकामा सबै वडामा व्याप्त | असमान ज्याला, असमान सहभागिता, वहिष्करण |
| वोक्सी | नगरपालिकामा सबै वडामा व्याप्त | लैगिंक हिंसा, अपमान, असहिष्णुता |
| दुर्व्यसनी | ३६७ | धनजनको क्षति, हिंसा, सामाजिक समस्या |
| श्रोत: ठाकुरबाबानगरपालिका घरधुरी सर्वेक्षण २०७५ | | |

यस नगरपालिकाको विकासको गतिलाई अवरोध गर्ने मुख्य बाधकका रुपमा सामाजिक कुरीतिहरु एवम् नकारात्मक प्रभाव पार्ने परम्परागत मुल्य र मान्यता र समस्याहरु रहेका छन् । यस्ता नकारात्मक सामाजिक मुल्य र मान्यताहरुलाई विस्थापित गरी वैज्ञानिक दृष्टिकोण र सकारात्मक सोँचको विकास गर्न नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने सम्भावनाहरु रहेको छ ।

## २.५ सेवा तथा सुविधाहरु

### २.५.१ सञ्चार सेवा तथा सुविधाहरु

| तालिक नं. २०: सञ्चार सेवा तथा सुविधाहरु | | | | |
|---|---|---|---|---|
| सेवा प्रदायक | सञ्चारका माध्यमहरु | मोवाइल प्रयोगकर्ता जनसंख्या | टिभी प्रयोगकर्ता घरधुरी | इन्टरनेट प्रयोगकर्ता घरधुरी |
| नेपाल टेलीकम, शिशिर केवल नेटवर्क, डिस होम, रेडियो टाइगर एफ एम, World link, Subisu दीक्षा प्रिन्टीङ्ग प्रेस, स्वर्गद्धारी प्रेस | ल्याण्डलाइन टेलिफोन, मोबाईल, टेलिभिजन, रेडियो ईन्टरनेट, पत्रिका, रेडियो | २३,८७२ | ५,८०० | २,६०४ |
| श्रोतः ठाकुरबाबानगरपालिका २०७५ | | | | |

यस नगरपालिकामा सञ्चारको आधारभूत सुविधाहरु उपलब्ध रहेका छन र करिब ५० प्रतिशत जनसङ्ख्याले मोवाइल फोन र ५० प्रतिशत घरधुरीहरुमा टेलिभिजनको प्रयोग छ । सत प्रतिशत जनसङ्ख्याको पहुँचमा रेडियो प्रसारण रहेको छ । करिव २५ प्रतिशत धरधूरीले इन्टरनेट सेवा प्रयोग गर्दछन् । राष्ट्रिय स्तरका पत्रिकाहरु र स्थानीय स्तरमा पनि पत्रिकाहरु प्रकाशन हुने गरेका छन् (तालिका नं. २०) । हाल यहाँ उपलब्ध सञ्चारका माध्यमहरुको सदुपयोग गरेर नगरपालिकाका नागरिकहरुलाई सम्वैधानिक, कानुनी, राजनीतिक, साँस्कृतिक तथा आर्थिक अधिकारहरुको बारेमा सुसुचित गरेर सचेत गराउने अवसरहरु रहेका छन् । नगरपालिका

भित्र सूचनाको हकको सुनिश्चिता, मानवअधिकारको प्रवर्धन, सुशासनको प्रत्याभूति एवम् समावेशी तथा सद्भावयुक्त समाजको निर्माणमा सञ्चार माध्यमहरुको सदुपयोगले थप अवसरहरु सिर्जना गर्नेछ। नागरिकको दक्षतामा अभिवृद्धि गरी दैनिक जीवन निर्वाह तथा जीविकोपार्जन सुधारमा सूचना तथा प्रविधिको प्रयोग गर्ने अवसरहरु रहेका छन्।

## २.५.२ सवारी तथा यातायात साधन

| तालिका नं. २१: सवारी साधन तथा यातायात | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ट्र्याक्टर | वाइक | साइकल | गाडी | ट्रक | बस | जिप | अटो रिक्सा | पावर ट्रेलर | टिप्पर | अन्य |
| १३२ | ८७२ | १७०० | ५ | ५ | २२ | ६२ | ५८ | ४८ | ३ | ४ |
| श्रोत: ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण २०७५ | | | | | | | | | | |

यस नगरपालिकामा यातायातको साधनको रुपमा साईकल र मोटरसाइकलले अधिक मात्रामा रहेका छन भने कृषि प्रयोजनको लागि ट्र्याक्टरको प्रयोग गरिएको छ। निजी तथा सार्वजनिक यातायातको लागि गाडी, ट्रक, बस, जिप, अटो रिक्सा, पावर ट्रेलर, टिपर र अन्य रहेका छन् साधनको रुपमा ट्रक ट्र्याक्टर र ट्रिपर आदि रहेका छन। सामग्री ढुवानीको स्थानीय युवाहरुलाई सवारी साधनहरुको मर्मत तथा सम्भार गर्ने सिपको विकास गरी केही रोजगारीहरुको सिर्जना गर्ने अवसरहरु रहेका छन। खेती प्रणालीलाई आधुनिकीकरण गरेर उत्पादकत्व वृद्धि गर्न ट्र्याक्टर, पावर ट्रेलर लगायतका कृषि यन्त्रहरुको प्रयोगमा वृद्धि गर्न सकिने सम्भावनाहरु रहेको छ।

विद्यमान नगरपालिकामा रहेका यातायात साधनको विवरण रेखाचित्रमा यसरी प्रस्तुत गरिएको छ।




## २.५.३ बैंक तथा वित्तीय संस्था

| तालिका नं. २२: बैंक तथा वित्तीय संस्था | | | | | |
|---|---|---|---|---|---|
| वित्तीय संस्थाहरु | संख्या | बचत व्याजदर | लगानी व्याजदर | लगानी क्षमता | लगानीका प्राथमिकताहरु |
| बाणिज्य बैक | ८ | ७ देखि ८ प्रतिशत | १२ देखि १५ प्रतिशत | आवश्यकता अनुसार | उद्योग व्यवसाय |
| बचत तथा ऋण सहकारी संस्थाहरु | १२ | ७ देखि ८ प्रतिशत | १४ देखि १५ प्रतिशत | ५०, ००० देखि १० लाख सम्म | उद्यम विकास आय आर्जन |
| सहकारी संस्थाहरु | ६ | ८ प्रतिशत | १४ देखि १५ प्रतिशत | ५०, ००० देखि १० लाख सम्म | उद्यम विकास, आयआर्जन |
| कृषि सहकारी | १४ | ८ प्रतिशत | १२ देखि १६ प्रतिशत | ५ लाख सम्म | कृषि कार्य |
| दुग्ध सहकारी | २ | ८ प्रतिशत | १२ देखि १६ प्रतिशत | ५ लाख सम्म | दुग्ध पशुपालन |
| श्रोत: ठाकुरबाबा नगरपालिका सर्वेक्षण २०७५ | | | | | |

नगरपालिका भित्र बाणिज्य बैंकहरुका शाखा तथा स्थानीय नागरिकहरुको सहभागितामा गठित सहकारी एवम् वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् । यी वित्तीय संस्थाहरुहरुको सञ्चालनले उद्यमशीलता विकासको लागि आर्थिक प्रवन्धको व्यवस्थापन गर्ने अवसरहरु सिर्जना गरेका छन् । सहकारी एवम् बचत तथा ऋण समूहहरुको विस्तार गरेर सबै नागरिकको पहुँचमा स्थापित गरी बचत तथा पूँजी निर्माण गर्न सकिने प्रचुर सम्भावना रहेको छ । बचत तथा लगानीको लागि सबै नागरिकको क्षमता अभिवृद्धि गरी स्थानीय स्तरमा बचतका माध्यमले पूँजी निर्माण गरी उद्यमशीलताको विकास गर्ने अवसरहरु रहेका छन् । यहाँका सहकारीहरुलाई प्रतिस्पर्धी वित्तीय संस्थाको रुपमा विकास गर्न नयाँ पुस्तालाई बाणिज्य तथा व्यवस्थापन विषयमा उच्च शिक्षा सञ्चालन गर्ने अवसरहरु पनि रहेका छन् ।

## २.६ भू-उपयोग अवस्था

तालिका नं. २३: भू उपयोग

| भु उपयोग | २०१० | २०१० | २०१८ | २०१८ |
|---|---|---|---|---|
| | क्षेत्रफल वर्ग कि. मि. | प्रतिशत | क्षेत्रफल वर्ग कि. मि | प्रतिशत |
| कृषि | ५९.८८ | ५७.९४ | ४६.१४ (६८०८.८७ विघा) | ४४.६५ |
| जंगल | ३४.६७ | ३३.५५ | २९.९५ | २८.९८ |
| घासे मैदान | ४.९८ | ४.८२ | १२.०३ | ११.६४ |
| वस्ती | १.९० | १.८४ | ८.७१ | ८.४३ |
| अन्य | ०.१७ | ०.१७ | ०.८५ | ०.८२ |
| पानीले ढाकेको | १.७४ | १.६९ | ५.६६ | ५.४८ |
| जम्मा | १०३.३४ | १०० | १०३.३४ | १००.०० |

श्रोत: ठाकुरबाबा नगरपालिका भू उपयोग प्रतिवेदन २०७५



नक्सा १. भू-उपयोगको अवस्था २०१०



नक्सा २. भू-उपयोगको अवस्था २०१८

नगर भित्रको भू भागहरुलाई सुरक्षित र व्यवस्थित गर्नका लागि हाल भइरहेको कृषि भूमि, वन जंगल, घाँसे मैदान र वसोवास क्षेत्रलाई संरक्षण गर्नु पर्दछ । यहाँको जमिनको उत्पादकत्व वृद्धि गर्न जनताको सिप तथा दक्षतामा वृद्धि गरी जमिनको उत्पादकत्व कायम रहने गरी भूमिको उपयोग गर्ने रणनीति अवलम्वन गर्ने अवसरहरु रहेका छन । नगरपालिका भित्र व्यवस्थित एवम् सुरक्षित वस्ती र बजारीकरणको लागि भू उपयोग नीति तर्जुमा गरी लागु गर्नको लागि हाल बसोबास क्षेत्रको लागि भुरिगाउँ, आम्वासा, वकुवा, ठाकुरद्वारा,

शाहीपुर र वगनाहमा व्यवस्थित आवासको रुपमा विस्तार गरेर व्यापारिक क्षेत्रको रुपमा विकास गर्ने तथा वडामा भएका खुला क्षेत्र र सार्वजनिक स्थलहरुलाई संरक्षण गरी व्यवस्थापन गर्ने अवसर तथा सम्भावना रहेको छ ।

२०१० र २०१८ को भूप्रयोगको तुलनात्मक अवस्थालाई रेखा चित्रमा यसरी देखाउन सकिन्छ ।




## नगरपालिकाभित्रका भू - उपयोगका क्षेत्रहरु

१. **कृषि क्षेत्रः** कृषि क्षेत्रमा अन्न बाली उत्पादन, पशुपालन, मत्स्य पालन, कृषि वन प्रवर्धन गर्ने सम्भावनाहरु रहेका छन् । कृषि क्षेत्रको उपयोगका लागि निम्नानुसारका सम्भावनाहरु रहेका छन् ।

तालिका २४: सम्भावित कृषिवालीहरु

| वार्ड | सम्भावना १ | सम्भावना २ |
|---|---|---|
| १ | धान, दलहन, तरकारी, | धान, फलफुल, वेमौसमी तरकारी, फुलखेती |
| २ | धान, दलहन, तरकारी | धान, तरकारी, जडीवुटी, वेमौसमी तरकारी, फुलखेती |
| ३ | माछा, मकै, तरकारी, हिउदे धान | तरकारी, हिउँदे धान, फलफुल वेमौसमी तरकारी, फुलखेती |
| ४ | माछा, हिउँदे धान, मकै, तरकारी | गहुँ, धान, मकै, तरकारी फुलखेती |
| ५ | माछा, धान, मकै, तरकारी, फलफुल | धान, मकै, धान, गहुँ, तरकारी, फुलखेती |
| ६ | धान, दलहन | फलफुल, फुलखेती |
| ७ | धान, दलहन | फलफुल, फुलखेती, तरकारी |
| ८ | धान, दलहन | फलफुल, फुलखेती, तरकारी |
| ९ | धान, तरकारी, मकै, | धान, मकै, तरकारी, फुलखेती, कृषि पर्यटन |

घरधुरी सर्वेक्षण २०७५

२. **आवास क्षेत्र** : आवास क्षेत्रको रुपमा रहेका स्थानहरुमा व्यवस्थित वसोवास, पशुपालन, करेसाबारी, ग्यारेज, बगैचा, फलफुल बगैचा, इनार आदिलाई प्रवर्धन गर्न सकिन्छ ।

३. **व्यापारिक क्षेत्र** : व्यापारिक क्षेत्रहरुका व्यापारिक भवनहरु, प्रदर्शनी स्थल, पेट्रोल पम्प, गोदाम, अस्पताल, बस पार्क, सभा सम्मेलन केन्द्रहरु आदि रहेका छन् र आगामी दिनमा प्रवर्धन गर्न सकिन्छ ।

४. **औद्योगिक क्षेत्र** : औद्योगिक कारखाना सञ्चालनका लागि पर्याप्त सम्भावना भएकोले निश्चित क्षेत्र तोकि औद्योगिक क्षेत्रहरुको विकास, विस्तार गर्न सकिन्छ ।

५. **खानी क्षेत्र** : यस नगरपालिकाको वडा नं ५ खोनपुरका खुनाहा जातिले परम्परागतरुपमा बबई नदिबाट सुन चाल्दै आएको हुँदा उनीहरुको सिपलाई प्रयोग गरी सुन तथा अन्य खनिजजन्य वस्तुहरुको सम्भाव्यता अध्ययन गरी प्रवर्धन तथा विकास गर्न सकिन्छ ।

६. **साँस्कृतिक तथा सम्पदा क्षेत्रहरु** : यस क्षेत्रमा रहेका साँस्कृतिक सम्पदाहरु अन्तर्गत मन्दिर, धार्मिक क्षेत्र, गुम्वा, मस्जिद, मरुवा, चर्च आदिको संरक्षण, संवर्धन र विकास गर्न सकिन्छ ।

७. **नदी, ताल, पानीको स्रोतहरु** : यस नगरपालिका भित्र रहेका ताल, तलैया, नदी, खोला, नहर, पोखरी, सिमसार आदि रहेका छन् । यी क्षेत्रहरुका सम्वर्धन तथा विकास गर्ने सम्भावना रहेका छन् ।

८. **वन क्षेत्र:** यस अन्तर्गत राष्ट्रिय, सामुदायिक, कवुलियती, तथा घाँसे मैदानहरु रहेका छन । यी क्षेत्रहरुको संवर्धन तथा विकास गर्ने सम्भावनाहरु रहेका छन् ।

९. **सार्वजनिक तथा खुला क्षेत्र व्यवस्थापन** : यहाँ भएको सार्वजनिक तथा खुला क्षेत्र व्यवस्थापन तथा निकासा गरी शिक्षालयहरु, सार्वजनिक भवनहरु, सुरक्षा केन्द्र, अस्पताल, पुस्तकालयहरु आदि निर्माण गर्न सकिन्छ ।

१०. **निर्माण सामग्री उत्खनन स्थल** : बबई, ओराई नदिमा पाईने वालुवा ढुंगा, गिट्टी निर्माण सामग्री उत्खनन गरेर व्यवस्थापन गर्ने अवसरहरु रहेका छन् ।

११. **अन्य क्षेत्रहरुको व्यवस्थापन** : नगरपालिका भित्र माथि उल्लिखित बाहेकका क्षेत्रहरुलाई सम्भावना र नयाँ अवसरको आधारमा व्यवस्थापन गरिनेछ ।

## २.७ कृषि तथा पशु विकास

तालिका नं. २५: कृषिका लागि सिँचाइको अवस्था

| वडा नं | विभिन्न ठाउमा सिचाइको अवस्था | स्रोत |
|---|---|---|
| १ | हिउँदमा सीमित सिचाइ | ३० देखि३५ वोरीङ्ग, बबई सिचाईको सर्भे भइसकेको |
| २ | हिउँदमा सीमित सिचाइ | बलाती सिँचाइ, आम्वासा नदी |
| २ | हिउँदमा सीमित सिचाइ | कर्मला सिचाइ, संनमुनिया नदी |
| २ | हिउँदमा सीमित सिचाइ | जहरे सिचाइ, जहरे ताल |
| ३ | वडाको पुर्वी भागमा हिउँदमा सिमित सिंचाई | बबई नदी पुर्वमा, गोदानामा वोरीङ्ग, पश्चिमी क्षेत्रमा ओराही नदी |
| ४ | केही भुभाग वाहेक वडाभरी सिचाई सुविधा भएको | बबई नदी |
| ५ | ९० प्रतिशत भुभागमा | बबई नहर |
| ६ | बोरिङ्गबाट सिंचाई | भुमिगत स्रोत |
| ७ | वर्ष याममा ओराहीवाट सिमित | ओराही खोला |
| ८ | बोरिङ्गबाट सिंचाई | भुमिगत स्रोत |
| ९ | वडा भरी | कर्णालीको सिँचाइ वन्ने अवस्थामा |

श्रोत: ठाकुरबाबा नगरपालिका भू उपयोग प्रतिवेदन २०७५

यस नगरपालिकाको समग्र भू भागको ४५ प्रतिशत भू भाग खेतीयोग्य रहेको छ। (भू उपयोग प्रतिवेदन २०७५)। नगरपालिकाका ९ वटा वडा मध्य ६ वटा वडाहरुमा पूर्ण तथा आंशिक रुपमा सिँचाइ सुविधा उपलब्ध रहेको छ भने ३ वटा वडाहरुमा सिँचाइ सुविधा उपलब्ध छैन। यहाँ सिँचाइको स्रोत उपलब्ध भएको कारण सबै वडामा सिँचाइ सुविधा उपलब्ध गराएर उत्पादकत्व वृद्धि गर्न सक्ने सम्भावना रहेको छ।

तालिका नं. २६: कृषि विकास

| **वालीहरु** | **उत्पादन क्षेत्रफल विघा** | **उत्पादन (क्विन्टल)** | **हालको बजार मुल्य दर प्रति क्विन्टल** | **जम्मा (रुपयाँ)** |
|---|---|---|---|---|
| धान | ६,५३४ | १,१७,६३० | २,२०० | २५८७८६००० |
| गहुँ | ११०१ | १०५२२ | २,६०० | २७३५७२०० |
| मकै | ३७० | ४२६५ | १,७०० | ७२५०५०० |
| दलहन | ३९३७ | ५२९१८ | ६,००० | ३१७५०८००० |
| फलफुल (लिची, कटहर, आँप, | | ८९० | ५,००० | ४४,५०,००० |
| तरकारी | | १६०४४ | ३,५०० | ५,६१,५४,००० |

स्रोत: ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण, २०७५

यस नगरपालिकामा विगतको १० वर्षको तुलनामा खेती योग्य भूमिको क्षेत्रफल घटेको छ। हाल यस नगरपालिकाको कुल क्षेत्रफलको ४५ प्रतिशत भू भाग खेती योग्य रहेको छ। (ठाकुरबाबा भू-उपयोग प्रतिवेदन २०७५) यहाँका मुख्यवालीको रुपमा धान, गहुँ, मकै र दलहन वालीहरु रहेका छन्। यहाँका उत्पादनको खपत नगरपालिका भित्र नै हुने गरेको छ भने मकै तथा दलहन निर्यात भएको अवस्था छ। धानको तुलनामा अन्यवालीहरु निकै कम क्षेत्रफलमा खेती गर्ने गरिएको छ। घरायसी प्रयोजनका लागि तोरी, सर्स्यु र सुर्यमुखी उत्पादन गरिन्छ। घरायसी प्रयोजनको लागि मौसमी फलफुल र मौसमी तरकारीहरुको उत्पादन समेत हुने गरेको छ। यहाँको मुख्य पेशा कृषि नै भए पनि यहाँको खेतवारीहरुमा वर्षमा ६ महिना भन्दा वढि खेती गरिँदैन। यहाँको खेती प्रणाली परम्परागत र शारीरिक श्रममा नै आधारित भएकोले थोरै उत्पादनको लागि अधिक मिहिनेत गर्नु पर्दछ।

## खेतवारीको उपयोगको अवस्था

तालिका नं. २७ : खेतवारी उपयोगको अवस्था

| वालि | खेती गरिने महिना (१ बैशाख .... १२ चैत्र) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| धान | | | | | | | | | | | | |
| मुसुरो, गहुँ, तोरी + | | | | | | | | | | | | |
| मकै ++ | | | | | | | | | | | | |
| तोरी ++ | | | | | | | | | | | | |

तुलनात्मक रुपमा होचो जमिनमा धान लगाइन्छ। ++ तुलनात्मक रुपमा उचो जमिन, सिचाइ सुविधा छैन। खाली समय

श्रोतः ठाकुरबाबानगरपालिका भू-उपयोग प्रतिवेदन २०७५

कृषि प्रणालीमा रुपान्तरण गर्न सबै कृषकहरुको क्षमता अभिवृद्धि गरी, कृषि प्रणालीलाई आधुनिकीकरण गरेर उत्पादकत्वमा अधिकतम वृद्धि गर्ने सम्भावनाहरु रहेका छन्। कृषिका लागि आवश्यक पर्ने औजारहरु, सामग्रीहरु, प्राविधिक सेवाहरु, सूचना केन्द्रहरु, पारिवारिक व्यावसायिक योजनाहरु, सूचना तथा प्रविधिको उपयोग, भौतिक पूर्वाधार तथा संरचनाहरुको विकास, उत्पादित वस्तुहरुको व्यवस्थित बजारीकरणका माध्यमवाट कृषि प्रणालीमा रुपान्तरण गर्ने अवसरहरु रहेका छन्।

## नगदेवालीको अवस्था

तालिका २८: नगदेवाली उत्पादनको अवस्था

| वार्ड | नगदेवाली | वस्ती | कैफियत |
|---|---|---|---|
| १ | तरकारी | सिंहबाहिनी | १२ घरधुरी |
| | | खोदाउ | १० घरधुरी |
| | | भुरिगाउँ | १३ घरधुरी |
| २ | तरकारी | सुजनपुर, सतघरुवा, खुलपुर, पेरहनी, कर्मला | ३० घरधुरी |
| | चैते मकै | सुजनपुर | ११ घरधुरी |
| | चैते मकै | कर्मला | ५ घरधुरी |
| ३ | तरकारी | जुडपानी | ५ धुरी |
| | माछा | मानपुर | २ घरधुरी |
| | आँप र लिचि | नेउलापुर | ५ घरधुरी |
| ४ | हिउँदे तरकारी | वर्गदा | ५० घरधुरी |
| | मत्स्य पालन | बावनपुर | ७ विगाह,<br>४ घरधुरी |
| | | तकिया | ६ घरधुरी |
| | | गोविन्दपुर | १ घरधुरी |

| वार्ड | नगदेवाली | वस्ती | कैफियत |
|---|---|---|---|
| ५ | तरकारी | खोनपुर | ५ घरधुरी |
| | माछा | वनकट्टी | ४ विगाह |
| | माछा | बनविरपुर | ५ विगाह |
| | माछा | शाहीपुर | ३ विगाहा |
| ६ | तरकारी खेति | बकुवा | ४ घरधुरी |
| ७ | माछा | मोहनपुर | १ घरधुरी |
| ८ | आँप र लिचि | मढेला | १ घरधुरी |
| | माछा | भुड्कैया, मढेला | १ घरधुरी |
| ९ | तरकारी | ठाकुरद्वारा | १ घरधुरी |
| | माछा | वेतहनी | १ घरधुरी |
| श्रोतः ठाकुरबाबा भू उपयोग प्रतिवेदन २०७५ | | | |

यस नगरपालिका भित्र नगदेबालीको रुपमा तरकारी, माछापालन, मकै खेती र फलफूलहरु रहेका छन् भने केहि सीमित घरधुरी मात्रै नगदेबाली खेतीमा संलग्न रहेका छन् । यहाँको उत्पादनमुलक भूमिमा नगदेबाली प्रवर्धन गरेर उत्पादकत्व वृद्धि गरी आयआर्जन तथा रोजगारीका अवसरहरु सिर्जना गर्ने सम्भावना रहेका छन् ।

किसानहरुको क्षमता अभिवृद्धि गरी आधारभूत पूर्वाधारहरुको निर्माण गरी बिउ मलखाद र रोग किराको उपचार व्यवस्थापन गर्न सकेमा हाल भइरहेको खेती प्रणालीमा निम्नानुसार उत्पादकत्व वृद्धि गर्न सक्ने सम्भावना रहेको छ ।

तालिका नं. २९ अन्न बाली तथा तरकारी उत्पादन संभावना

| वाली | ठाकुरबाबा नगर पालिकाको प्रति विघा उत्पादन क्विन्टल | नेपालको प्रति विघा अधिकतम उत्पादन क्विन्टल | प्रति विघा संभावित उत्पादन क्विन्टल ठाकुरबाबा | हाल उत्पादित क्षेत्रफल विघा | सम्भावित क्षेत्रफल विगाह (६८०८ विघा) | हालको उत्पादन क्विन्टल | सम्भावित उत्पादन क्विन्टल |
|---|---|---|---|---|---|---|---|
| धान | १५ | ३८ | २९ | ६५३४ | ६७६६ | १,१७,६३० | १,८१,३०८ |
| गहुँ | १० | ३६ | २७ | ११०१ | ३,१२६ | १०५२२ | ८४,४०२ |
| मकै | १० | ३३ | २५ | ३७० | ४,६८९ | ४२६५ | १,१७,२२५ |
| दलहन | १४ | १४ | १४ | ३९३७ | ४५३२ | ५२९१८ | ४३,७६४ |
| आलु | | १९ | १५ | ८६७ | १,६६८ | | २५,०२० |
| श्रोतः Statistical Information on Nepalese Agriculture 2072/2074, MOAD तथा ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण २०७५ | | | | | | | |

नेपालमा प्रति विघा धानको उत्पादन ३८ क्विन्टल, गहुँ ३६ क्विन्टल, मकै ३३ क्विन्टल, दलहन १४ क्विन्टल र आलु १९ क्विन्टलसम्म हुने गरेको छ । ठाकुरबाबा नगरपालिका आधारभूत रुपमा कृषिमा आश्रित रहेको र कृषि उत्पादनको दृष्टिकोणले अत्यन्तै उपयुक्त हावापानी र माटो भएको कारणले अधिकतम उत्पादनको ७५ प्रतिशतकै हाराहारीमा उत्पादन हुँदा पनि तालिका नं. २६ मा उल्लेख गरिए अनुसार वृद्धि हुन जान्छ । यस्तो अवस्थामा नगरको उत्पादन हाल भइरहेको भन्दा दुई गुणा हुन जान्छ र सबै अन्न बालीहरु निर्यात गरी आम्दानी वृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

## २.७.१ पशु पंक्षी पालन

| तालिका नं. ३० : पशु पंक्षीपालनको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| पशु पंक्षी पालन विवरण | घरधुरी | कृषि पेशा अपनाउनेहरु (६४९१ घरधुरी) मध्यबाट पशुपालक घरधुरी प्रतिशत | पशु संख्या | | |
| | | | स्थानीय | उन्नत | जम्मा |
| रागा तथा भैसी | २,४८९ | ३८ प्रतिशत | ४,०५० | २,४८९ | ६,५३९ |
| गाई गोरु | ९५० | १४ प्रतिशत | १,४०० | ३९० | १,७९० |
| खसी तथा वाखाहरु | ३,७६६ | ५८ प्रतिशत | ५,४१६ | ३,७९० | ९,२०६ |
| वंगुर | ३,०८३ | ४७ प्रतिशत | २,२७६ | ५,८७८ | ८,१५४ |
| कुखुरा | ७४८ | ११ प्रतिशत | ७१७ | ५,८७८ | ६,५९५ |
| माछा | २६ | ०.४ प्रतिशत | २९ पोखरी | | |
| श्रोतः ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण २०७५ | | | | | |

यस नगरपालिकामा पशुपालन आर्थिक विकासको आधारको रुपमा रहेको छ । यहाँका किसानहरुमा उन्नत जातका पशु चौपाया तथा पंक्षीपालन तर्फ आकर्षण देखिन्छ । कृषि पेशा अपनाउने किसानहरु मध्ये पनि थोरै मात्रामा पशुपालनमा संलग्न र पशुपालनको आकार पनि सानो भएको कारण हाल भइरहेका पशु तथा पंक्षीपालन (तालिका नं. १८) बाट भएको उत्पादन आन्तरिक रुपमा नै खपत भईरहेको छ । हाल पशु तथा पंक्षीपालन गरीरहेका किसानहरुलाई पशु तथा पंक्षीपालनको आकार वृद्धि गर्न प्रोत्साहित गर्दै कृषि पेशामा आबद्ध र मजदुरी तथा अन्य पेशामा आवद्ध नागरिकहरुलाई पनि पशु तथा पंक्षीपालनतर्फ आकषर्ण गरी व्यवसायिक पशु तथा पंक्षीपालनको अभिवृद्धि गरी आय आर्जन तथा रोजगारीका अवसरहरु सिर्जना गर्ने प्रचुर सम्भावनाहरु रहेको छ ।

## २.७.२ पशु विकास

| तालिका नं. ३१: पशुसेवा केन्द्र | |
|---|---|
| कृत्रिम गर्भाधान सेवा | १ ठाउँ |
| दुध संकलन केन्द्र | ८ वटा |
| दुध डेरी | ३ वटा |
| श्रोतः ठाकुरबाबा नगरपालिका, २०७५ | |

यस नगरपालिकामा पशु विकास सेवा केन्द्रहरु विकास हुने क्रममा रहेका छन् । पशुको कृत्रिम गर्भाधान गराउने सुविधाको शुरुवातबाट किसानहरुले उन्नत जातका पशुपालनलाई विस्तार गर्न सकेका छन् । यसले गर्दा पशुमा आधारित उद्यमशीलताको विकास अर्को महत्वपूर्ण आयाम रहेको छ । हाल यस नगरपालिका भित्र ८ वटा दुध संकलन केन्द्रहरु रहेका छन् । यी सेवा केन्द्रहरुले किसानलाई व्यवसायिक उत्पादनको लागि प्रोत्साहित गरिरहेका छन् भने पशु, माछा र पंक्षीको व्यवसायीक पालनका लागि आवश्यक पर्ने सबै प्रकारका सुविधा सम्पन्न सेवा केन्द्रहरुको स्थापना, बिमा कार्यक्रम, पशुपालक किसानहरुको क्षमता अभिवृद्धि र पशुपंक्षीमा आधारित उद्यम विकासको प्रवर्धनले आयआर्जन तथा रोजगारका अवसरहरु वृद्धि गर्न सकिने सम्भावनाहरु देखिन्छ ।

# २.८ वन तथा वातावरण

| तालिका नं. ३२: वनको अवस्था | | |
|---|---|---|
| वनको प्रकार | सङ्ख्या | हैसियत |
| जम्मा वन क्षेत्र | २८.९८ प्रतिशत | सामान्य |
| राष्ट्रिय निकुञ्ज | १ वटा | राम्रो |
| **सामुदायिक वन** | | |
| मध्यवर्ती क्षेत्र सा.वन | १३ वटा | सामान्य . |

यस नगरपालिकाको सीमानामा संरक्षित वनको रुपमा बर्दिया राष्ट्रिय निकुञ्ज रहेको छ । यस राष्ट्रिय निकुञ्जले नगरको आर्थिक विकासमा पर्यटन प्रवर्धन गर्न महत्वपूर्ण योगदान दिइरहेको छ । यस नगरपालिकाको कुल क्षेत्रफलको २९.९८ प्रतिशत क्षेत्रफल वनजंगलले ढाकेको छ भने ११.६४ प्रतिशत

| | | |
|---|---|---|
| सामुदायिक वन | २७ वटा | हैसियत विग्रेका ५, सामान्य २ र राम्रो २० |
| धार्मिक वन | १ वटा | सामान्य |
| सडक किनारा | | खालि |
| नदी किनार | | खालि |
| सार्वजनिक जग्गाहरु | | खालि |
| घाँसे मैदान | ११.६४ प्रतिशत | सामान्य |
| श्रोतः ठाकुरबाबा नगरपालिका सर्वेक्षण २०७५ | | |

भू भाग घाँसे मैदानले ओगटेको छ । यहाँको वनका मुख्य प्रजातिहरुमा साल, सिसौ, अस्ना, खयर, कोइरालो, टाँकी, जामुन, क्यामुन, सिमल, लगायत कुरीलो, अमला आदि जस्ता जडीवुटीहरु उपलब्ध छन् । नगरपालिकाभित्र सामुदायिक वनहरुका वैज्ञानिक वन व्यवस्थापन गरेर वनका उत्पादकत्व वृद्धि गर्न सक्ने सम्भावना रहेको छ । धार्मिक वनक्षेत्र, सडक किनारा, नदीको किनाराहरु र सार्वजनिक जग्गाहरुमा बहुउद्देश्यीय प्रजातिहरुको वृक्षारोपण गरेर वृक्षहरुको सङ्ख्या र वन विकास गर्न सकिने सम्भावना रहेको छ ।

## २.८.१ वनबाट प्राप्त सेवा तथा सुविधाहरु

| तालिका नं. ३३: वनवाट प्राप्त सेवा तथा सुविधा | | |
|---|---|---|
| सामुदायिक वनले प्रदान गरेका सेवा तथा सुविधाहरु | परिमाण | रकम रु. |
| काठ उत्पादन तथा बिक्रि वितरण | १३, ८५२ घन फिट | १,६५,५६,२०० |
| रोजगारी | ४० जना | |
| वन संरक्षण | ३९ वटा वन | |
| सामुदायिक वनका भवन | १० वटा | |
| प्रतिक्षालय निर्माण | १ वटा | |
| प्रति सामुदायिक वनको औसत वार्षिक आम्दानी | ३९ | १,२९,००,००० |
| श्रोतः ठाकुरबाबा नगरपालिका २०७५ | | |

यस नगरपालिकाभित्र रहेका सामुदायिक वनहरुले नगर विकास र नगरवासीहरुको जीवनयापनमा महत्वपूर्ण योगदान दिएका छन् । सामुदायिक वनको नेतृत्वमा काठहरुको उत्पादन तथा विक्री वितरण, स्थानीय स्तरमा रोजगार सिर्जना, सामुदायिक भवनको निर्माण, स्थानीय स्तरमा नेतृत्वको विकास, क्षमता अभिवृद्धि एवम आयमूलक कार्यक्रमहरु सञ्चालन गरिएको छन् । यसका अलावा यस नगरभित्रका वनहरुले वातावरणीय सेवाहरु निरन्तर रुपमा प्रदान गरिरहेका छन । सामुदायिक वन तथा वनको वैज्ञानिक व्यवस्थापन गरेर उपभोक्ताहरुको वैज्ञानिक वन व्यवस्थापन क्षमता अभिवृद्धि हुने अवसरहरु सिर्जना हुन्छ र वनको उत्पादकत्व वृद्धि हुन्छ। सामुदायिक वनको वैज्ञानिक व्यवस्थापनका माध्यमले रोजगारीको सिर्जना, वनमा आधारित उद्यम विकास, सामुदायिक विकासका कार्यक्रमहरु, आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने अवसरहरु सिर्जना हुन्छन् । सामुदायिक वनहरुको वैज्ञानिक व्यवस्थापन गरीसामुदायिक वनहरुलाई नमुना वनको रुपमा विकास गरेर वन संरक्षण, पर्यापर्यटन, वन अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने अवसरहरु छन् ।

## २.८.२ वन्यजन्तुबाट क्षति

| तालिका नं. ३४: वन्यजन्तुबाट क्षति (आधारवर्ष २०७५) | | | |
|---|---|---|---|
| वन्यजन्तुले क्षति | क्षति भएको घरपालुवा पशुको सङ्ख्या | प्रभावित परिवार | क्षति गर्ने जनावरहरु |
| घरपालुवा पशु तथा पंक्षीलाई आक्रमण (भेडा,वाखा, भैसी, गाई, गोरु वंगुर, कुखुरा ) | ४,०१७ वटा | ३५७ घरपरिवार | वाघ, चितुवा, स्याल, |
| वन्यजन्तुवाट मानिस मृत्यु संख्या | १४ जना | १४ घरपरिवार | हात्ति, गैंडा, बाघ |
| घर गोठ भत्काएको | २५३ जना | २५० घरपरिवार | हात्ति, गैंडा |
| श्रोतः ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण २०७५ | | | |

यो नगरपालिका बर्दिया राष्ट्रिय निकुञ्जको नजिक भएको कारण वन्यजन्तुहरुसँग प्रत्यक्ष सरोकार राख्दछ । बेलाबेलामा वन्यजन्तुहरुको वस्ति र खेतीवारीमा हुने विचरणले किसानहरुका पशुचौपाया, पंक्षी र घर तथा खेतीवारीमा प्रत्यक्ष असर परिरहेको छ । राष्ट्रिय निकुञ्जसँग खुला सिमाना भएको कारण यो नियमित गतिविधीको रुपमा रहेको छ । हाल नगरवासीहरुले भोगिरहेका समस्याहरुको स्थायी समाधानको लागि राष्ट्रिय निकुञ्ज र वस्तीको सिमानामा सुरक्षित स्थायी अवरोध तथा खेती प्रणालीमा परिवर्तन आवश्यक रहेको छ । वन्यजन्तुहरुबाट मानविय क्षति भएका किसानहरुका पशुचौपाया, पंक्षी र घर तथा खेतीवारीमा पार्ने प्रत्यक्ष हानी नोक्सानीलाई कम गर्न नगरपालिकाले वनको सीमाना नजिकमा पोखरीहरु निर्माण गरी माछा खेती तथा वन्यजन्तुले नोक्सान नगर्ने प्रकारका बालीहरु उत्पादनमा नागरिकहरुलाई प्रोत्साहित गरेर उत्पादन बृद्धि गर्ने सम्भावनाहरु रहेका छन् । निकुञ्ज सिमानामा घरधुरीलाई पक्कि घर निर्माणमा लागत सहभागितामा अनुदान सहयोग गर्न सकिने छ ।

### २.८.३ जलाधार तथा जलस्रोत

यो नगरपालिका कर्णाली र बबई जस्ता ठुला नदी तथा आम्वासा, ओराहि, तलवेलुवा, जम्ति, बबई, खौराह खोला, खयरभट्टी, ग्याँङ् खोलाहरुको जलाधार क्षेत्र हो । यसका अलावा नगरभित्र प्रयोग हुने भूमिगत जल, नाला, पोखरी आदिको जलाधार क्षेत्र पनि हो (अनुसूचि १८) । जलाधारहरुको संरक्षण, सम्वर्धन र विकास गर्न अन्तरसम्बन्धित विषयका कार्यक्रमहरु जस्तै वन, कृषि, सडक, आदिसँग तारतम्य मिल्ने गरी एकिकृत उप जलाधार व्यवस्थापन योजना तर्जुमा गरी प्राथमिकता प्राप्त कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्भावनाहरु रहेका छन् ।

## २.९ जलवायु परिवर्तन

तालिका नं. ३५: जलवायु परिवर्तनका असहरु र प्रभावित घरधुरी सङ्ख्या

| जलवायु परिवर्नका असरहरु | प्रभावित घरधुरी |
|---|---|
| वाढी, सुख्खा, गर्मी, सितलहर, मौसमी रोगहरु (झाडा पखाला, आँखा पाक्ने, जण्डीस) | १०,८१४ |

श्रोतः ठाकुरबाबानगरपालिका घरधुरी सर्वेक्षण २०७५

नगरपालिकामा जलवायु परिवर्तनका असरहरुले दैनिक जनजीवन र उत्पादनमा प्रभाव पारेको छ । अतिवृष्टिका कारण वाढी र खेतीयोग्य भूमिको कटान, फसल पाक्ने बेलामा फसलमा क्षति, सुख्खा/खडेरीको कारण उत्पादनमा कमि र उत्पादन चक्रमा नै प्रतिकुल प्रभाव परेको छ । अत्यधिक गर्मीका कारण लु चल्ने र शीतलहरका कारण जन स्वास्थ्यमा प्रतिकुल असर पर्ने र कार्यक्षमतामा ह्रास आउने एवम् उत्पादन प्रणालीमा समेत असर गरेको छ । यसका साथै जलवायु परिवर्तनको प्रतिकुल प्रभावका कारण आँखा पाक्ने, झाडा पखाला, जण्डिस जस्ता रोगहरुको प्रभाव देखिएको छ । जलवायु परिवर्तन अनुकुलन र यसका नकारात्मक असर न्यूनिकरणका लागि जनचेतनमा अभिवृद्धि गर्दै समुदाय स्तरको जलवायु परिवर्तन अनुकुल तथा नकारात्मक असर न्यूनिकरण योजना तर्जुमा तथा कार्यान्वयन आवश्यक छ । साझा समस्याहरुमा साझा दृष्टिकोण निर्माण गर्दै समुदायको उत्थानशीलता अर्थात समानुकुलन क्षमता अभिवृद्धि गरेर नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न सकिन्छ । नगरवासीहरुको क्षमता अभिवृद्धि गरी परिवर्तित जलवायु र मौसम अनुसार उपयुक्त उत्पादन प्रणालीको विकास गरी उत्पादन तथा आयआर्जनका अवसरहरु सिर्जना गर्ने रणनीति तय गरेर कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने अवसरहरु रहेका छन् ।

## विपद जोखिम व्यवस्थापन

| तालिका नं. ३६: विपद जोखिम व्यवस्थापन | | |
|---|---|---|
| सम्भावित विपद जोखिमहरु | वाढीका स्रोतहरु | सम्भावित जोखिमपुर्ण क्षेत्रहरु |
| अतिवृष्टि डुवान, कटान, पटान, आगलागि, सुख्खा/खडेरी, हुरी वतास, लु, शीतलहर, वन्यजन्तुवाट मानविय क्षति र घरगोठ भत्काउने | बबईनदी,तलवेलुवा खोला, वडवरुवा खोला,जम्ती नाला, अम्वासा, दानवताल, कर्मला खोला, गिंठे, रजकुला, ओराही, खोकरपुर, सुखाड, दुन्द्राखोला, खौराला खोला, वन्यजन्तु | डुम्रेनी, सिंहवाहिनि, खोदाउ, भुरीगाउँ, वलाँती, कर्मला, रानीपुर, मानपुर, मिर्चैया, जुडपानी, नेउलापुर, गीदरपुर, गोदाना, वर्गदा देखि खैलारसम्म, मोतीपुर, तुलसीपुर, मनिकापुर, बकुवा, लठुवा, वनखेत, बन्तरिया, मंदिरटोल, वन्तरिया, हात्तीसार, सुतैया, भुड्कैया, चिटकैया, ठाकुरद्वारा बजार, गोब्रेला, मोहनपुर |
| स्रोतः ठाकुरबाबा नगरपालिका सर्वेक्षण २०७५ | | |

यस नगरपालिकमा वर्षाको समयमा अति वृष्टिका कारण नगरपालिकाका विभिन्न क्षेत्रहरुमा भएका खोला तथा नदीहरुमा आउने वाढीको कारण डुबान, नदीकटान, पटान जस्ता बिपद जोखिमहरु रहेका छन (तालिका १६)। हिँउद तथा गर्मी मौसममा सुख्खा/खडेरी पर्दा आगलागिको जोखिम रहेको छ। नगरपालिकाले विपद जोखिम न्यूनिकरणमा व्यक्तिगत तहदेखि वडा तथा नगरस्तरमा संगठित कार्यक्रमहरु सञ्चालन गरी जनचेतना लगायत जलाधार संरक्षण तथा भौतिक पूर्वाधार निर्माण सम्मका कार्यक्रमहरु सञ्चालनका सम्भावनाहरु रहेका छन्।

## २.१० पर्यटन, साँस्कृतिक सम्पदा तथा धरोहर

| तालिका नं. ३७: साँस्कृतिक सम्पदा | | | | | |
|---|---|---|---|---|---|
| मन्दिर | चर्च | मरुवा | मस्जिद | जनजाति संग्रहालय | थारु संग्रहालय |
| २७ वटा | १५ वटा | १९ वटा | ० | १ | १ वटा |
| श्रोतः ठाकुरबाबा नगरपालिका सर्वेक्षण २०७५ | | | | | |

यो नगरपालिकका ऐतिहासिक साँस्कृतिक सम्पदाले भरिपूर्ण रहेको छ र यहाँ भएका ऐतिहासिक साँस्कृतिक धरोहरहरुले नगरलाई देशका अन्य भू-भागहरुसँग जोडेको छ। हाल रहेका साँस्कृतिक सम्पदाहरुलाई व्यवस्थित गरेर यी सम्पदाहरुले आर्जन गर्ने विश्वास, आस्था र आयलाई पारदर्शी रुपमा व्यवस्थापन गरेर धार्मिक तथा शैक्षिक पर्यटनको विकास गर्न सकिन्छ।

नगरपालिकामा रहेको धार्मिक संस्थाहरुको विवरण स्तम्भ रेखामा यसरी देखाउन सकिन्छ।



## २.१०.१ पर्यटन सेवा तथा सुविधाहरु

| तालिका नं. ३८ : पर्यटन सेवा तथा सुविधाहरु | |
|---|---|
| पर्यटन सम्बन्धि सूचनाहरु | संख्या |
| होटलहरु | ३३ वटा |
| होम स्टे | १४ घरधुरी |
| पर्यटन क्षेत्र | भुरीगाउँ, बबई नदीपुल, बबई क्षेत्र, गोविन्दपुर, वेतहनी, ठाकुरद्वारा, हात्तीसार, कर्णाली पुल |
| वार्षिक पर्यटन आगमन | ९५,९६० जना |
| होटलहरुको क्षमता | ८०० वेड |
| होम स्टेको क्षमता | २० वेड |
| प्रत्यक्ष रोजगारी | ४०० जना |
| श्रोतः ठाकुरबाबा नगरपालिका, २०७५ | |

यो नगरपालिका विश्व पर्यटन कै एक उत्कृष्ट गन्तव्य हो । वर्तमानमा यहाँको पर्यटनले रोजगारी सिर्जना, आय आर्जन, साना तथा मझौला व्यसायको प्रवर्धन, पर्यटन उद्यमशीलता विकास, उद्यम विकास, पर्यावरणीय जनचेतना, सम्बन्ध विस्तार जस्ता कुराहरुमा योगदान दिएको छ। हालको पर्यटन व्यवसायले प्रत्यक्ष रुपमा करिब ४०० जनालाई रोजगारी दिएको छ ।

यहाँका नागरिकहरुको क्षमता अभिवृद्धि गरी गुणस्तरीय पर्यटन प्रवर्धनका लागि लगानी वृद्धि गर्ने, व्यवसायको क्षमता अभिवृद्धि गर्ने, सेवा तथा सुविधाहरुको विस्तार, होटल तथा होम स्टेको विस्तार, स्थानीय पहिचानमा आधारित उद्यम विकास जस्ता कार्यक्रमहरुले पर्यटन प्रवर्धनका अवसरहरुलाई वृद्धि गरी नगरभित्र थप रोजगार तथा आयआर्जनका अवसरहरु वृद्धि गर्न सकिन्छ ।

## २.११ उर्जा तथा शक्ति

| तालिका नं. ३९ : उर्जा तथा शक्तिको श्रोत | | | | | | |
|---|---|---|---|---|---|---|
| उर्जा प्रयोग | विजुली | गोबर ग्यास | दाउरा | एलपी ग्यास | मट्टितेल | सोलार |
| खाना पकाउन | १२५ घरधुरी | १,२१६ घरधुरी | ७,२८८ घरधुरी | १,९०४ घरधुरी | १३४ घरधुरी | |
| | २ प्रतिशत | ११ प्रतिशत | ६८ प्रतिशत | १८ प्रतिशत | १ प्रतिशत | |
| उज्यालो बत्ति | ९,४९८ घरधुरी | ५ घरधुरी | | | ९९घरधुरी | १,३२९ घरधुरी |
| | ८८ प्रतिशत | | | | १ प्रतिशत | ११ प्रतिशत |
| श्रोतः ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण, २०७५ | | | | | | |

यस नगरपालिका ६८ प्रतिशत घर धुरीले खाना पकाउनको लागि दाउरामा निर्भर रहेका छन भने बिजुली, गोबर ग्याँस र एलपि ग्याँसको प्रयोग पनि वढ्दो छ । उर्जा उपयोगमा नगरवासीको बदलिँदो व्यवहारले वनमा आधारित उर्जाको निर्भरतालाई कम गर्न वैकल्पिक उर्जा वा दाउराको खपतमा कम हुने प्रकारका उन्नत चुल्होको व्यवस्था गरेर वनमा आधारित उर्जालाई निरन्तर आपूर्ति गर्नको लागि वन व्यवस्थापन गरी वनको उत्पादकत्व वृद्धि गर्न उपभोक्ताहरुको क्षमता र दक्षतामा वृद्धि गर्ने अवसरहरु रहेका छन् ।

नगरबासिले विद्यमान अवस्थामा प्रयोग गर्ने उर्जाको विषयलाई स्तम्भरेखामा यसरी प्रस्तुत गर्न सकिन्छ ।



## २.१२ उद्योग

| तालिका नं. ४० : उद्योग | | | |
|---|---|---|---|
| उद्योगका प्रकार | संख्या | रोजगारी | उद्योगका प्रकारहरु |
| साना उद्योग | ३४ वटा | ११० जना | पाउरोटी, ग्रील, अगरबत्ति, साबुन, फर्निचर, तेल, राईसमिल |
| मझौला उद्योग | ५ वटा | ९६ जना | ह्युम पाईप, खाद्य पदार्थ, ईट्टा उद्योग, पोल्ट्री फर्म, कृषि फर्म |
| श्रोतः ठाकुरबाबा नगरपालिका २०७५ | | | |

यस नगरपालिका भित्र उद्यम तथा उद्योग विकासको प्रक्रियाहरु पनि सुरु भएको छ। नगरभित्र साना तथा मझौला उद्योगहरुको विकासको आधारशीला तयार भएका छन। यी उद्योगहरुले स्थानीय स्रोत र साधनमा आधारित उद्यमहरु सञ्चालन गरेर आय आर्जन तथा रोजगारीका अवसरहरु सिर्जना गरेका छन्। उद्यम प्रवर्धन गर्नको लागि सीप विकास तथा उद्यम प्रवर्धन केन्द्रहरुको स्थापना गरी नगरवासीहरुमा उद्यमशीलताको विकास गरेर स्थानीय स्रोत तथा साधनमा आधारित साना, मझौला एवम ठला उद्योगहरुको विकास तथा विस्तार गर्न आवश्यक नीतिहरु तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने अवसरहरु सिर्जना भएका छन्।

## २.१३ भौतिक पूर्वाधार तथा संरचनाहरु

| तालिका नं. ४१: भौतिक पूर्वाधार | |
|---|---|
| **वडा नं** | **विकास वा आयोजनाहरुको नाम** |
| १ | भुरीगाउँ बजार चोकदेखी सुर्खेत जाने रोडको सिंहवाहिनीसम्म पक्की बाटो खानेपानी ट्यांकी निर्माण र वितरण, हाट बजार निर्माण, बजार क्षेत्रमा नाला निर्माण |
| २ | खानेपानी सिंचाई ओराहि पुल निर्माण, आम्वासी पुल निर्माण, |
| ४ | बबई नहर निर्माण, बर्गदा देखि खैलार |
| ५ | पश्चिम बबई सिंचाई, योजना सडक निर्माण सदरमुकाम लिंक रोड |
| ६ | गिठेखोला सिंचाई नहर पक्कि बनाउने |
| ७ | सिंचाई कुलो |
| ८ | खानेपानी आयोजना |
| ९ | सिंचाई नहर, बाँधहरु पक्कि बनाउने, गोदाना र सुखाड बीचको ओराही खोलामा पक्कि पुल बनाउने |
| श्रोतः ठाकुरबाबा नगरपालिका, २०७५ | |

नगरलाई पूर्व पश्चिम लोकमार्गको कोहलपुर, कर्णाली चिसापानी खण्डले पार गरेको छ। नगरभित्रका सहायक सडकहरुले नगरका सबै वडा र टोलहरुलाई जोडेको छ। सडक सञ्जालले स्थानीय बजार, कृषि क्षेत्र, राष्ट्रिय राजमार्ग, राष्ट्रिय निकुञ्ज लगायतका क्षेहरुलाई सहज पहुँच बनाएको छ। जिल्लामा सिँचाइको सुविधाको लागि बबई भेरी डाईभर्सन तथा बबई सिंचाई आयोजना निर्माणाधीन छन् भने सडक सञ्जाल, सिंचाई र खानेपानी आपूर्तिका लागि आयोजनाहरु निर्माणको चरणमा रहेका छन। उपभोक्ता समिति मार्फत सडक, सिचाई, पिउने पानी, सरसफाई, वातावरण संरक्षण, सूचना एवम् सेवा केन्द्रहरुको निर्माण, सामुदायिक भवनहरुको निर्माण गरेर सेवा तथा सुविधाहरुको बिस्तार गर्ने अवसरहरु र सम्भावनाहरु रहेका छन्।

# परिच्छेद ३

## नगरपालिकाको विकासका सिद्धान्तहरु

ठाकुरबाबा नगरपालिकाको **'समृद्धिको लागि जनसहभागिता'** अभियानमा नगरपालिकालाई समृद्ध, समावेशी, आधुनिक, वातावरणीय सन्तुलन सहितको शान्त समाज निर्माण गर्ने वृहत्तर लक्ष्य प्राप्तीको लागि राष्ट्रिय तथा प्रादेशिक प्राथमिकताहरु सँग समायोजन हुने गरी तल उल्लेखित सिद्धान्तहरुमा आधारित रहेर यो गुरुयोजना तर्जुमा गरिएको छ ।

### १. आधारभूत आवश्यकताको परिपूर्ति :

यस योजनाको प्रथम ५ वर्षमा नै नागरिकको आधारभूत आवश्यकता (गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य तथा सुरक्षा) आधारभुत रुपमा परिपूर्ति गरिनेछ ।

### २. आत्म सम्मानको सुनिश्चितता

यस योजनाको अवधिको पहिलो पाँच वर्षमा नगरपालिकाभित्र सबै प्रकारका विभेदहरु एवं कुरुतिहरुको अन्त्य गरी सबै नागरिकहरुले आत्मसम्मान सहितको जीवनयापन गर्न सक्ने वातावरण सिर्जना गरिनेछ ।

### ३. व्यक्तिगत स्वतन्त्रता

यस नगरभित्र बसोबास गर्ने सबै नागरिकहरुको व्यक्तिगत स्वतन्त्रताको सुनिश्चिता गरिनेछ ।

### ४. मानव अधिकार, सूचनाको हकको सुनिश्चिता तथा लोकतान्त्रिक अभ्यास

यस नगरमा मानव अधिकार र सूचनाको हकको सुनश्चितता गरी संविधानमा उल्लेखित मौलिक हकहरु र लोकतान्त्रिक प्रक्रियालाई व्यवहारमा प्रवर्धन गर्दै आदर्श समाजको स्थापना गरिनेछ ।

### ५. रोजगारी तथा आयआर्जन

यस योजना अवधीमा १८ वर्षदेखि ६० वर्ष उमेर समूहका नागरिकको लागि आय आर्जन तथा रोजगारीका वातावरणहरु कुराको सिर्जना गरिने कुरा सुनिश्चित गरिनेछ ।

### ६. सहभागिता र समावेसीता

नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेसिकरणलाई विकासको सिद्धान्तको रुपमा अंगीकार गरेको छ । नगर विकासको हरेक कार्यक्रम मार्फत लैङ्गिक असमानता घटाउने र विपन्न र लाभबाट वन्चित समूहसम्म कार्यक्रमको पहुँच बढाउने कुराको सुनिश्चित गर्दछ । नगर विकासका योजनाहरुले महिला, दलित र सीमान्तकृत समुदायको स्रोत साधनमा पहुँच एवं सुशासनमा सहभागिताको अधिकार, भूमि र अन्य स्रोत माथिको अधिकार, आर्थिक र अन्य लाभ माथिको पहुँचलाई समेटेको हुनेछ ।

नगरको विकासमा नागरिकको सहभागितालाई संस्थागत रुपमा सुनिश्चित गर्नको लागि सबै नागरिकहरुलाई समुदायमा आधारित संगठनहरु तथा सहकारीहरुमा संगठित गरी संस्थागत सहभागिताको सुनिश्चित गरिनेछ। सहभागिता र समावेशितामा क्षमता, प्रतिभा र सक्षमतालाई प्राथमिकतामा राखिने छ। यस योजना अवधिमा वा समग्र विकास प्रकृया तथा अवसरहरुमा समावेशी सिद्धान्त अनुसार सबै नागरिकको सहभागितालाई सुनिश्चितता गरिनेछ ।

### ७. सामाजिक न्याय

प्रत्येक २ वर्षमा नगरवासीहरुको सम्पन्नता स्तरीकरण गरी (गरीवी परिचयपत्र) गरीबको रेखामुनि रहेका सबै जनसमुदायमा (गरीव, मुक्त कमैया, लक्षित वर्ग र दलित) सोही स्तरिकरणका आधारमा नगरपालिकाका सेवा तथा सुविधाहरुलाई न्यायोचितरुपमा प्रवाह गरिनेछ ।

## ८. समन्वय र सहकार्य

नगर बिकासको लागि संघीय सरकार, प्रादेशिक सरकार, छिमेकी स्थानीय सरकार, स्थानीय तहमा रहेका सहकारी, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघ संस्थाहरुसंग प्रत्यक्ष रुपमा समन्वय तथा सहकार्य गरिनेछ भने संघीय सरकारसँग अनुमति लिएर अन्तराष्ट्रिय संघ संस्थाहरुसँग पनि आवश्यकता अनुसार समन्वय र सहकार्यलाई अगाडि वढाइनेछ ।

## ९. सुशासन प्रवर्धन

सबै नागरिकमा 'हाम्रो नगर हाम्रो सरकार' भन्ने भावनाको विकास गराई प्रत्येक क्रियाकलाप समावेशी र अर्थपूर्ण सहभागिता, जवाफदेही र पारदर्शिता सुनिश्चित गरी सम्पादन गरिनेछ। जसका लागि नगरपालिकाले आफ्ना हरेक संरचनाहरुलाई र गैरसरकारी तथा समुदायमा आधारित स्थानीय संघ संस्थाहरुलाई उनीहरुले संचालन गर्ने हरेक क्रियाकलापहरुको जनलेखा परीक्षण, वर्षको एक पटक संस्थागत रुपमा सामाजिक परीक्षण तथा आवश्यकता अनुसार सार्वजनिक सुनुवाई संचालन गर्ने प्रबन्ध मिलाउनेछ । सबै वडाकार्यालय, विद्यालय, सार्वजानिक कार्यालय, गैर सरकारी कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ । सबै वडा कार्यालयहरु तथा नगर कार्यालयमा २४ सै घण्टा हटलाइन सेवाको व्यवस्था गरी गुनासो र पृष्ठपोषण लिने र यसको उचित व्यवस्थापन गर्ने संरचना निर्माण गरिनेछ ।

## १०. सामाजिक सुरक्षा

विषेश रुपमा सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने नागरिकहरुको पहिचान र अभिलेख गरी विशेष नीति वनाएर कार्यान्वयन गरिनेछ ।

## ११. जनशक्ति विकास

नगरलाई सम्मानित समाजको रुपमा विकास गर्न नगरपालिकाले दक्ष, प्रतिस्पर्धी, जिम्मेवार जनशक्तिको विकासलाई प्राथमिकताका साथ अगाडी बढाउनेछ । बिभिन्न बिषयगत क्षेत्रका जानकार, अनुभवि, विद्वान एवं दक्ष जनशक्तिहरुको बिषय क्षेत्रगत नाम सूचि तयार गरी अभिलेख राखिने छ ।

## १२. प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापन, कृषि विकास र पर्यापर्यटन प्रवर्धन

वातावरणीय सन्तुलन कायम राख्दै प्राकृतिक स्रोत साधनहरुको दिगो व्यवस्थापन तथा सदुपयोग गरी कृषिको उत्पादकत्व वृद्धि, उद्यम विकास तथा गुणस्तरीय पर्यटन प्रवर्धन गर्नेछ। यस सिद्धान्त कार्यान्वयनका लागि सामुदायिक वन उपभोक्ता समूह, बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ति उपभोक्ता समिति, समूहहरु र सहकारी संस्थाहरुको संलग्नता र सक्षमता वृद्धि गरिने छ ।

## १३. विपद जोखिम न्यूनिकरण तथा पूर्व तयारी

नगरमा आइपर्न सक्ने सबै प्रकारका विपदहरुको जोखिमको न्यूनिकरण तथा पूर्व तयारीको लागि पारिवारिक र हरेक समुदायको सामुदायिक योजना सहित सबै नागरिकहरुलाई सुसुचित हुने गरी पूर्व तयारी योजना बनाइने छ र पूर्व तयारी कार्यलाई विकास र संरक्षण सँगसँगै अवलम्बन गरिने छ ।

## १४. परम्परागत ज्ञान सीप तथा आधुनिक प्रविधिको प्रवर्धन

परम्परागत ज्ञान सिप एवम आधुनिक प्रविधीको प्रयोग गर्दै समावेशी र वातावरणमैत्री भौतिक पूर्वाधारहरुको विकास सहितको स्मार्ट सिटीको रुपमा विकास गर्ने । भावि समाज परिवर्तनको आधारभूत आधार सामाजिक अन्तरक्रिया र विद्यालय शिक्षा भएकाले स्थानीय पाठ्यक्रम र अन्तरक्रियात्मक कार्यक्रम मार्फत स्थानीय परम्परा, ज्ञान, सीपको प्रवर्धन र नवीनतम सूचना र प्रविधिमा बालबालिकाको र शैक्षिक संस्था र सेवा प्रदायक निकायको पहुँच वढाउने ।

# परिच्छेद ४

## नगरपालिकाको समग्र दुरदृष्टि, लक्ष्य, उद्देश्यहरु, नीति, कार्यक्रम तथा कार्यनीति

नगरभित्र र नगरको पहुँचमा भएका अवसर, सम्भावना, क्षेत्रहरु तथा नगरवासीहरुको क्षमता, दक्षता, चाहना, संभावनाहरुको लेखाजोखा तथा विश्लेषण गरी नगरको दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्यहरु, परिणात्मक लक्ष्य, नीति र कार्यक्रम तथा कार्यनीतिहरु तर्जुमा गरिएको छ ।

### दुरदृष्टि

'सिर्जनशील, स्वाभिमानी, समृद्ध र सम्मानित नागरिक
वातावरणमैत्री, द्रुत र दिगो विकास ठाकुरबाबाको सम्बृद्धता'

### ध्येय

जनताको सक्रिय सहभागितामा रुपान्तरित, शान्त, समृद्ध र समावेशी ठाकुरबाबा नगरपालिकाको समग्र विकास गर्ने ।

**लक्ष्यः**

### छोटो अवधी (२०७५ देखि २०७९ को लक्ष्य)

स्थानीय जनशक्ति, प्राकृतिक, साँस्कृतिक तथा सामाजिक स्रोतहरुमा आधारित सुक्ष्म अर्थतन्त्र विकासका अवसरहरुको प्रष्फुटन गरी स्थायी एवम् आत्मनिर्भर अर्थतन्त्रको विकास गरीसमाजिक न्यायमा आधारित समावेशी समाज निर्माणको आधारशीला तयार गर्ने ।

### मध्यावधि लक्ष्य (२०७५ देखि २०८४ को लक्ष्य)

दक्ष जनशक्तिको विकास गरी कृषि, पशुपालन, पर्यापर्यटन र लघु उद्यमको व्यवसायिक विकास गरी आत्मनिर्भर अर्थतन्त्र र समाजिक न्यायमा आधारित समाज सहितको मध्यम स्तरको आय आर्जन भएको नगरको रुपमा विकास गर्ने ।

### दीर्घकालिन लक्ष्य : (२०७५ देखि २०९४)

यस योजना २० वर्षे अवधीमा (२०७५ देखि २०९४) सम्ममा सामाजिक न्याय, वातावरणीय सन्तुलन, भौतिक पूर्वाधारसहित उच्च आर्थिक विकासदर कायम राख्दै पुर्ण शिक्षित, निरपेक्ष गरीवीको अन्त्य, आधुनिक सूचना र प्रविधिमा आधारित सुशासनयुक्त नगरपालिकामा रुपान्तरण गर्ने ।

### उद्धेश्यहरु

- सुशासन तथा सामाजिक न्यायको प्रत्याभूति गरिनेछ ।
- दक्ष जनशक्तिको विकास गरिनेछ ।
- वातावरणमैत्री, लैङ्गिक र सामाजिक समावेशी भौतिक पूर्वाधारहरुको विकास गरिनेछ ।
- आधारभूत शिक्षा र स्वास्थ्यमा सबैको पहुँचको सुनिश्चितता गरिनेछ ।

- कृषि उत्पाकदत्व बृद्धि तथा उद्यम विकास गरी द्रुत आयआर्जनका अवसरहरु सिर्जना गरेर उच्च आर्थिक वृद्धिदर प्राप्त गरी निरपेक्ष गरिबीको अन्त गरिनेछ ।
- वनको वैज्ञानिक व्यवस्थापन गरी उत्पादकत्व वृद्धि गरी उद्यम विकास, आयआर्जन तथा रोजगारी सिर्जना गरिनेछ ।
- प्रविधी विकास तथा विस्तार गरिनेछ ।
- सामाजिक रुपमा रहेका नकारात्मक प्रभाव पार्ने कुरीतिहरु तथा विभेदहरुको अन्त्य गरिनेछ ।
- मावन अधिकार, दण्डहीनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिश्चित गरिनेछ ।
- जलवायु परिवर्तनका नकारात्मक असर एवम् विपद जोखिम न्यूनिकरण गर्दै नगरवासी र पारिस्थितीकीय प्रणालीको उत्थानशीलता वृदि गरिनेछ ।

**परिणात्मक लक्ष्यहरुः**

यस योजना अवधिमा प्रमुख आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय लक्ष्यहरु र परिणामहरु तल उल्लेख गरेबमोजिम हुनेछन । यस गुरुयोजनामा आधार वर्ष देखि पहिलो ५ वर्षको लागि सूचकाङ्कहरु निर्धारण गरिएको छ । ५ वर्षपछि नगरपालिकाको वार्षिक १० प्रतिशतका दरले आर्थिक विकास वृद्धि गर्दै लगिनेछ ।

## ४.१. परिणात्मक सुचकाङ्क

तालिका ४२: नतिजा सूचकाङ्क

| क.स. | सुचक/लक्ष | आधार वर्ष | २०७५/२०७९ | २०८०/२०८४ | २०८५/२०८९ | २०९०/२०९४ |
|---|---|---|---|---|---|---|
| १. | वार्षिक औषत आर्थिक वृद्धिदर (प्रतिशत परिवारीक) | रु ९८,४०० | ८.५ | १० प्रतिशत | १० प्रतिशत | १० प्रतिशत |
| २ | स्वास्थ्य विमा (घरपरिवार) | ० | २५ | १०० | १०० | १०० |
| ३. | शौचालयको उपलब्ध घरधुरीहरु | ८२ प्रतिशत | सत प्रतिशत | | | |
| ४. | शुद्ध खाने पानीको उपलब्धता | १२ प्रतिशत | सत प्रतिशत | | | |
| | साक्षरता | ९६.४ | ९९ प्रतिशत | सत प्रतिशत | | |
| ५ | कुरीति प्रभाव (वोक्सी, छाउपडी, बालविवाह, जातीय छुवाछुत) | सबै वडाहरुमा व्याप्त | मुक्त क्षेत्र | | | |
| ६ | धान उत्पादन प्रति विगाह | १५ क्विन्टल | २९ क्विन्टल | ३८ क्विन्टल | ४० क्विन्टल | ४२ क्विन्टल |
| ७ | जमिनमा खेतीले ढाकिने अवधी | ६ महिना | १२ महिना | | | |
| ८ | पशुपालक कृषक | ३८ प्रतिशत | ५५ प्रतिशत | | | |
| ९ | सामुदायिक बनवाट आम्दानी | १,२५,०००० | २,५०,००० | | | |
| १० | वन मौजाद वृद्धिदर | १.५ प्रतिशत | ३ प्रतिशत | ४ प्रतिशत | ५ प्रतिशत | ५ प्रतिशत |
| ११ | अस्पताल २०० सैया | ० | १५ सैया | ५० सैया | १०० सैया | २०० सैया |

## ४.२. लगानी सूचकहरु

| तालिका ४३ : लगानी सूचकहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | सुचक/लक्ष्य | आधार वर्ष | २०७५/२०७९ | २०८०/२०८४ | २०८५/२०८९ | २०९०/२०९४ |
| १ | स्वास्थ्य चौकी/अस्पताल | ४ वटा | ९ वटा | १ अस्पताल | २ अस्पताल | २०० सैया |
| २ | व्यवस्थित वधशाला निर्माण | ० | १ वटा | १ वटा | १ वटा | १ वटा |
| ३ | प्राविधिक विद्यालय स्थापना | २ वटा | ४ वटा | ७०:३० | ६०:४० | ५०:५० |
| ४ | प्राविधिक क्याम्पस | ० | ० | १ वटा | ० | १ वटा |
| ५ | एकिकृत सूचना केन्द्र | ० | ३ वटा | ६ वटा | ९ वटा | ९ वटा |
| ६ | कृषि प्रदर्शनिस्थल | ० | १ वटा | २ वटा | ३ वटा | ३ वटा |
| ७ | वैज्ञानिक वन व्यवस्थापन | ० | १३ साव | १३ साव | १३ साव | १३ साव |
| ८ | सडक किनारा तथा नदी किनारा वृक्षारोपण | ० | ३ किमी | १० किमी | १५ किमी | २० किमी |
| ९ | बजार सेवा केन्द्र एव संकलन केन्द्रको स्थापना | ० | ३ वटा | ६ वटा | ९ वटा | ९ वटा |
| १० | दुध चिस्यान केन्द्र स्थापना | ० | १ वटा | १ वटा | १ वटा | १ वटा |
| ११ | भण्डारण (चिस्यान र सुख्खा) स्थापना | ० | ० | १ वटा | १ वटा | १ वटा |
| १२ | वन्यजन्तु छेकवार अवरोध | ४०० मिटर | ३ किमी | २० किमी | ३५ किमी | ४८ किमी |
| १३ | जलवायु परिवर्तन सूचना केन्द्र | ० | १ वटा | | | |
| १४ | विपद पुनस्थापना केन्द्र | ० | ३ वटा | ४ वटा | ४ वटा | ४ वटा |
| १५ | थारु, पहाडी समुदाय मिश्रित साँस्कृतिक संग्रहालय | ० | १ वटा | | | |
| १६ | होमस्टे सुविधा | १५ घरधुरी | १०० घरधुरी | ३०० घरधुरी | | |
| १७ | गोवर ग्यास | १,२१६ घरधुरी | २२१६ घरधुरी | | | |
| १८ | साना उद्योग | ३४ वटा | ५०० वटा | १००० वटा | १५०० वटा | २००० वटा |
| १९ | मझौला उद्योग | ५ | २० | ४० | ७० | १०० |
| २० | अस्पताल १५ सैया | | १ | १ | १५ सैया थप | १५ सैया थप |
| २१ | जेष्ठ नागरिक बस सञ्चालन | ० | ० | १ | ३ | ५ |
| २२ | जेष्ठ नागरिक केन्द्र सञ्चालन | ० | ० | ३ | ३ | ३ |
| २३ | बाल उद्यान | ० | १ | १ | १ | १ |
| २४ | आपतकालीन आश्रय स्थल | ० | २ | ३ | ३ | १ |
| २५ | पर्यटन सूचना केन्द्र | ० | १ | ० | | |
| २६ | बसपार्क | सामान्य | ० | १ | | |
| २७ | रंगशाला/कवर्डहल | ० | ० | ० | १ | |
| २८ | रक्तसञ्चार केन्द्र | ० | | १ | | |
| २९ | प्राविधिक धाराको विद्यालय | ० | | | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | फोहर व्यवस्थापन प्रशोधन केन्द्र | | | | १ | |
| ३१ | शवदाह गृह निर्माण | | १ | २ | २ | १ |
| ३२ | सामुदायिक सिकाई केन्द्र | ३ | ३ | ३ | | |
| ३३ | चक्रपथ निर्माण | ० | | २० कि.मि. | ३५ कि.मि | ४८ कि.मि |
| ३४ | वहुउद्देश्यीय सभाहल | ० | ० | ० | १ वटा | |
| ३५ | खानेपानी सुविधा विस्तार | १३ प्रतिशत | ३० प्रतिशत | ६० प्रतिशत | ८५ प्रतिशत | सत प्रतिशत |
| ३६ | हाइवे अस्पताल | ० | | | | १ वटा |
| ३७ | पर्यटकिय अस्पताल | ० | | १ | | |
| ३८ | सिंचाइं सुविधा | ६६ प्रतिशत | सत प्रतिशत | | | |
| ३९ | विद्युतिय तार विस्थापन | ० | | | ५० | ५० |
| ४० | नदी खोलाहरुको व्यवस्थित तटबन्धन ओराही | ० | १० | ७ | | |
| ४१ | अण्डरग्राउण्ड विद्युतिकरण | ० | ० | ० | १३३९४ घरधुरी | १६३६८ घरधुरी |
| ४२ | सडक सञ्जाल कालोपत्रे | ३ कि.मि. | ५० कि.मि. | १०० कि.मि. | २०० कि.मि. | |
| ४३ | ठुला उद्योग स्थापना | ० | १ | २ | ३ | ३ |

## प्राथमिकता क्षेत्र र नीति

नगरपालिकाले २० वर्षे सोच, दुरदृष्टि, लक्ष्य, उद्देश्य र परिणात्मक लक्ष्यहरु प्राप्त गर्न निम्नानुसारका प्राथमिकताका क्षेत्रहरु नीतिहरुलाई अवलम्वन गर्नेछ :

## नगरपालिकाको विकासका प्राथमिकताहरु

नगरको समग्र विकासका लागि नगरपालिकाका सबै क्षेत्रहरुको विकासलाई सम्वोधन गर्नु पर्ने हुन्छ । यसरी विकासका क्रियाकलापहरुलाई सञ्चालन गर्दा विकासका लागि गरिने क्षेत्र तथा क्रियाकलापहरुको सहि प्राथामिकताले समयमा नै अपेक्षित परिणाम ल्याउँछ। विकासका सही प्राथाकिताले लगानीको सही प्रतिफल प्राप्त गराउँछ। ठाकुरबाबा नगरपालिकाको सन्दर्भमा नगरमा सुशासनको प्रत्याभूतिमार्फत दक्ष जनशक्तिको विकास गरी यस गुरु योजनाले निर्दिष्ट गरेको दुरदष्टिले दिशा निर्देश गरेको मार्गमा विकासका क्रियाकलापहरुलाई कार्यान्वयन गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्न जनसहभागितामा आधारित दिगो र द्रुत विकासको लागि निम्नानुसारको प्राथमिकतामा आधारित नीति तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दै लगिनेछ।

१. मानव अधिकार, सुशासन तथा सामाजिक न्याय
२. मानव संसाधन, सामाजिक तथा राजनीतिक विकास
३. प्राकृतिक स्रोत र साधनको उचित व्यवस्थापन
४. पूँजीको वृद्धि तथा सूचना तथा प्रविधि विकास
५. वातावरण मैत्री एवम् समावेशी भौतिक तथा पूर्वाधार विकास

## नीतिहरु

### १. मानव अधिकार, सुशासन तथा सामाजिक न्यायसँग सम्बन्धित

१.१ नगरपालिका सबै प्रकारका सेवाहरु मानव अधिकारमैत्री, पारदर्शी र चुस्त स्फुर्त हुनेछन। प्रत्यक्ष र न्यायोचित करको व्यवस्था गर्दे संकलित करलाई सम्पन्नता स्तरीकरणको आधारमा विपन्नहरुलाई सहयोग गर्ने पद्धतीलाई सुनिश्चित गरिनेछ ।

१.२ सम्पन्नता स्तरीकरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, सामाजिक आदि सूचकहरु) गरेर सम्पन्नताको आधारमा विपन्न, दलित परिवारका सदस्यहरुलाई प्राविधिक शिक्षा, स्वास्थ्य उपचार र उद्यम सञ्चालनमा विशेष सहुलीयत दिइनेछ । बालक, अपाङ्ग, ज्येष्ठ नागरिक सबै नगरवासीहरुलाई विद्युतीय परिचयपत्र अनिवार्य गरिनेछ ।

१.३ नगरलाई बालश्रम, बालविवाह, छाउपडी, दाइजो, छुवाछुत, वोक्सी प्रथा निषेधित वा मुक्त नगरको रुपमा विकास गरिनेछ । यसका लागि कानुन निर्माण र कार्यान्वयनमा विशेष जोड दिइनेछ । यसका साथै स्थानीय निकाय र यस अन्तरगतका शाखाहरु, समुदायमा आधारित संगठन, स्थानीय संघ संस्थाहरुको जवाफदेहिता प्रवर्धन गरिनेछ ।

१.४ सामाजिक रुपमा रहेका कुरीतिहरु जस्तै छाउपडी, वालविवाह, वोक्सी, दाइजो, छुवाछुत, जाँड रक्सी, वहुविवाह, अन्धविश्वास आदिलाई हटाउन जनचेतनामुलक अभियानलाई सन्चालन गरिनेछ ।

### २. मानव संसाधन, सामाजिक तथा राजनीतिक विकाससँग सम्बन्धित

२.१ नगरवासीहरुको सीप र दक्षता अभिवृद्धि गरी कृषि तथा पशुपालन क्षेत्रको आमुल रुपान्तरण गर्न कृषिको व्यवसायीकरण, यान्त्रीकरण, सूचना तथा प्रविधिको उपयोग गरेर औद्योगिकीकरण तथा बजारीकरण गरिनेछ ।

२.२ विद्यालय उमेरका सबै बालबालिकाहरुको लागि सहज गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा एवं इच्छुक विद्यार्थीहरुको लागि प्राविधिक शिक्षाको उपलब्धता गराइने छ । बालमैत्रि, फरक क्षमता भएका विद्यार्थी मैत्रि, बालिका र किशोरीका लागि सुरक्षित शैक्षिक वातावरणको निर्माण गरिनेछ ।

२.३ प्रत्येक नागरिकले वर्षमा एकपटक अनिवार्य रुपमा स्वास्थ्य जाँच गराउने कुरालाई सुनिश्चित गरिनेछ । सुरक्षित प्रजनन स्वास्थ्य अन्तर्गत नियमित गर्भजाँच र स्वास्थ्य केन्द्रमा सुत्केरी गराउने कुराको सुनिश्चित गरिनेछ ।

२.४ नगरभित्र रहेका सबै समुदायमा आधारित संगठनहरु, गैरसरकारी संस्थाहरु, विद्यालयहरु, व्यवसायिक प्रतिष्ठानहरुले वार्षिक कार्ययोजना सम्बन्धित वडा कार्यालयमा पेश गर्ने तथा वार्षिक रुपमा स्थानीय सरकारको प्रतिनीधिको रोहवरमा सामाजिक लेखापरीक्षण गर्नुपर्नेछ ।

### ३. प्राकृतिक स्रोत र साधनको उचित व्यवस्थापनसँग सम्बन्धित

३.१ नगरभित्रका प्राकृतिक स्रोतहरु (जल, जमीन, जंगल, जलचर, जनावर) को संरक्षण एवम् वैज्ञानिक तथा दिगो व्यवस्थापनद्वारा उत्पादकत्व वृद्धि गरी दिगो रुपमा सदुपयोग गरेर आय आर्जन तथा रोजगारीका अवसरहरु वृद्धि गरिनेछ ।

३.२ नगरलाई पर्यटन गन्तब्यको रुपमा विकास गरिनेछ ।

३.३ नागरिकहरुको क्षमता अभिवृद्धि गरी प्राकृतिक स्रोत र साधनहरुको दिगो सदुपयोगको लागि सक्षम बनाइनेछ ।

## ४. पूँजीको वृद्धि तथा सूचना तथा प्रविधि विकाससँग सम्वन्धित

४.१ हरेक घरपरिवारहरुलाई वार्षिक व्यवसायिक योजना तयार गरी उद्यमी बन्नको लागि प्रोत्साहित गरिनेछ भने व्यावसायिक योजना मुताबिक उत्पादित वस्तुहरुको बजारीकरणलाई सुनिश्चित गरिनेछ ।

४.२ वार्षिक योजना मुताबिक लक्ष्य भन्दा वढी कृषि, पशु तथा औद्योगिक उत्पादन तथा बिक्री गरेर आय वृद्धि गर्ने घर परिवारलाई विशेष रुपमा सम्मान गरिनेछ ।

४.३ योजना अवधीको पहिलो ५ वर्षमा नगरपालिकाभित्र नगरमा सकारात्मक प्रभाव पार्ने उद्योग, होटल व्यवसाय आदि सञ्चालन गरेर न्यूनतम १० जनालाई नियमित रोजगारी दिने रोजगारदाताहरुलाई करमा सहुलियत दिइने छ भने ५० जना भन्दा बढी रोजगारी दिनेहरुलाई विशेष सहुलियत प्रदान गरिनेछ ।

४.४ नगरपालिकाका विकासका कार्यहरुको भुक्तानी लगायतका आर्थिक कारोबारहरु बैंकिङ्ग प्रणाली मार्फत गरिनेछ ।

## ५. वातावरणमैत्री एवम् समावेशी भौतिक तथा पूर्वाधार विकाससँग सम्बन्धित

५.१ नगरपालिकाले भौतिक पूर्वाधार मापदण्ड निर्माण गरी लागु गर्ने छ र सबै प्रकारका सार्वजनिक भौतिक संरचनाहरु समावेशी हुनेछन् ।

५.२ नगरपालिकाले निर्माण गर्ने सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरु निर्माणको लागि उपभोक्ता समूह वा समुदायमा आधारित समूह वा संस्थाहरुलाई प्राथामिकता दिइनेछ ।

५.३ सबै प्रकारका भौतिक पूर्वाधारहरुको योजना तर्जुमा प्रक्रिया देखि सम्पन्न भएर हस्तान्तरण प्रक्रियासम्म सार्वजनिक सुनुवाई, जन सम्पादन जस्ता प्रक्रियाहरु मार्फत अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

५.४ प्रत्येक हप्ताको एक निश्चित बार र समय तोकी घरपरिवार तह देखि सार्वजनिक स्थलहरुमा सरसफाइ अभियान कै रुपमा अनिवार्य गरिनेछ ।

५.५ सरसफाई, बाटोको दायाँ बायाँ वृक्षारोपण, खोलाको किनारामा बाँस एवम् वृक्षरोपण, जग्गामा नियमित खेतीपाती, व्यवस्थित सार्वजनिक शौंचालय, स्वास्थ्यकर खाना, उचित मुल्य आदिको व्यवस्थापन गरिनेछ ।

### गुरुयोजनासँग अन्तरसम्बन्धित क्षेत्रहरु

१. लैंगिक समानता तथा समावेसिता

२. जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम न्यूनिकरण

३. दिगो विकास लक्ष्यहरुको स्थानीयकरण

## नगरपालिकाको समष्टिगत आर्थिक रणनीतिहरु

नगरको कुल ग्राहस्थ बचत वृद्धि हुँदा पूँजी निर्माणका लागि वातावरण तयार हुन जान्छ र समृद्ध नगरको आधारशिला तयार हुन्छ र आर्थिक विकासले गती लिन्छ। उत्पादनमा बृद्धि, नयाँ प्रविधिको आविष्कार तथा विकास, रोजगारीको सिर्जना, बजारयोग्य वस्तुहरुको उत्पादन र विक्री, नागरिकहरुको बीचमा सहभागिता र वित्तीय संस्थाहरुको उपलब्धता, नगरपालिकाको बजेटको सदुपयोग र निजी क्षेत्रको लागि लगानी मैत्री वातावरण निर्माणले पूँजी निर्माणको आधार तयार हुन्छ। आर्थिक विकासका लागि निम्नलिखत रणनीतिहरु अवलम्बन गरिनेछ :

१. संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदानहरुको विकास प्राथमिकताको आधारमा लगानी गर्ने ।

२. जनशक्ति विकास, सामाजिक विकास, प्राकृतिक स्रोत र साधनको व्यवस्थापन, पूँजी निर्माण, प्रविधि विकास र भौतिक तथा पूर्वाधार विकासको लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी, समुदायमा आधारित संगठनहरुसँग सहकार्य गर्ने ।

३. सबै नागरिकले अनिवार्य रुपमा सहकारीको सदस्यता लिएर मासिक रुपमा न्यूनतम बचत गर्न उत्प्रेरित गर्ने र बचत रकमलाई उत्पादनमुलक काममा लगानी गर्न प्रोत्साहित गर्ने ।

३. सबै नागरिकहरुलाई बैंक वा बित्तिय संस्थामा खाता खोल्न अभिप्रेरित गर्ने ।

४. सबै नागरिकहरुको लागि बचत र सहकारी शिक्षाको व्यवस्था गर्ने ।

५. वैदेशिक रोजगारीमा भएका व्यक्तिहरुको परिवारका सदस्यका लागि लक्षित गरी वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

६. बैंकहरुलाई सबै वडामा शाखा खोल्न उत्प्रेरित गर्ने ।

७. सहकारी तथा पब्लिक कम्पनीहरु मार्फत् सामुदायिक उद्यमशीलता स्थापना तथा प्रवर्धन गर्न उत्प्रेरित गर्ने ।



# परिच्छेद ५

## विषयगत विकासका दुरदृष्टि, लक्ष्य, उद्देश्यहरु, नीति तथा कार्यक्रमहरु

ठाकुरबाबा नगरपालिकाले निर्दिष्ट गरेको सोच, दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र परिणामात्मक लक्ष्य प्राप्तीको लागि विषयगत दुरदृष्टि, लक्ष्य, उद्देश्यहरु, नीति तथा कार्यक्रमहरु, कार्यनीतिहरु तथा क्रियाकलापहरु तय गरी कार्यान्वयन गर्नेछ । यस पछि बन्ने योजना, कार्यक्रम र विधिहरुमा यसै अनुसारको दुरदृष्टि, लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम निर्देशित हुनेछ ।

### ५.१. शिक्षा, विज्ञान तथा प्रविधि

**दुरदृष्टि**

“मानव संसाधन विकास तथा अभिवृद्धि नगरको अभियान,
गुणस्तरीय एवं जीवन उपयोगी शिक्षा ठाकुरबाबाको पहिचान”

**लक्ष्य तथा उद्देश्यहरुः**

यस योजनाका पहिलो ५ वर्षमा नगरपालिकाको साक्षरता ९९ प्रतिशत अर्थात पूर्ण साक्षर बनाउने, १० वर्ष भित्रमा सबै वडाहरुमा प्राविधिक विद्यालयहरुको स्थापना गरी प्राविधिक र सैद्धान्तिक शिक्षाको अनुपात ३०:७० पुऱ्याउने र योजनाको अन्तिम सम्ममा ठाकुरबाबा नगरपालिकालाई ५ नं. प्रदेशकै प्राविधिक शिक्षाको गन्तव्यस्थल बनाउने, सबै शिक्षालयहरुमा सूचना प्रविधिको पहुँच सुनिश्चित गरिने छ ।

यस लक्ष्य प्राप्तीका लागि निम्नलिखित उद्देश्यहरु रहेका छन् ।

१. सबै नारिककोलागि शिक्षाको सुनिश्चित गर्दै गरिबीको रेखामुनि रहेका, विपन्न, दलित, लक्षित वर्ग र पिछडीएका समुदायहरुका बालबालिका तथा प्रौढहरुका लागि विशेष रुपमा आधारभूत एवम् प्राविधिक तथा बैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।

२. नगरवासीको सीप तथा दक्षता वृद्धि गर्न विभिन्न प्रकृतिका सीप विकास केन्द्रको स्थापना गर्ने ।

३. शैक्षिक नीति, पाठ्यक्रम, शैक्षिक योजना, शैक्षिक संस्था प्रशासन र संरचनामा प्रत्येक वर्ष पुनरावलोकन गरी प्रभावकारी, दुरुस्त र चुस्त राख्ने ।

४. योजना अवधीको ५ वर्षभित्रमा प्राविधिक विषयहरुमा उच्च शिक्षा प्रारम्भ गर्ने ।

५. उच्च शिक्षाका लागि क्याम्पसहरुलाई जन अपेक्षित शिक्षा प्रदायक र गुणस्तरीय बनाउन समन्वय र सहयोग सहित व्यबस्थापनमा सुधार ल्याउने ।

**नीति तथा कार्यक्रम**

१. शिक्षालाई सबैको पहुँचमा पुग्ने गरी विद्यालयहरुको स्थापना एवं विकास, समायोजन गरी विद्यालयहरुको संस्थागत सुधार गर्ने ।

२. १६ वर्ष सम्मको बालबालिकालाई अनिवार्य रुपमा आधारभूत शिक्षा उपलब्ध गराउने ।

३. हाल निरक्षर रहेका १९ वर्ष देखि माथि ६० वर्ष सम्मका सबै नागरिकलाई ५ वर्ष भित्र प्राविधिक (सीपमुलक) साक्षर बनाउने ।

४. शिक्षालाई गुणस्तरीय, जीवनपयोगी र व्यवसायमुखि बनाउने ।

५. आर्थिक रुपमा विपन्न र सामाजिक रुपमा पछाडी पारिएका समुदायका विद्यार्थीहरुलाई विशेष सहुलियत तथा उचित छात्रवृत्ति कार्यक्रम साथ आधारभूत, माध्यामिक र प्राविधिक शिक्षामा अवसर सुनिश्चित गर्ने ।

६. हरेक वडामा कम्तिमा एउटा सुविधा सम्पन्न प्रभावशालि विद्यालय सो विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर सूचना प्रविधि प्रयोगशाला, बालविकास केन्द्र, खेलकुद तथा अतिरिक्त, क्रियाकलाप फाँट निर्धारण र विकास भएको अवस्था निर्माण गर्ने ।

७. हरेक वडामा कम्तिमा १/१ वटा सामुदायिक सिकाई केन्द्र, पुस्तकालय वा वाचनालयको व्यवस्था गरी दिगो र निरन्तर सिकाईको वातावरण सिर्जना गर्ने ।

८. कार्यमूलक अनुसन्धान, खोज अनुसन्धान, रचना, सिर्जनाको लेखन संकलन र प्रकाशनलाई प्रोत्साहन, उत्प्रेरणा दिई तथ्य, विज्ञान र साहित्यको विकास गर्ने ।

९. शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन सबै तहका शिक्षालयहरुमा प्रयोगशाला, अनुसन्धान केन्द्र (प्राविधीक तथा उच्च शिक्षाको हकमा) खुला सिकाइ केन्द्र तथा बगैंचाको र स्थलगत अध्ययनको व्यवस्था मिलाउने ।

१०. विद्यार्थीको अनुपातमा शिक्षक, विषयगत शिक्षक, विद्यालय कर्मचारिको पर्याप्त व्यवस्था गर्ने र शिक्षकलाई समय सापेक्ष नियमित र निरन्तर तालिम दिने ।

११. विभिन्न स्तरका परीक्षा र मूल्याङ्कनलाई स्तरीय बनाइ वैज्ञानिक अभिलेख व्यवस्थापन गर्ने ।

१२. विद्यालय खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालन प्रक्रिया स्थापित गर्ने ।

१३ कृषि, वन, ईन्जिनियरींग, चिकित्साशास्त्र, खाद्य प्रविधि, पर्यटन, बाणिज्य, विकासजस्ता विषयमा प्राविधिशिक्षा अध्यापनको लागि हाल भईरहेका माध्यामिक विद्यालयहरुलाई एक मा.वि.एक प्राविधिक विषय निर्धारण गरी साधरण धारका साथै प्राविधिक विद्यालयमा स्तरोन्नति गर्न पब्लिक कम्पनी तथा सहकारी क्षेत्रसँग साझेदारी गर्ने ।

१४. यस गुरुयोजनाका आधारमा आवधिक नगर शिक्षा योजना तथा विद्यालयतहमा विद्यालय सुधार योजना तयार पारेर कार्यान्वयन गर्ने ।

१५. शिक्षा, सीप विकास तथा मानविय शंसाधन विकासका लागि बजेट निर्माणमा प्राथमिकता दिने ।

१६. कृषि प्रयोगशाला स्थापना गर्ने ।

१७. कृषि तथा पशु पालन क्षेत्रलाई आधुनिकीकरण तर्फ विस्तार गर्ने ।

## मुख्य कार्यक्रमहरु

| तालिका: ४४ शिक्षा विज्ञान तथा प्रविधी : मुख्य कार्यक्रमहरु: | | | | | |
|---|---|---|---|---|---|
| **कार्यक्रमहरु** | **कार्यनीतिहरु** | **क्रियाकलापहरु** | **लक्ष** | **अनुमानित वजेट रु. (पहिलो ५ बर्ष)** | **सहकार्य** |
| १. सीपमुलक प्राविधिक साक्षरता अभियान | स्थानीय विद्यालयहरुसँग सहकार्य गरेर १८ वर्षभन्दा माथिका नागरिकलाई सीप र शिक्षासँगै सिकाउने | १. अवस्था पहिचान<br>२. पाठ्यक्रम तयारी<br>३. कक्षा सञ्चालन | १. नगरपालिकाका सबै वडा<br>२. आधारभूत, माध्यमिक र उच्च तह<br>३. नौ वटै वडामा कक्षा सञ्चालन | ५०,००,००० | गैसस, सहकारी, सा.वन |
| २. वाल शिक्षा अभियान | अनिवार्य वाल शिक्षालाई प्रवर्धनका लागि प्रविधि अनुदान सहयोग | दिवा खाजा कार्यक्रम | नगरपालिकाका सबै वडा | ४५,००,००० | गैसस, वालविकास केन्द्र व्यवस्थापन समिति |
| ३.गुणस्तरीय शैक्षिक अवस्थाको प्रवर्धन कार्यक्रम | शैक्षिक गुणस्तरको लागि आवश्यक भौतिक एव शैक्षिक पूर्वाधारहरु स्तरोन्नति गरी नियमित अनुगमन तथा मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था गर्ने । | १. मेयरको अध्यक्षतामा नगर शिक्षा समिति वोर्ड गठन गर्ने<br>२.वडा स्तरमा शिक्षा अनुगमन शिक्षा उप समिती गठन तथा परिचालन<br>३. विद्यालयको भौतिक पूर्वाधार विकास गर्ने<br>४. सामुदायिक शिक्षकहरुको क्षमता विकास<br>५. प्रत्येक ३ महिनामा,शिक्षकको प्र.अ. र विद्यालयको कार्य सम्पादन मूल्याङ्कन गरी पुरस्कृत गर्ने | १. सबै तहमा कम्तीमा ९० प्रतिशत उत्कृष्ट नतिजाको लक्ष्य | ५,००,००,००० | गैसस, शिक्षक सहकारी, शिक्षक महासंघ, शिक्षक संख्या |
| ४. नियमित विद्यालय सञ्चालन | विद्यालय अनुदान | विद्यालयका गतिविधीहरु नियमित रुपमा सञ्चालन गर्ने | २०७९-२०८४ | ५,००,००,००० | |
| ५. विद्यालयहरुलाई डिजिटल सूचना प्रविधियुक्त बनाउने | स्थानीय स्तरमा कार्यरत गैसस, बैङ्क, शिक्षा कार्यालय तथा व्यापारिक प्रतिष्ठानहरुसँग सहकार्य गरी विद्यालयहरुलाई सूचना प्रविधियुक्त बनाउने | विद्यालयहरुमा कम्प्युटर, इमेल, इन्टरनेटको व्यवस्था गर्ने र विद्यालउका सबै अभिलेखहरुलाई विद्युतीकरण गर्ने | १. २०७९-२०८४ सम्ममा सबै विद्यालयहरुलाई सूचना प्रविधियुक्त बनाउन र विद्युत शौयै उर्जा सुविधा सबै विद्यालयसम्म पुऱ्याउने | २,००,००,००० | निजी क्षेत्र<br><br>सामाजिक उत्तरदायित्व वहन |
| ६. सुविधा सम्पन्न समावेशी भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यक्रम | .विद्यालयहरुका भौतिक पूर्वाधारहरुलाई समावेशी, सुविधा सम्पन्न तथा सुरक्षित बनाउने कार्यविधी र अनुदान सहयोग | १. विद्यालय भवनहरुलाइ अपाङ्ग मैत्री बनाउने<br>२. सबै विद्यालयहरुमा छात्र तथा छात्रामैत्री शौचालय, सफा पिउने पानी, फोहर संकलन स्थल/विन, पुस्तकालय, प्रयोगशाला, खेलकुद परिसर, साइकल स्टेण्ड, चमेना गृह, सिकाई केन्द्र, वगैंचा निर्माण गर्ने | १. २०७९ सम्ममा सबै विद्यालयहरुका छात्र, छात्रा शौचालय, सफा पिउने पानी, फोहर संकलन स्थल/विन, पुस्तकालय, प्रयोगशाला, खेलकुद परिसर, साईकल स्टेण्ड, चमेना गृह, सिकाई वगैंचा निर्माण गर्न सफल र प्रयोग एवं प्रविधिमैत्री सौन्दर्यप्रति अनुरागी भएका हुनेछन । | ६,००,००,००० | गैसस, सामुदायिक वन, उपभोक्ता समूह, समिति र सहकारी संस्थाहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. प्राविधीक शिक्षाको मुलप्रवाहीकरण | समुदायमा आधारित संस्थाहरुसँग सहकार्य गरेर जीवन उपयोगी, सिपमुलक र व्यवसायीक शिक्षाको सहज उपलब्धता | कृषि, वन, चिकित्सा, ईन्जिनियरीगं, पर्यटन, खाद्य प्रवीधि, आईसीटि, उद्यमशीलता जस्ता विषयमा प्राविधिक शिक्षा सञ्चालन गर्ने (सहकारी, पब्लीक कम्पनि) (२ वटा मौज्दात र थप ४ वटा थप गरी जम्मा ६ वटा) | १. २०७९ २०८० सम्ममा कम्तीमा पनि उल्लेखीत विषयमा एक प्राविधिक विद्यालय सञ्चालन गर्ने | १,००,००,००० | सामुदायिक विद्यालयलाई स्तरोन्नति गर्ने |
| ८.प्रशिक्षार्थी कामदार (OJT तालिम) | सेवा प्रदायक संघ संस्थाहरुसँग समन्वय गरी प्रशिक्षार्थी कामदार पठाउने वातावरण निर्माण गर्ने | सीपमुलक (प्राविधिक) साक्षरता प्राप्त सहभागीलाई (प्राविधिक विषयमा वर्षमा १० जना) | | ५०,००,००० | गैसस, शिक्षण संस्था, सहकारी, बैङ्क, मध्यवर्ति उपभोक्ता समिति, मध्यवर्ति क्षेत्र व्यवस्थापन समिति, राष्ट्रिय निकुञ्ज, वन कार्यालय |
| ९. उच्च शिक्षाको सहज उपलब्धता | समुदायसँग सहकार्य गरी नगरपालिकामा गुणस्तरीय शैक्षिक संस्था मार्फत उच्च शिक्षा सहज उपलब्धता गराउने | प्राविधिक तथा प्राज्ञिक सैद्धान्तिक मान्य विषयमा स्नातक तथा स्नातकोत्तर क्याम्पस सञ्चालन गर्ने | १. २०७९/२०८० सम्ममा कम्तीमा प्राविधीक विद्यालयमा एक स्नातक र सैद्धान्तिक विषयमा एक स्नातकोत्तर क्याम्पसको स्थापना गर्ने | १,००,००,००० | विद्यालयलाई स्तरोन्नति गर्ने र हाल भएका क्याम्पसको व्यवस्थापकिय सुधार र विषयगत पुर्नसंयोजन गरी प्राविधिक तथा तालिम प्रदायक बनाउने। |
| १०. विद्यालयहरुमा हरित क्लवको विकास | प्रत्येक स्कुलमा हरित क्लवको गठन तथा प्रवर्धन | १. क्लव गठन<br>२. नर्सरी स्थापना<br>३. विद्यालय परिसरमा वृक्षारोण | सबै विद्यालयमा हरित क्लव स्थापना गर्ने | १६,००,००० | विद्यालयसंग सहकार्य गर्ने, विद्यालय वातावरण संरक्षण संजाल, गैसस, मध्यवर्ति काउन्सिल |
| ११. मातृ भाषामा शिक्षा | आधारभूत विद्यालयको प्राथमिक तहमा मातृभाषामा शिक्षा उपलब्ध गराउने | १. वार्ड नं.५ को तकिया, ढुंग्रहवा, बेतहनीमा मातृभाषामा कक्षा सञ्चालन शुरु गर्ने | प्रावि सम्म मातृभाषामा शिक्षा उपलब्ध गराउने | १०,००,००० | थारु सामुदायिक विकास मञ्च, सामुदायिक विकास संगठन, गैसस |
| १२.समावेशी शिक्षा | फरक क्षमता भएका विद्यार्थीहरुको शिक्षामा सहभागिता सुनिश्चितता गर्ने | १. अपाङ्ग विद्यार्थीहरुको लागत संकलन गर्ने<br>२. अवस्था अनुसारका शैक्षिक सामाग्रीहरु व्यवस्थापन गर्ने<br>३. विद्यार्थीहरुलाई उत्प्रेरित गर्न सेवा तथा सहुलियत उपलब्ध गराउने<br>४. सिकाइ केन्द्रको स्थापना<br>५.अपाङ्ग विद्यार्थीलाई कक्षामा व्यवस्थापन गर्ने।<br>६.समाहित शिक्षा कक्षा सिकई व्यवस्थापन गर्ने। | १. सबै विद्यार्थीहरुलाई शिक्षामा सुनिश्चित गर्ने | १०,००,००० | विद्यालयहरुसँग सहकार्य राष्ट्रिय अपाङ्ग महासँघ, महिला तथा वालवालिका शाखा सरकारी तथा गैरसकारी संघसंस्था |
| | | | | २१,८१,००,००० | |

## ५.२. **स्वास्थ्य, पोषण र सरसफाइ**

### दुरदृष्टि

"स्वस्थ, समृद्ध र सुरक्षित नागरिक नगरपालिकाको प्रतिवद्धता,
नागरिक कै घरदैलोमा स्वास्थ्य सेवाको सहज उपलब्धता"

### लक्ष्य तथा उद्देश्य

नगर भित्रका सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाहरु शुलभ तथा निशुल्क रुपमा उपलब्ध गराउन निम्नलिखित उद्देश्यहरु निर्धारण गरिएको छन्:

१. आर्थिक रुपमा विपन्न, सामाजिक रुपमा पछाडी पारिएका, वालवालिकाहरु, ज्येष्ठ नागरिकहरु, अपाङ्ग, असहाय नागरिकहरुलाई निशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने ।

२. नगरपालिकामा स्वास्थ्य आचरण व्यवहार र आनीबानी विकास गर्न स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने

३. नगर भित्र स्वस्थ जनशक्ति तयार गर्न, पोषणयुक्त खाना, रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि र व्यक्तिगत, पारिवारिक तथा सामुदायिक सरसफाइलाई प्रवर्धन गर्ने ।

४. स्वास्थ्य नीति, नियम र मापदण्ड निर्माण गरी नगरपालिका भित्र सुलभ र गुणस्तरीय स्वास्थ सेवा सुनिश्चित गर्ने ।

५. व्यक्तिगत, पारिवारिक तथा सामुदायिक सरसफाईका कार्यक्रमहरु सञ्चालन गर्ने ।

६. समुदाय स्तर र विद्यालय स्तरमा वृहत स्वास्थ्य जनचेतना अभियान सञ्चालन गर्ने ।

७. मानव पूँजी निर्माणको लागि सुनौलो हजार दिनमा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।

८. लागु पदार्थ तथा दुरव्यसनी सम्बन्धी जनचेतना अभियान सञ्चालन गर्ने ।

९. वैकल्पिक स्वास्थ्य विधिहरुलाई प्रोत्साहन र लागु गर्दै जाने ।

### नीति तथा कार्यक्रम :

१. मातृ शिशु सुरक्षा कार्यक्रम ।

२. परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापन ।

३. वंशाणुगत संक्रमणित रोग एवं सरुवा तथा महामारीहरुको रोकथाम एवं सुरक्षा ।

४. युवा प्रजनन् स्वास्थ्य प्रवर्द्धन ।

५. लैंगिक हिंसाको उन्मुलन तथा हिंसा पीडितहरुको लागि स्वास्थ्य सेवा ।

६. नगरपालिका भित्र मदिरा तथा सुर्तिजन्य पदार्थको बेचविखन तथा उपभोग नियमन गर्ने ।

७. स्वास्थ्यलाई फाइदा नगर्ने तयारी खाद्य पदार्थहरु सुर्ति, मदिरा जस्ता वस्तुहरुमा सार्वजनिक स्वास्थ्य कर लगाउने ।

८. औषधी तथा खाद्यवस्तुहरुको मुल्य, म्याद र गुणस्तर नियमन गर्ने ।

९. पूर्ण सरसफाइ युक्त वडा नगरपालिका घोषणा अभियान सञ्चालन गर्ने ।

१०. सबै घर परिवारमा आधारभूत स्वास्थ्यको सरल र सहज पहुचको विकास गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।

११. समुदायमा आधारित स्वास्थ्य सरोकार समूहहरु मार्फत स्वस्थ व्यवहार, दैनिक व्यायाम, औषधी, खोपहरुको प्रयोग र स्वस्थ आनीवानीहरु विकास सम्बन्धि जनचेता अभिवृद्धि गर्ने ।

१२. समुदायमा आधारित स्वास्थ्य सरोकार संस्थाहरुको गठन तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने ।

१३. स्वास्थ्य स्वंसेविकाहरुको क्षमता विकास तथा परिचालन गर्ने ।

१४. सहयोगी संस्थाहरु संग सहकार्य गर्दै आधारभूत स्वास्थ्यको सुनिश्चितता गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न व्यवस्थापन गर्ने ।

१५. नेपाल सरकारको नीति बमोजिम चिकित्सकीय सेवा उपलब्ध गराउन प्राथमिक अस्पतालको स्थापना गर्ने ।

१६. मानसिक स्वास्थ्य, दन्त सेवा र आखा उपचार सेवालाई विकास र विस्तार गर्दै लैजाने ।

१७. विद्यालय सरसफाइ प्रवर्धन तथा स्वस्थ्य शिक्षा कार्यक्रम ।

१८. विद्यालय केन्द्रित खोप कार्यक्रम, भिटामिन तथा जेकाको औषधि आइरन चक्कि वितरण कार्यक्रम ।

१९. महामारी तथा सरुवा रोग नियन्त्रण व्यवस्थापन कार्यक्रम ।

२०. छात्राहरुलाई निशुल्क सेनिटरि प्याड वितरण एवं प्रयोग सीप क्षमता विकास तालिम सञ्चालन ।

२१. रेडक्रस जस्ता मानविय संस्थाहरुसँग सहकार्य गरी विद्यालय प्राथमिक उपचार सेवा, साप्ताहिक क्लिनिक, खोप केन्द्रहरु स्थापना गरी सबै नगरवासीको सेवा सुविधामा सहज पहुँच स्थापित गर्ने ।

२२. रेडक्रस संस्थाको सहयोगमा प्राथमिक उपचारक दक्ष जनशक्ति हरेक संकट एवं विपत सम्भावना ग्रस्त समूदाय र विद्यालयहरुमा तयार गर्ने ।

२३. विपत तथा संकट र निकुञ्जका जङ्गली जनवारको आक्रमणबाट सुरक्षित हुनुपर्ने संवेदनसिल संरक्षण क्षेत्रमा आपतकालिन सेवा स्थापित गर्ने ।

**मुख्य कार्यक्रमहरु**

तालिका: ४५ स्वास्थ्य, पोषण तथा सरसफाई : मुख्य कार्यक्रमहरु:

| कार्यक्रमहरु | कार्यनीति | कृयाकलापहरु | पहिलो ५ वर्ष | पहिलो ५ वर्षका लागि अनुमानित वजेट रु. | सहकार्य |
|---|---|---|---|---|---|
| १. स्वास्थ्य विमा कार्यक्रम | १. सबै नगरवासिहरुका लागि सहज स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन अनिवार्य स्वास्थ्य विमा लागु गरिनेछ<br>२. गरीवीको रेखामुनि रहेका, फरक क्षमता भएका र असहाय नागरिकका लागि अनुदान उपलब्ध गराइनेछ । | १. अभिलेख तयार गर्ने (औषधि समेतको)<br>२. अनिवार्य स्वास्थ्य विमा गर्ने<br>३.अति विपन्न अशक्त, सिमान्कृतहरुको स्वास्थ्य विमा निशुल्क गराउने | २०७६/०७७ सम्म सबै नागरिकको विमा गरीसक्ने | ५०,००,००० | गैसस सरकारी तथा गैरसरकारी संघसंस्था |
| २. रोग अनुसन्धान तथा रोकथाम केन्द्रको स्थापना | नयाँ र विशेष प्रकारका रोगहरुको अनुसन्धान गरी रोकथामका उपायहरु अपनाइनेछ । | १. स्वास्थ्य केन्द्रमा नगरस्तरीय अनुसन्धान केन्द्रको स्थापना<br>२. सबै विद्यालयहरुमा स्वास्थ्य सूचना केन्द्रको स्थापना<br>३.सबै सस्थ्य केन्द्रहरुमा रोग पहिचान केन्द्र | १. २०७८/२०७९ सम्म अनुसन्धान केन्द्रको स्थापना<br>२. २०७८/२०७९ सम्ममा सबै विद्यालयहरुमा सूचना केन्द्रको स्थापना | २५,००,००० | गैसस |

| कार्यक्रमहरु | कार्यनीति | कृयाकलापहरु | पहिलो ५ वर्ष | पहिलो ५ वर्षका लागि अनुमानित वजेट रु. | सहकार्य |
|---|---|---|---|---|---|
| ३. पोषण तथा स्वास्थ्य जनचेतना कार्यक्रम | १. स्थानीय सामुदायिक रेडियो हरुसँग सहकार्य गरी पोषण तथा स्वास्थ्य सम्बन्धी नागरिकलाई जागृत गर्ने ।<br>२. समुदायमा आधारित स्थानीय समूहहरु मार्फत प्रचार प्रसार अभियान सञ्चालन गर्ने<br>३. विद्यालय, शिक्षक तथा विद्यार्थीहरुलाई परिचालन गर्ने<br>४. म.स्वा.से. मार्फत स्वास्थ्य आमा समूहमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. रेडियो कार्यक्रम सञ्चालन गर्ने<br>२. प्रचार प्रसार अभियान सञ्चालन गर्ने<br>३. विद्यालय तथा विद्यार्थीहरुमा सचेतना<br>४. समुदाय स्तरमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | साप्ताहिक रेडियो कार्यक्रम<br><br>प्रचार प्रसार जनचेतना अभियान<br><br>नियमित रुपमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने | १०,००,००० | गैसस र सञ्चार माध्ययम |
| ४. सुनौलो हजार दिन तथा बाल स्वास्थ्य कार्यक्रम | १. प्रत्येक बालबालीकाको स्वास्थ्य र पोषण सुनिश्चितता गरिनेछ ।<br>२. गरिबीको रेखामुनि रहेका बालबालीकाहरुको पोषण सुनिश्चित गर्ने । | १. जनचेतना कार्यक्रम<br>२. पोषण सहयोग<br>३. सुनौलो हजार दिनका आधारभूत कार्यक्रमहरु सञ्चालन गर्ने<br>४. आधारभूत खोप कार्यक्रम | १. २०७७/२०७८ सम्ममा सत प्रतिशत सुनौलो १०० दिनको सुनिश्चितता | १,००,००, ००० | गैसस |
| ५. मातृ शिशु सुरक्षा कार्यक्रम | सुरक्षित मातृत्व सेवा अन्तर्गत आमा तथा शिशुको सुरक्षित स्वास्थ्य सुनिश्चित गर्ने (४ बाट ९ वटा वडामा पुर्‍याउने) | १. सबै वडाहरुमा जन्म केन्द्रहरु स्थापना गर्ने<br>२. गर्भवती महिलाको प्रोफाइल तयार गरी निरन्तर फलोअप गर्ने<br>३. जन्म केन्द्र विस्तार (५ वटा) र सञ्चालन | २०७६/२०७७ देखि शुरु गरी निरन्तर रुपमा कार्यक्रम सञ्चालन गर्ने | ५,००,००,००० | गैसस |
| ६. रोग प्रतिरोधात्मक खोपको विस्तार | नगरपालिकालाई सतप्रतिशत रोग प्रतिरोधात्मक क्षेत्रको रुपमा विकास गर्ने | निशुल्क खोपको विस्तार गर्ने | २०७७/२०७८ सम्ममा सतप्रतिशत सेवा उपलब्ध गराउने | २५,००,००० | गैसस |
| ७. परिवार नियोजन तथा जनसङ्ख्या व्यवस्थापन | नगरपालिकाको जनसङ्ख्यालाई व्यवस्थित गर्ने र प्रजनन् योग्य उमेरमा बच्चा जन्माउन अभिप्रेरित गर्ने | १. जनचेतना<br>२. स्थायी बन्ध्याकरण<br>३. परिवार नियोजनका साधन वितरण<br>३. सुरक्षित गर्भपतन परामर्श तथा सेवा<br>४. पाठेघर र क्यान्सर सचेतना तथा जाँच क्याम्प<br>५. विद्यालयहरुमा यौन तथा प्रजनन् शिक्षा | २०७७/२०७८ देखि निरन्तर सञ्चालन | ४०,००,००० | गैसस |

| कार्यक्रमहरु | कार्यनीति | कृयाकलापहरु | पहिलो ५ वर्ष | पहिलो ५ वर्षका लागि अनुमानित वजेट रु. | सहकार्य |
|---|---|---|---|---|---|
| ८. सरुवा रोग तथा महामारी नियन्त्रण कार्यक्रम | नगरभित्रका सरुवा रोगको तथा महामारीको प्रभावलाई नियन्त्रण गर्ने | १. जनचेतना तथा महामारीको व्यवस्थापन योजना तयार | २०७७/२०७८ | ५,००,००० | गैसस |
| ९. आपतकालिन स्वास्थ्य व्यवस्थापन | सबै स्वास्थ्य केन्द्रहरुमा आपतकालिन अवस्थामा स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने क्षमताको विस्तार गर्ने | १. आपतकालिन स्वास्थ्य उपकरण र औषधीहरुको व्यवस्था<br>२. आपतकालिन उद्धार टोलीको गठन, क्षमता विकास तथा परिचालन<br>३. सर्पदन्स उपचार केन्द्रको गुणस्तरीय व्यवस्थापन र आवश्यक थप जनशक्ति व्यवस्थापन गर्ने | २०७६/२०७७ सम्ममा | २०,००,०००<br>७,००,००० | |
| १०. विपन्न नागरिक स्वास्थ्य सेवा कोष | कार्यविधि वनाएर संचालन गर्ने सबै विपन्न नागरिकहरुको स्वास्थ्य सेवाको सुनिश्चिता गर्ने<br>विपन्न नागरिक पहिचान गरी निशुल्क स्वास्थ्य विमाको व्यवस्था गर्ने। | १. विपन्न नागरिक आर्थिक सहायता कोष स्थापना र परि चालन गर्ने<br>विपन्न नागरिकको स्तरीकरण गरीपुर्ण आंशिक लागत छुट स्वास्थ्य विमा गर्ने | २०७६/२०७७ | २५,००,००० | |
| ११. वंशाणुगत तथा सरुवा रोग नियन्त्रण तथा रोकथाम | नगरभित्रका सबै नागरिकहरुका वंशाणुगत तथा सरुवा रोगहरुको न्यूनिकरण तथा अन्त गर्ने<br>निशुल्क रोग परीक्षणको व्यवस्था गरीवंशाणुगत रोगको पहिचान र अभिलेखिकरण गर्ने। | १. वंशाणुगत रोग तथा सरुवा रोगको प्रोफाइल तयार गर्ने<br>२. सबै स्वास्थ्य केन्द्रहरुमा सूचना तथा औषधिहरुको व्यवस्था गर्ने पहिचान भएका रोगीहरुमा जनचेतना अभिवृद्धि गरी दीर्घायुको लागि निशुल्क औषधि, परामर्श र वृहत जनचेतना अभियान सञ्चालन गर्ने। | २०७६/२०७७ | २०,००,००० | |
| १२. औषधी व्यवस्थापन | सहज र सुलभ रुपमा औषधी वितरणको व्यवस्था गर्ने | हरेक स्वास्थ्य चौकीमा नगरपालिकाले साझा औषधी पसलको स्थापना र संचालन | २०७६/२०७७ | २५,००,००० | |
| १३.लैगिंक हिंसा जन्य समस्याहरुको रोकथाम तथा उपचार | सबै प्रकारका लैंगिक हिंसाहरुको कारण उत्पन्न परिस्थितिको उपचार सुनिश्चित गर्ने र लैंगिक हिंसा विरुद्ध अभियान | १. जनचेतना<br>२. जगेडा औषधीको व्यवस्था गर्ने<br>३. अभियान सञ्चालन गर्ने | २०७६/२०७७ | ५,००,००० | गैसस |

| कार्यक्रमहरु | कार्यनीति | कृयाकलापहरु | पहिलो ५ वर्ष | पहिलो ५ वर्षका लागि अनुमानित वजेट रु. | सहकार्य |
|---|---|---|---|---|---|
| १४ वैकल्पिक उपचार पद्धतिको सञ्चालन र व्यवस्थापन गर्दै जाने | आयुर्वेदको बैकल्पिक उपचार पद्धतीको व्यवस्थाका लागी कार्यविधी निर्माण गर्ने | १. नगरस्तरीय बैकल्पिक उपचार पद्धती आर्युवेदको स्थापना तथा संचालन | २०७८/२०७९ | ५०,००,००० | |
| १५.सरसफाई अभियान संचालन | १. कार्यविधीको निर्माण<br>२.प्रत्येक हप्ताको एक पटक ७ देखि ९ बजे टोलमा र ९ देखि ११ बजे विद्यालयमा सरसफाइ अभियान संचालन गर्ने | १. सरसफाई अभियान | २०७८/२०७९ | १००,००,००० | |
| | | २. फोहोर संकलन (डस्ट विन - गल्ने नगल्ने) | | | |
| | | ३. फोहर सङ्कलन वा ढुवानीको व्यवस्था | | | |
| | | ४. डम्पीङ्ग साइटको व्यवस्था गर्ने | | | |
| | | ५. फोहर प्रशोधन केन्द्रको स्थापना र सञ्चालन | | | |
| | | ६. अनुगमन तथा मूल्याङ्कन तथा पुरस्कार<br>७. थ्री आर विधि प्रयोग र प्रवर्द्धधन गर्ने । (रिडक्सन, रियुज र रिसाइकिलिङ्ग) | | | |
| १६.मानसिक स्वास्थ्य सुधार कार्यक्रम | समुदायमा बढदै गएको मानसिक स्वास्थ्य समस्याको पहिचान र व्यवस्थापन गर्ने | जनचेतना विस्तार मानसिक स्वास्थ्य परामर्श विज्ञको व्यवस्था गर्ने मानसिक स्वास्थमा असर पार्ने व्यक्तिगत, पारिवारिक, आर्थिक, सामाजिक, सास्कृतिक र प्रविधि मोह प्रतिको प्रतिकुल असहजतालाई न्यूनिकरण गर्दै मानसिक स्वास्थ सम्बन्धी वृहत जनचेतना तथा परामर्श र उपचार सेवा उपलब्ध गर्दै जाने | २०७६/२०७७ | ५,००,००० | गैसस |
| १७.नगरमा आकस्मिक स्वास्थ्य सेवालाई सहज सुलभ बनाउने | समुदायमा आधारित संघ संस्थाहरुसँग सहकार्य गरेर आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउने | एम्बुलेन्स खरिद (३ वटा) | २०७६/२०७७ | ३५,००,००० | |
| १८.आगलागी नियन्त्रण | स्थानीय गाउँ घर, बजार, जंगलमा अग्नि नियन्त्रण | दमकल खरिद -एक वटा) | २०७६/२०७७ | १,००,००,००० | |

| कार्यक्रमहरु | कार्यनीति | कृयाकलापहरु | पहिलो ५ वर्ष | पहिलो ५ वर्षका लागि अनुमानित वजेट रु. | सहकार्य |
|---|---|---|---|---|---|
| १९.गुणस्तरीय स्वास्थ्य सेवा | गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चिताको लागि मदिरा बेचविखन तथा उपयोग, औषधि तथा खाद्य पदार्थ उत्पादन, विक्री, भण्डारण सम्वन्धि अनुगमन तथा नियमन | १. स्वास्थ्य नीति, नियम, मापदण्ड निर्माण तथा कार्यान्वयन<br>२. स्वास्थ्य अनुगमन उप समिति गठन तथा परिचालन | | १०,१५,००,००० | |
| २०. स्वास्थ्य शिक्षा कार्यक्रम | जनस्वास्थ्यलाई केन्द्र विन्दुमा राखेर व्यवहारीक रुपमा समुदया स्तरमा र विद्यालय स्तरमा गरीवृहत जनचेतना अभियान कार्यक्रमहरु सञ्चालन गर्ने | १. रेडियो कार्यक्रम<br>२. जनचेतना अभियानहरु<br>३.विद्यालय स्वास्थ्य कार्यक्रम<br>४. समुदाय जनचेतना अभियान | २०७६/२०७७ | १०,००,००० | |
| २१.सिकलसेल उपचार केन्द्र रक्त परीक्षण केन्द्र | उपचार सेवा, परीक्षण सेवा, परामर्श सेवा, रिफर सेवा | १. परीक्षण<br>२.उपचार परामर्श<br>३.सिफारिस रिफर | २०७७/२०७८ | ५०,००० | |
| २२. आकस्मिक स्वास्थ्य उपचार सिविर | मौसम एवं समयानुसार सिविर सञ्चालन | १.पहिचान<br>२.छनौट<br>३.सञ्चालन | २०७७/२०७८ | १,००,००० | |
| जम्मा | | | | २१,७२,००,००० | |

# ५.३. पर्यटन तथा सँस्कृति

**दुरदृष्टिः**

“मिजासिला नागरिक, सन्तुलित वातावरण, विश्वासिलो सेवा
सुसंस्कृत गाउँ शहर, प्रविधियुक्त व्यवसाय, पर्यटनमा टेवा'

**लक्ष्य तथा उद्देश्यहरु**

नगरवासीहरुमा पर्यटन व्यवसायको क्षमता अभिवृद्धि गरेर गुणस्तरीय व्यवसाय प्रवर्धन गरी देशभित्र र वाहिरका विभिन्न भागहरुसँग नगरको सम्बन्ध विस्तार गर्ने, नगरलाई पर्यटन गन्तव्यको रुपमा स्थापित गरेर रोजगार तथा आयआर्जनका अवसरहरु सिर्जना गर्न निम्न लिखित उद्देश्यहरु निर्धारण गरिएको छ :

१. नगरलाई एक सुरक्षित र आकर्षक पर्यटन गन्तव्य स्थलको रुपमा स्थापित गर्ने ।
२. स्थानीय संस्कृति, प्रकृति र प्रविधिको समिश्रण गरेर गुणस्तरीय पर्यटन प्रवर्धन गर्ने ।
३. नगरमा पर्यटन संस्कृतिको विकास गर्न नागरिकको क्षमता अभिवृद्धि गरी पर्यटन व्यवसायतर्फ आकर्षीत गर्ने ।
४. पर्यटन र कृषि उत्पादनको सम्बन्ध स्थापित गरी पर्यटकका लागि कृषि उत्पादनको आधार प्याकेजहरु मार्फत आय आर्जनमा टेवा पुऱ्याउने ।
५. स्थानीय सरकार, सँस्कृति र पर्यटनलाई होम स्टे मार्फत अन्तर सम्बन्धित बनाउने ।

**नीति तथा कार्यक्रम**

१. गुणस्तरीय, विश्वासिलो र गुणात्मक पर्यटन व्यवसाय प्रवर्धन गर्न दक्ष जनशक्तिको विकास गर्ने

२. सेवाको गुणस्तरको सुनिश्चितताको लागि पर्यटन व्यवसाय मापदण्ड विकास गरेर लागु गर्ने

३. पर्यटकको सुरक्षाका लागि सूचना र उद्धार संयन्त्रको विकास गर्ने

४. स्थानीय संस्कृतिको प्रवर्धन गर्दै पर्यापर्यटनको प्रवर्धन गर्ने

५. होम स्टे सञ्चालन र व्यवस्थापनलाई अभिप्रेरित गर्ने

६. नगरपालिका कृषि उद्योगमा परम्परागत प्रविधि र सँस्कृति एवं प्रकृति र पर्यटनलाई अन्तर सम्बन्धित वनाई दिगो पर्यटन विकासका कार्य गर्ने ।

## मुख्य कार्यक्रमहरुः

तालिकाः ४६ पर्यटन तथा सँस्कृति : मुख्य कार्यक्रमहरुः

| कार्यक्रमहरु | कार्यनीति | क्रियाकलापहरु | पहिलो ५ वर्ष | अनुमानित बजेट रु. | सहकार्य |
|---|---|---|---|---|---|
| १. नगरको पर्यटन नीति तयार गर्ने | दीर्घकालीन र गुणस्तरीय पर्यटन विकासको लागि रणनीति तयार गर्ने | १. पर्यटन विकासको लागी आधारभूत सूचनाहरु संकलन | २०७६/२०७७ | ५,००,००० | नेपाल पर्यटन वोर्ड |
| २. नगरपालिका स्तरीय पर्यटक सूचना केन्द्रको स्थापना | नगरभित्रका पर्यटन केन्द्रहरुका बारेमासूचना उपलब्ध गराएर सूचनाको बारेमाजानकारी गराउने | १. सूचना संकलन र जानकारी तयारी<br>२. चारवटा स्थानमा पर्यटन सूचना केन्द्रहरु स्थापना | १. २०७६/२०७७<br>२. २०७७/२०७८ | २०,००,०००<br>१८,००,००० | नेपाल पर्यटन वोर्ड |
| ३. पर्यटन प्रवर्धन वोर्डको स्थापना | दिगो पर्यटन विकासको लागि नगरपालिकामा पर्यटन प्रवर्धन वोर्डको स्थापना गर्ने र नेपाल पर्यटन वोर्डसँग समन्वय गर्ने | १. पर्यटन प्रवर्धन वोर्डको स्थापना गर्ने<br>२. वोर्डको कार्ययोजना बनाएर कार्यान्वयन गर्ने | १. २०७६/२०७७ | १०,००,००० | नेपाल पर्यटन वोर्ड |
| ४. गुणस्तरीय पर्यटन व्यवसायको लागि क्षमता अभिवृद्धि कार्यक्रम | गुणस्तरीय पर्यटन व्यवसायको लागि पर्यटन व्यवसायीहरुको क्षमता अभिवृद्धि गरी पर्यटन संस्कृतिको विकास गर्ने | १. पर्यटन व्यवसायीहरुको सूचि तयार गर्ने ।<br>२. पर्यटन व्यवसायीको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | १. २०७६/२०७७ | २५,००,००० | नेपाल पर्यटन वोर्ड |
| ५. होम स्टे सञ्चालन प्रवर्धन | स्थानीय नागरिकको आयआर्जन वृद्धि गर्न र संस्कृतिको प्रवर्धन गर्न होम स्टे सञ्चालन प्रोत्साहित गर्ने | १. होम स्टे क्षमता अभिवृद्धि गर्ने<br>२. होम स्टेको लागि आधारभूत संरचना तयार गर्ने (५ वटा)<br>३. होम स्टेको प्रवर्धन गर्ने | १. २०७५/२०७६ | २५,००,००० | निजी क्षेत्र र नेपाल पर्यटन वोर्ड, गैसस |

| कार्यक्रमहरु | कार्यनीति | क्रियाकलापहरु | पहिलो ५ वर्ष | अनुमानित बजेट रु. | सहकार्य |
|---|---|---|---|---|---|
| ६. र्‍याफ्टींग प्रवर्धन तथा सञ्चालन | पर्यटन प्रवर्धनका विविध अवसरहरुको सदुपयोग गरेर पर्यटन विकासको आधार तयार गर्ने | १. ववइ नदीमा समुदायमा आधारित संस्थामार्फत र्‍याफ्टीङ्ग प्रवर्धन र सञ्चालन गर्ने | २०७७/२०७८ | २०,००,००० | निजी क्षेत्र र नेपाल पर्यटन वोर्ड |
| ७.संङ्ग्रहालयको स्थापना तथा सवलिकरण | समुदायमा आधारित संङ्ग्रहालयको प्रवर्धन | १. थारु संङ्ग्रहालय सवलिकरण गर्ने<br>२. थारु र पहाडी समुदायका मिश्रीत संङ्ग्रहालयको स्थापना तथा सवलीकरण | २०७७/२०७८ | ५०,००,००० | युनेस्को, निजी क्षेत्र र नेपाल पर्यटन वोर्ड |
| ८. पर्यटक सुरक्षा | नगरभित्र आउने सबै पर्यटकहरुको सुरक्षाको प्रत्याभुति गराउने | १. पर्यटन सुरक्षा स्वयंसेवी दलको गठन तथा परिचालन<br>२. प्राथामिक उपचार केन्द्रको स्थापना (४ ठाउँमा) | २०७७/२०७८ | २७,००,००० | |
| १०. सुविधा सम्पन्न पर्यटन क्षेत्र | पर्यटक क्षेत्रहरुलाइ सुविधा सम्पन्न बनाउन सूचना तथा प्रविधी सेवा उपलब्ध गराउने र पर्यटक क्षेत्रहरुलाई प्लाष्टिक क्षेत्र निषेधित घोषणा गर्ने । | १. सबै सार्वजानीक क्षेत्रहरुमा पर्यटकहरुका लागि इन्टरनेट सुविधा उपलब्ध गराउने<br>२. सबै पर्यटक क्षेत्रहरुमा शौचालय, स्नान केन्द्र, विश्राम स्थल, स्वस्थ पिउने पानीको व्यवस्था, प्राथमिक उपचारको, एटिएम व्यवस्था गर्ने, उद्यान विकास गर्ने | २०७७/२०७८ | ५०,००,००० | एनटिवी, गैसस |
| पयर्टन पथ मार्ग (टेकिंग रुट)को स्थापन र सञ्चालन | सामुदायिका वनहरु जोडेर पर्यटन पथ निर्माण गर्ने । | वडा नं १ देखि ९ सम्म पदमार्गको निर्माण गरी सबै वडालाइ जोडने | २०७७/२०७८ | २५,००,००० | |
| प्रचार प्रसार | नगरपालिकालाई पर्यटन गन्तव्यको रुपमा विकास गर्न सरोकारवालाहरुसँग सहकार्य गरेर प्रचार प्रसार गर्ने | मुख्य स्थलमा डिस्प्ले तथा सार्वजनिक स्थाल र मुख्य वाटोमा होडिंगवोर्ड | २०७७/२०७८ | २५,००,००० | एनटिवी, निजी क्षेत्र, सञ्चार माध्यम |
| ठाकुरबाबामन्दिर लगायत अन्य धार्मिक सम्पदाहरु (चर्च, गुम्वा, मस्जिद) आदिको संरक्षण तथा सम्वर्धन | स्थानीय जनसमुदायमा आधारित संस्थाहरुको सहकार्यमा मन्दिर लगायत अन्य धार्मिक सम्पदाहरु (चर्च, गुम्वा, मस्जिद) आदिको संरक्षण तथा सम्वर्धन गर्ने । | १. नगरपालिका भित्रका धार्मिक सम्पदाहरुको पहिचान गर्ने<br>२. कुन कुन सम्पदामा के के काम गर्ने निक्यौल गरी कार्य योजना बनाउने | २०७७/२०७८ | ५,००,००,००० | |

| कार्यक्रमहरु | कार्यनीति | क्रियाकलापहरु | पहिलो ५ वर्ष | अनुमानित बजेट रु. | सहकार्य |
|---|---|---|---|---|---|
| पर्यटन विकास प्रवर्धन सम्वन्धि जनचेतना र विद्यालय शिक्षा कार्यक्रमसँग जोडने | तालिम गोष्ठि अन्तरक्रिया सञ्चालन गर्ने | सरकारि तथा गैर सरकारि संघसंस्था र विद्यालयलाई परिचालन गर्ने | २०७८/२०७९ | ५,००,००० | |
| परम्परागत स्थानीय प्रविधि ढीकि, जातो, कोल,लडिया,लहडु, हलो, जुवा, पंखा, ढक्कि, नाङ्लो, डेहर, छत्री, वल्छी, जाल, खराउ, विडा, मचिया, खटिया, भरुवा, थैली, भौका, आरन, कुवा, हातेकल, तुम्वा, झाला, परम्परागत गहनालाई पर्यटकका लागि उपहार तथा अध्यायन वा सिपसँग जोडने | तालिम गोष्ठि अन्तरक्रिया सञ्चालन गर्ने<br>परम्परागत सामग्रि उतपादन गर्न प्रोत्साहन र सहयोग गर्ने<br>वृहत प्रदर्शनी स्थल निर्माण गर्ने | सरकारि तथा गैर सरकारि संघसंस्था र विद्यालयलाई परिचालन गर्ने | २०७९/२०८० | ५,००,००,००० | |
| | | | | १३,५०,००,००० | |

# ५.४. कृषि, पशु, सहकारी तथा बजार व्यवस्थापन

**दुरदृष्टिः**

"दक्ष किसान, सेवा केन्द्रमा पहुँच, आधुनिक प्रविधि,
उत्पादन वृद्धि, सहकारी बजारीकरण कृषि समृद्धि"

## लक्ष्य तथा उद्देश्यहरु

किसानको दक्षता र जमिनको उत्पादकत्व वृद्धि गरी प्रति इकाई क्षेत्रफलमा अधिकतम उत्पादन गरी उद्यम विकास गरेर रोजगारी सिर्जना तथा उच्च आय आर्जन गर्ने ।

१. किसानको कृषि उत्पादन, उद्यम तथा बजारीकरण सम्वन्धी दक्षता वृद्धि गरी सबै किसानलाई व्यवसायिक किसानको रुपमा दक्ष बनाउने ।

२. जमिनको उत्पादकत्व वृद्धि गर्न प्राङ्गरीक मल तथा जैविक वस्तुहरुको प्रयोग गर्न प्रोत्साहित गर्ने ।

३. समुदायमा आधारित संस्था, सहकारी तथा पब्लिक कम्पनीहरु मार्फत कृषिमा आधारित उद्यमशीलताको विकास गरेर रोजगारीका अवसरहरु सिर्जना गर्ने र आम्दानी वृद्धि गर्ने ।

५. पशुपंक्षी तथा मत्स्यपालन विकास गर्ने ।

६. कृषि तथा पशु हाट बजार विस्तार गर्ने ।

७. कृषि बिमा सबैको पहुँचमा पुऱ्याउने ।

८. चक्लावन्दि सामुदायिक खेति प्रणालि विकास गर्ने ।

९. तरकारी तथा नगदेवालीमा किसानको सहभागिता वृद्धि गर्ने ।

१०. मत्यपालन पकेट क्षेत्र निर्धारण गरी विकास गर्ने ।

११. कुखुरा, च्याखुरा, अष्ट्रिज, वट्टाइ, टर्कि, हाँस जस्ता पक्षी पालन व्यवसायको विकास गर्ने

## नीति तथा कार्यक्रम

१. नगरको कृषि नीति तयार गरी लागु गर्ने

२. कृषकको उत्पादन तथा व्यवसायिक क्षमता वृद्धि गर्ने

३. सिँचाई सुविधा, कृषि सेवा केन्द्र र सूचना केन्द्रहरुको विस्तार गर्ने र प्रत्येक परिवारको पहुँचमा पुऱ्याउने ।

४. जलवायु परिवर्तन अनुकुलन र विपद जोखिम न्यूनिकरण क्षमता अभिवृद्धि गर्ने

५. कृषि उत्पादन, उद्यमशीलता तथा बजारीकरणको लागि संस्थागत संरचना स्थापना गरी विकास गर्ने

६. कृषकलाई नयाँ बाली र प्रविधि तर्फ आकर्षित गर्न सिकाइ केन्द्र तथा कृषि प्रदर्शनस्थलहरु विकास तथा सहकारी खेतीलाई प्रवर्धन गर्ने ।

७. कृषिमा रसायनिक मल तथा हानीकारक विषादीहरुको प्रयोगलाई कम गर्दै प्राङ्गारिक तथा जैविक खेती प्रवर्धन गर्ने ।

८. किसानलाई उच्च मुल्य प्रजातिका नगदेवाली, पशुपंक्षी तथा मत्स्यपालन खेती गर्न प्रोत्साहन गर्ने

९. नगरपालिकालाई आगामि २० वर्षमा भित्र जुनेटीक तथा जनस्वास्थ संग सबन्धित रोगहरुको नियन्त्रण गर्दै रेबिज रोग मुक्त नगरपालिका बनाँउने ।

१०. स्थानीय उन्नत नस्लका जातका पशुबस्तुको अनुवंशिक स्रोत संरक्षण गर्ने ।

११. पशु हाटबजार सञ्चालन तथा बिस्तार गर्ने ।

१२. भेटेरीनरी प्रयोगशाला स्थापना गर्ने ।

१३. गौशाला सुदृढीकरण तथा आधुनिक गौशाला स्थापना गर्ने ।

१४. चिलिङ सेन्टर स्थापना गर्ने ।

१५. दुग्ध प्रसोधन उद्योग स्थापना गर्ने

## मुख्य कार्यक्रमहरु:

| तालिका ४७: कृषि, पशु, सहकारिता तथा बजार व्यवस्थापन : मुख्य कार्यक्रमहरु | | | | | |
|---|---|---|---|---|---|
| कार्यक्रमहरु | कार्यनीति | क्रियाकलापहरु | पहिलो ५ वर्ष | अनुमानित वजेट रु. | सहकार्य |
| १. व्यवसायिक कृषि योजना निर्माण | किसानको क्षमता अभिवृद्धि गरी व्यवसायिक क्षमता अभिवृद्धि गर्ने । | १. सबै कृषकहरुलाई व्यवसायिक योजना निर्माण गर्न सहजीकरण गर्ने ।<br>२. सबै किसानहरुको वाली चक्र योजना निर्माण गर्न सहजीकरण गर्ने<br>२. सबै जमिनमा उत्पादन भइरहेको र संभावित उत्पादन वालीको बारेमा अभिलेखीकरण गर्ने | २०७६/२०७७ | २५,००,००० | |
| २. जमिनको संरक्षण | नगरभित्रको सबै प्रकारको जमिनको संरक्षण गरी उत्पादकत्व वृद्धि गर्ने | १. कृषि जमिनको अभिलेखीकरण गर्ने<br>२ भुक्षय तथा वाढी ग्रस्त क्षेत्रको पहिचान गरी संरक्षण तथा पुनरुत्थानका क्रियाकलापहरु सञ्चालन गर्ने | २०७६/२०७७ | १,००,००,००० | गैसस |
| ३. वन्यजन्तुवाट हुने क्षतीको न्यूनिकरण | वन्यजन्तुको अतिक्रमणवाट वाली नाली र जनधनको संरक्षण गर्ने | १. वन्य जन्तुले नोक्सान नगर्ने वाली विविधीकरण गर्न प्रोत्साहन गर्ने ।<br>२. सम्भावना भएका स्थानहरुमा संरक्षणको लागि भौतिक छेकवार निर्माण गर्ने | २०७६/२०७७ | ५०,००,००० | निकुञ्ज, राष्टिय प्रकृति संरक्षण कोष र गैसस |
| ४. कृषि आपूर्ति केन्द्र र सूचना केन्द्रहरुको स्थापना | किसानको लागि आवश्यक पर्ने सूचना तथा सामग्री र प्राविधिक सेवाहरुको आपूर्ति गर्ने | १.कषि सूचना केन्द्रको स्थापना<br>२. बजार केन्द्रहरुको स्थापना<br>३. कृषि आपूर्ति केन्द्रहरुको स्थापना गर्ने | २०७६/२०७७ | १,००,००,००० | |
| ५.कृषि वन प्रणालीको विस्तार | कृषि वन उत्पादकत्व वृद्धि गर्नको लागि कृषि वन प्रविधि तथा खेती विविधीकरण गर्न प्रोत्साहीत तथा अनुदान गर्ने । | १. कृषि वन नर्सरीको स्थापना<br>२. कृषि वन प्रविधिको प्रदर्शन स्थल स्थापना (कृषक पाठशाला मार्फत)<br>३. कृषि वन प्रविधिमा कृषकहरुको क्षमता अभिवृद्धि | २०७६/२०७७ | ५०,००,००० | गैसस |
| ६. उच्च मुल्य प्रजातिको खेती प्रणालीको विस्तार | नगरपालिकामा हुन सक्ने उच्च मुल्यका खेती वालीहरुको पहिचान गरी खेती गर्न अभिप्रेरित तथा अनुदान | १. संभावित उच्च मुल्य प्रजातीका वालिहरु पहिचान गर्ने<br>२. कृषकहरुको क्षमता अभिवृद्धि गर्ने र उच्च मुल्य प्रजातीका वालीहरु उत्पादन गर्ने | २२०७६/२०७७ | १०,००,००० | गैसस |
| ७. सहकारी खेतीको प्रवर्धन | सहकारी खेतीका लागि सम्भावित प्रदर्शन स्थलको पहिचान तथा अनुदान | १. सहकारी खेती प्रदर्शनका लागि सम्भावित सहकारी तथा स्थलको छनौट<br>३. नगदेवाली प्रवर्धन व्यवसायिक योजना निर्माण तथा कार्यान्वयन | २०७६/२०७७ | १,००,००,००० | गैसस |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ प्रविधि विकास र विस्तार | विज्ञहरुको परामर्शमा उच्च मुल्यका वाली प्रवर्धनको लागि नगरपालिकाको जवलायु र भुवनौटको आधारमा परिक्षण (कृषक पाठशालासँगै जोड्ने) | १. प्रत्येक वार्डमा कृषि एवम जडीवुटी खेती प्रदर्शन स्थलहरुको निर्माण गर्ने<br>२. नयाँ र उच्चमुल्य वाली प्रजातीहरु प्रवर्धन गर्ने | २०७६ देखि २०९४ सम्म | ५०,००,००० | गैसस सहकारी संघसंस्थाहरु |
| ९. प्राङ्गारिक मल उद्योग | नगरलाई प्राङ्गारिक खेती क्षेत्रको रुपमा विकास गर्न समुदायमा आधारित संस्थाहरु मार्फत प्राङ्गरिक मल उद्योग स्थापना गर्ने | १. प्राङ्गारिक मल उत्पादन उद्योग स्थापना र सञ्चालन गर्ने<br>२. प्राङ्गरिक मल वितरण केन्द्र स्थापना र सञ्चालन गर्ने | २०७६ देखि २०९४ | ५०,००,००० | संघीय, प्रदेश सरकार |
| १०. कृषि विकासका लागि भौतिक पूर्वाधार संरचनाको विकास | समुदायमा आधारित संस्थाहरु मार्फत कृषि उत्पादनको लागि चाहिने भौतिक पूर्वाधारहरु सिँचाई, प्रदर्शन केन्द्र आदि स्थापनाको लागि सहजीकरण गर्ने | १. कृषियोग्य जमिनमा सिँचाई उपलब्ध गराउने<br>२. ड्राई तथा कोल्ड स्टोरको स्थापना र सञ्चालन<br>३. विउ भण्डारण केन्द्रको स्थापना तथा प्रवर्धन | २०७६ देखि २०८० | २,००,००,००० | निजी क्षेत्र र सहकारी |
| ११. आत्मनिर्भर तरकारी खेती | तरकारीमा आत्मनिर्भर हुन र पोषण आपूर्तिको लागि करेसावारी विकास कार्यक्रम सञ्चालन गर्ने | १. तरकारी खेतीको लागि कृषकहरुको क्षमता अभिवृद्धि<br>२. हरेक घरमा करेसावारी अनिवार्य रुपमा स्थापना | २०७५ देखि | ५०,००,००० | गैसस |
| १२. फलफुल विकास कार्यक्रम | १.हरेक घरलाई फलफुल खेतीमा प्रोत्साहन गर्ने व्यवसायिक फलफुल खेती प्रवर्धन गर्ने हरेक घर फलफुलका कम्तीमा ५ वटा विरुवा रोपण गर्न अभिप्रेरित गर्ने व्यवसायिक फलफुल खेती प्रवर्धनका लागि अनुदान सहयोग | २. फलफुल विरुवा उत्पादन नर्सरी स्थापना सञ्चालन<br>२. तीन कट्ठा भन्दा माथिको जग्गामा व्यवसायिक फलफुल खेती प्रवर्धन गर्ने | २०७६/२०७७ | १,००,००,००० | गैसस |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. मत्स्य विकास कार्यक्रम | मैज्दात पोखरीहरुलाई प्रवर्धन गर्ने र सम्भावित स्थानमा नयाँ पोखरी स्थापना र प्रवर्धन | १ मौजुदा सबै पोखरीहरुलाई प्रवर्धन गर्ने<br>२. वडा नं ४,५, ९ र ७ मा नयाँ पोखरी स्थापना र प्रवर्धन | २०७७/२०७८ | ७५,००,००० | |
| १४.बाली विकास (तेलहन, दलहन, खाद्य वाली) कार्यक्रम | समूहगत वा व्यक्तिगत एक विगाहा जग्गाका लागि मात्र सहयोग अर्थात अनुदान उपलब्ध गराउने | १. सिंचाईको लागी सहयोग<br>२. मेशिनरी सहयोग<br>३. कोल्डस्टोर निर्माण सहयोग<br>४. चैते धान तथा हिंउदे मकैको लागी सोलार ड्रायरको व्यवस्था तथा संचालन | २०७६/२०७७ | २,००,००,००० | ठुला सिंचाई संघीय, प्रदेश सरकार |
| १५. पशुपंक्षी विकास कार्यक्रम | व्यवसायिक पशुपंक्षी पालनलाई प्रो त्साहानका लागी अनुदान सहयोग गर्ने | १. उन्नत जातका पशुपंक्षी पालनमा सहयोग तथा अनुदान | २०७६/२०७७ | ३,००,००,००० | गैसस |
| १६. चरन क्षेत्र तथा घाँस विकास कार्यक्रम | पशुपालनको लागि घाँस रोपण तथा प्रवर्धन गर्ने विउ विरुवामा अनुदान | १. निजी जग्गामा विउ विरुवा वितरण तथा रोपण अनुदान | २०७६/२०७७ | ४०,००,००० | सामुदायिक वनसंगको साझेदारी |
| १७. कृषी सहकारीको प्रवर्धन | हरेक वडामा कम्तिमा एक वटा कृषी सहकारी स्थापना, संचालन तथा आवश्यकता अनुसार अनुदान | १. कृषि सहकारी भएको भए प्रवर्धन वा गठन गर्ने<br>२. हरेक कृषक घरलाई कृषि सहकारिमा आवद्धता गर्ने<br>३. कृषी सहकारीलाई अनुदान (सामाग्री, वीउ, कृषि औजार तथा यन्त्र, औषधी आदि) | २०७६/२०७७ | २,५०,००,००० | |
| १७ आधुनिक वधशाला | सहकारी मार्फत सुलभ र गुणस्तरको मासु उपलब्ध गराउने | १. वधशालाको स्थापना तथा सञ्चालन | २०७८/२०७९ | २०,००,००० | निजी क्षेत्र, सहकारी |
| १८. कृषि सूचना केन्द्र | कृषि सम्वन्धी जानकारीहरु उपलब्ध गराउन सञ्चार माध्यम तथा मोवाइल एप्स निर्माण गरी सञ्चालन गर्ने | मौसम, खेती समय, प्रजाती, लगाउने तरिका, रोग किरा आदिको सूचना तयार तथा स्थानिय रेडियोवाट प्रचार प्रसार नगरको कृषि एप्स संचालन गरी सूचना प्रवाह गर्ने । | २०७७/२०७८ | २५,००,००० | |
| १९. नश्ल सुधार कार्यक्रम | पशुपालन प्रवर्धन गरेर आय आर्जन तथा रोजगारी सिर्जना गर्ने | १. प्रत्येक वडामा नश्ल सुधार केन्द्रहरु स्थापना गर्ने | २०७७/२०७८ | २०,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०.कृषि सहकारीलाई कृषकको कृषि व्यवसाय प्रवर्धन योजना बनाउन लगाई व्यवसायिक यो जनामा सघाउन अभिप्रेरित गर्ने | सहकारीलाइ बिषयगत क्षेत्रमा केन्द्रित गराउने | १.सहकारीको क्षमता बिकास<br>२.कृषि सहकारी कृषका अपेक्षा अन्तर सम्वन्धित कार्यहरु गर्ने | २०७८/२०७९ | ५,००,००० | |
| २१.कृषि व्यवसायिक विषय पढाउने शिक्षालयहरुबाट नमूना कृषि खेति | सिद्धान्त ज्ञान र सीपलाई व्यवहारिकता प्रदान गर्ने | १.जग्गा जमिन लिजमा लिन उत्प्रेरणा र सहयोग<br>२.उन्नत खेति गर्न अनुदान<br>३.मल बिउको उपलब्धता | २०७८/२०७९ | २,००,००,००० | |
| २२.पशु विकास सम्वन्धि व्यवसायिक विषय पढाउने शिक्षालयहरुबाट नमूना पशुपालन व्यवसाय कार्य प्रारम्भ | सद्धान्त ज्ञान र सीपलाई व्यवहारिकता प्रदान गर्ने | १.पशुगोठ निर्माणमा सहयोग<br>२.उन्नत नश्लपशु खरिदमा सहयोग<br>३.आवश्यक औजार तथा औषधिमा सहयोग | २०७८/२०७९ | ५,००,००,००० | |
| | | | | २६,०५,००,००० | |



## ५.५. उद्योग, बाणिज्य तथा ब्यापार

**दुरदृष्टि:**

'नगरमा उद्योग, घर घरमा उत्पादन,
जनसहभागितामूलक रोजगारी र आयआर्जन'

**लक्ष्य तथा उद्देश्यहरु :**

समुदायमा आधारित संस्थाहरु मार्फत उद्योगहरुको स्थापना गरी उत्पादित वस्तुहरुको बजारीकरण गरी रोजगार तथा आय आर्जनका अवसरहरु सिर्जना गर्ने लक्ष्यहरु पुर्ति गर्न निम्न लिखित उद्देश्यहरु निर्धारण गरिएको छ ।

१. नागरिकको क्षमता अभिवृद्धि गरी उद्यम तथा व्यवसाय प्रवर्धनका लागि प्रोत्साहित गर्ने
२. स्थानीय उत्पादनमा आधारित उद्योगहरु स्थापना गर्ने
३. उद्यम विकासमा जनसहभागिताको माध्यमवाट समावेशी, समृद्ध, सदभावयुक्त समाजको निर्माण गर्ने
४. स्थानीय स्तरमा उत्पादित वस्तुहरुको भण्डारण तथा बजारीकरण प्रवर्धन गर्ने
५. कृषि जन्य साना उद्योग संचालन गर्ने (मसला, सस, आलु चिप्स)
६. बजार क्षेत्र र संख्याको निर्धारण गरी ब्यवस्थित, सफा र सुरक्षित बजारहरुको विकास गर्न
७. स्थानीय उत्पादनलाई प्राथमिता दिई बहु निकासी केन्द्रित बजार प्रकृतिको विकास गर्ने
८. उद्योग तथा बाणिज्य ब्यवस्थापन र विकासमा उद्योग बाणिज्यसँघलाई जबाफदेही र जिम्मेबार बनाउने ।

### नीति तथा कार्यक्रम

१. संभावित उद्योगहरुको पहिचान गरी उद्योग स्थापनाको लागि स्रोतहरु जुटाउन सहजीकरण गर्ने
२. उद्योगका लागि आवश्यक पर्ने कानुनी तथा आर्थिक आधारहरु तयार गर्ने
३. प्रत्येक वार्डमा समुदायमा आधारित उद्योग प्रवर्धन समितिहरु गठन गरी व्यवसायिक योजना निर्माण गर्न सहजीकरण गर्ने
४. स्थानीय कच्चा पदार्थमा आधारित कृषिजन्य तथा जडीबुटी उद्योगलाई स्थापना गर्न प्रोत्साहन गर्ने
५. पुराना ब्यापारिक केन्द्र तथा बजारहरु भूरीगाउँ, शाहीपुर, वनकट्टि, बगनाह, नेउलापुर, रानीपुर, अम्बासा, बकुवा, मढेला, खुसलपटुवा, ठाकुरद्वारालाई ब्यवस्थित, सुरक्षित व्यापारिक केन्द्रको रुपमा बिकास गर्ने ।
६. मूल्यसूचि, करमा आबद्ध, बिक्रियोग्य बस्तुको गुणस्तर जस्ता पक्ष खुलेको पारदर्शि, उद्योगी, ब्यापारि भएका नगरपालिकाको रुपमा स्थापित गर्न कार्यविधि सहितको प्रक्रिया अपनाउने ।
७. नगरस्तरीय उद्योग वाणिज्य सँघलाई उद्योग ब्यवसाय प्रवर्द्धन र ब्यवस्थापनका लागि जवाफदेही र जिम्मेवार बनाउने ।

## मुख्य कार्यक्रम:

| तालिका ४८: उद्योग, बाणिज्य तथा ब्यापार : मुख्य कार्यक्रमहरु | | | | | |
|---|---|---|---|---|---|
| कार्यक्रमहरु | कार्यनीति | क्रियाकलापहरु | पहिलो ५ वर्ष | अनुमानित वजेट रु. | सहकार्य |
| १. उद्यम विकास कार्यक्रम | १. उद्यम विकास नीति तयारी तथा कार्यान्वयन<br>२. प्रत्येक वडामा स्थानीय स्रोत र सिपमा आधारित घरेलु तथा लघु उद्यमशीलताको विकास गर्ने<br>३. घरेलु तथा लघु उद्यमको विकाससंगै मझौला तथा ठुला उद्योग तर्फ जाने | १. २७ वटा घरेलु तथा लघु उद्योगहरु स्थापना गर्ने<br>२.उद्योग नीति निर्माण गर्ने<br>३.मझौला तथा ठूला उद्योग स्थापनाका लागि लगानी भित्र्याउने | २०७६ देखि २०८० सम्म | १,००,००,००० | निजी क्षेत्र |
| २. उद्यमशीलता विकास गर्ने | नगरवासीहरुलाई उद्यमशीलता विकासको लागि दक्ष वनाई उद्यम विकासका लागि अभिप्रेरीत गर्ने | १. उद्यमविकास नीतिको निर्माण गर्ने<br>२. १००० जनालाई क्षमता अभिवृद्धि कार्यक्रम<br>३. उद्यम विकासमा अनुदान तथा सहुलियत | २०७६ देखि | १,००,००,००० | गैसस सहकारी, निजी क्षेत्र |
| ३. औद्योगिक सूचना के न्द्रहरुको स्थापना | नगरपालिकाभित्र उद्योग सञ्चालनकालागि आवश्यक पर्ने सूचनाहरु संकलन गरी वितरण गर्ने | १. तथ्यहरुको संकलन<br>२. सूचना केन्द्र स्थापना | २०७६ देखि २०७९ सम्म | २०,००,००० | उद्योग बाणिज्य संघ, निजी क्षेत्र, सहकारी, वैंक |
| ४. औद्योगिक उत्पादनहरुको प्रवर्धन | नगरपालिका भित्रका उत्पादित वस्तुहरुको प्रवर्धनको लागि बिक्री प्रदर्शन स्थलहरु स्थापना गर्ने<br>व्यवसाय दर्ता, अनुगमन तथा नियमन नीति निर्माण र कर्यान्वयन | १. चार स्थानमा प्रदर्शन स्थलहरु स्थापना गर्ने<br>२. पाँच वटा व्यवस्थित बजार विकास तथा प्रवर्धन (पूर्वाधार तथा सञ्चालन)<br>३. बजार व्यवस्थापन समिती गठन तथा परिचालन | २०७६ देखि २०७९ सम्म<br>२०७६ देखि २०७९ सम्म<br>२०७६ देखि २०७८ सम्म | २,००,००,००० | सञ्चार माध्यम, निजी क्षेत्र |
| ५. वित्तीय व्यवस्थापन | १. उद्यमविकासको लागि वित्तिय प्रवन्धको व्यवस्थापन गर्न वित्तिय संघ संस्थाहरुसँग सहकार्य गर्ने<br>२. सहकारीहरुलाई लघु उद्यममा लगानी गर्न प्रोत्साहित गर्ने<br>३. सहकारीको लगानी अनुगमन गर्ने सञ्जाल गठन गर्ने | १. नगरपालिका र वैक तथा सहकारी संस्थाहरुविच सहकार्य गर्ने सहमती गर्ने<br>२. सहकारीहरुको क्षमता विकास गर्ने<br>३. अनुगमन समितीको गठन तथा परिचालन .<br>४.सहकारीसँगको सहकार्य गर्न सबै सहकारीको छाता सँगठन, सहकारी सञ्जाल गठन गरी सञ्जालसँगको सहकार्यमा काम गर्ने | २०७६ देखि २०७७ | १०,००,००० | सहकारी, वैंक सहकारी संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| उद्यम सुरक्षा कोष | साना तथा मझौला उद्यमको विकासको लागि उद्यम विमा तथा प्रकोपबाट उद्धार गर्न कोषको व्यवस्था गर्ने | १. विमा कम्पनिसँग साझेदारी गरी लागत सहभागिताका आधारमा कार्य गर्ने | २०७६ देखि २०८० | २५,००,००० | |
| २०. कृषिउद्योग स्थापना | कृषि तथा वन र गैर काष्ठजन्य उत्पादनमा आधारित उद्योग स्थापना | सहकारी वा पब्लिक लिमिटेड कम्पनि मार्फत<br>१. कृषि उद्योग सञ्चालन गर्ने<br>२. जडीवुटी उत्पादन तथा प्रशोधन केन्द्रको स्थापना गर्ने | २०७७२०७८ | २०,००,००० | |
| | | | | ४,७५,००,००० | |

## ५.६.युवा तथा खेलकुद र सामाजिक विकास

### दुरदृष्टी

नगरभित्रका युवा तथा नगरवासीहरुको वैयक्तिक क्षमता अभिवृद्धि गरेर दक्ष र प्रतिस्पर्धी वनाई हरेक क्षेत्रमा सिर्जनशीलता विकास गरेर दक्ष र प्रतिस्पर्धी समाजको निर्माण गर्ने

### लक्ष्य तथा उद्देश्यहरु :

युवा तथा नगरवासीहरुका दैनिक जीवनमा आईपर्ने हरेक अवस्थालाई दक्षतापुर्वक सम्वोधन गर्न सक्षम वनाई विश्वबजार अनुकुल प्रतिस्पर्धि सम्मानित, जिम्मेवार र जवाफदेही समाजको निर्माण गर्ने निम्नलिखित उद्देश्यहरु रहेका छन् :

१. सबैलाई नागरिक कर्तव्य र मानवअधिकारको बारेमा जानकारी गराएर मानवअधिकार संरक्षण सुनिश्चित गरी सबै नगरवासीको आत्म सम्मान र स्वतन्त्रता सुनिश्चित गर्ने
२. नगरवासीहरुमा वैज्ञानिक दृष्टिकोणको विकास गरी अन्धविश्वास र कुरीतिमा आधारित सोंच, विश्वास र व्यवहार अन्त्य गर्ने
